साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ६६, कार्तिक-पौष २०७१

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सम्पादक**
डा. सुधन पौडेल

**सहसम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेशराज रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
राममणि दुवाडी
हरि खनाल
शिव अधिकारी
डा. घनश्याम परिश्रमी
डा. विश्वम्भरकुमार शर्मा
विजय चालिसे
पुष्करराज भट्ट

**कानुनी सल्लाहकार**
अधिवक्ता रामकृष्ण काफ्ले

**प्रतिनिधि**
राममणि पोखरेल
रमेश समर्थन
सुशील मुडभरी
डा. देवी क्षेत्री दुलाल
गोविन्द ढकाल 'ढुङ्गेली'
मिलन समीर
लीलाराज दाहाल
शेखर कार्की
प्रेम प्रभात
विवेक वाइबा
वैरागी जेठा
जनार्धन खनाल
हेमराज अधिकारी
अच्युत रिजाल
राम खनाल
पूर्ण थापा

**आवरण**
समन श्रेष्ठ

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

मूल्य : रु. २५ ।-

कार्यालय: स्वाभिमानवस्ती गढीमाइ नगरपालिका-१६, बारा, फोन नं.: ९८५५०२४९५५
काठमाडौं सम्पर्क: पो.ब.नं. ९१०९, काठमाडौं, फोन नं. : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com

## नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, धोबिघाट–ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज–पर्सा
३. रुकु कार्की, हेटौंडा–मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा–बारा
५. डा. ध्रुवकुमार घिमिरे, निजगढ–बारा
६. वीणा पोखरेल, इमाडोल–ललितपुर
७. पीताम्बरा 'पीयूष', कलङ्की–काठमाडौं
८. ललिता दोषी, बुद्धनगर–काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन–ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती–बारा
११. भद्रकुमारी घले, मैतीदेवी–काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु–काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार–धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान–धादिङ
१५. ईशा शाह, पकनाजोल–काठमाडौं
१६. भगीरथ मिश्र, दमक–झापा
१७. लक्ष्मी शर्मा, बालाजु–काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी–सुनसरी
१९. अनन्तप्रसाद वाग्ले, बासडोल–काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट–काभ्रे
२१. अर्जुन पाण्डे, जीवनपुर–धादिङ
२२. कार्तिकेय घिमिरे, हरिवन–सर्लाही
२३. पाण्डवराज कार्की, हर्नामाडी–मकवानपुर
२४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली–धादिङ
२५. गंगा कर्माचार्य पौडेल, कपन–काठमाडौं
२६. वासुदेव श्रेष्ठ, जीवनपुर–धादिङ
२७. केशव रुपाखेती, जीवनपुर–धादिङ
२८. निमायादेवी कायस्थ, बन्दीपुर–तनहुँ
२९. बाबुरामप्रसाद पौडेल, पौराइ–रौतहट
३०. तारा अनुरागी, घैलाडुबा–झापा
३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, टिटौती–अर्घाखाँची
३२. रमेशमोहन अधिकारी, चन्द्रपुर–रौतहट
३३. यशु श्रेष्ठ, चन्द्रपुर–रौतहट
३४. गणेशराज रिजाल, स्वाभिमानवस्ती–बारा
३५. विद्याप्रसाद घिमिरे, लैंनचौर–काठमाडौं
३६. बाबुराम लम्साल, किहुँ–तनहुँ
३७. प्रा.डा. कपिल लामिछाने, भैरहवा–रुपन्देही
३८. तेजप्रकाश श्रेष्ठ, थानकोट–काठमाडौं
३९. भक्त कार्की, पुलाचौर–म्याग्दी
४०. दीपबहादुर केसी, कोपवा–कपिलवस्तु

## अनुरोध/जानकारी

- भाषा, साहित्य, कला र संस्कृति क्षेत्रमा योगदान गर्नु पत्रिकाको उद्देश्य
- साहित्यका विविध विधाका रचनाहरूलाई यहाँ स्थान दिइने
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत गरिने
- शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुने
- रचनामा नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्ने
- प्रकाशनार्थ प्रेषित रचनाहरू चार अङ्कभित्र प्रकाशित नभए अन्यत्र पठाउन सकिने
- रचना स्वीकृत–अस्वीकृत तथा काँटछाँट गर्ने अधिकार सम्पादक मण्डलमा निहीत रहने ।
- अस्वीकृत रचना फिर्ता नगरिने
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुनुपर्ने
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रूपमा पठाउनु पर्ने
- र अन्त्यमा यदि हाम्रो साहित्यकर्मप्रति तपाईं आश्वस्त हुनुहुन्छ भने नवप्रज्ञापन सभाको सदस्य वा प्रतिनिधि बनेर सहभागी बन्न सक्नुहुनेछ ।

## ● सम्पादकीय

लौ है । मज्जाले सुनौं । गुनौं पनि । साँच्चै हो । धरोधर्म हजुर । ती कराइर हेछन् । उफ्रीउफ्री चिच्याइरहेछन् । देख्नु भो । सुनौं त । आइरहेछ आवाज । निरन्तर निरन्तर । धेरै भयो । आउन लागेको । नचाहेरै पनि । बाध्यता बोकेर । सुनिरहेछु उहिल्यैदेखि । हेरेर टुलुलुल्ती । अलमलिन्न परिवेश । पानाहरू पल्टाउँदै । बोकेर विवशता । दुःखाउँदै आँखा । माडेर छाति । हिंडेको कल्पना । बाँचेको अभिनय । अस्तिबाटै हिजोबाटै गरिरहेछौं हामी ।

परबाट कोही । गरिरहेछ इशारा । मानिएको छ । तिनीहरूको नजरमा । गरिरहेछौं अभिमान । हामीबाट हुने । केवल गर्ने । आत्म सन्तोष । मनको लड्डु । खाँदैछौं घिउसँग । एउटा रटना । फुलाएर घाँटी । सुकाएर छाति । फलाक्दै बारम्बार । बनेको बिगार्दै । भएको भत्काउँदै । हाँकिरहेछौं डिङ । सिङ्गो संसार । सुन्दर कल्पना । आस्था धरोहरको । विश्वास विचारको । लगाइरहेछौं आगो । रमाइर हेछौं आ-आफैं । कति समय । छैन उत्तर । होइन गन्तव्य ।

दिन जान्नेहरू । बोल्न अभ्यस्तहरू । व्यस्तछन् बाँड्न । तन दिइरहेछन् । मन दिइरहेछन् । विचार दिइरहेछन् । विश्वास दिइरहेछन् । आस्था दिइरहेछन् । भरोसा दिइरहेछन् । दिनुको मज्जा । बाँड्नुको आनन्द । अर्कै होला । कल्पनाको कावा । खाइरहेछन् मज्जाले । त्यसैले ती । मज्जाको खानी । बोकेर छातिमा । राखेर आँखामा । भेट्टाउने अभिलाषा । महत्वकाङ्क्षाका पोको । समातेर हातमा । उभिएकाछन् चौबाटोमा ।

पाइरहेछन् स्याबासी । थापिरहेछन् धोक्रो । भरिन खोज्दैछ । सन्तुष्टछन् दिनेहरू । त्यसैले दिइर हेछन् । उनीहरू थापिरहेछन् । अर्थात् हामीहरू । थापिरहेछौं साँच्चै । दिनुको मज्जा । लिनुको मज्जा । मज्जामा दुवै । आनन्दमा दुवै । सन्तोषमा दुवै । परम सन्तोष । किन दिँदैछ । केके दिँदैछ । कसरी दिँदैछ । कलाई दिँदैछ । कति दिँदैछ । जान्दैनन् उनी । मान्दैनन् उनी । भन्दैनन् उनी । केवल चाहन्छन् । लिनमात्र हो । त्यसैले चुपचाप । थापिरहेछन् धोक्रो । गरौंला छिनोफानो । त्यति छ मनमा । शान्त देखिन्छन् । चुपचाप देखिन्छन् ।

एउटा प्रश्न । जन्मन खोज्छ । सुन्दर धरती । निहाल्न चाहान्छ । आइपुग्छ घाँटीमा । त्यहीं अड्कन्छ । सक्दैन आउन । सम्पूर्ण प्रयास । खेर जान्छ । प्रयास थाक्दैन । हट्दैन पछाडि । प्रमिथसको नियति । दोहोरिन खोज्छ । धेरै प्रमिथसहरू । अनगिन्ती भिन्चीहरू । थुप्रै होमरहरू । भीम मल्लाहरू । भोगिरहेछन् सदयौंदेखि । प्रतापहरूको संसार । तापिरहेछन् घाम । उडिरहेछ वाफ । नीलो आकाश । हेरिरहेछ परिदृश्य ।

विचारको धरातल । विश्वासको परिवेश । चिन्तनको परिदृश्य । आस्थाको पर्खाल । सबैतिर छ । सबैसँग छ । यसो भनौं । धेरैसँग छ । पूर्वानुमान बोक्दै । बाँच्न सकिन्छ । पछि जन्मन्छ । सिङ्गो अनुमान । निकटस्थ सम्भावना । खोजी पस्दा । हिंड्दै जाँदा । अन्यत्र समेत । सकिन्छ पाउन । सकिन्छ भेट्न । सकिन्छ देख्न । सकिन्छ बुझ्न ।

सत्य हजुर । धरोधर्म हो । ढाँटेको छैन । किन ढाँट्नु । किन छल्नु । किन पर्गेल्नु । किन विथोल्नु । गरिएन त्यस्तो । आजका मितिसम्म । गर्दै नगरौं । भनिरहेछ मन । त्यसैको इशारा । बढ्छु अगाडि । एउटा सङ्कल्प । बोक्छ मुटु । चढ्छ उकालो । ओर्लन्छ ओरालो । हिंड्छ तेर्सो । अँह थाक्दैन । भेट्न गन्तव्य । हिंड्दै जान्छ । थकानको महसुस । गर्दैन पटक्कै । हिंडिरहन्छु निरन्तर । गर्छ सङ्कल्प । बोक्छ अठोट ।

एउटा सत्य । पूर्ण यथार्थ । निर्धक्क भएर । चिनौं आफैंलाई । जानौं आफैंलाई । बुझौं आफैंलाई । छामौं आफैंलाई । खोजौं आफैंलाई । भेटौं आफैंलाई । पाउँ आफैंलाई । हेरौं आफैंलाई । सुनौं आफैंलाई । बुझौं आफैंलाई । चिमोटौं आफैंलाई । हाँसौं आफैंलाई । रोऔं आफैंलाई । दुःखौ आफैंलाई । तर हामी । अनि इतिहास । सिङ्गो यथार्थ । जीवन वास्तविकता । सवल चिन्तन । अठोटको विचारधारा । खजमजिन खोज्दैछ । खोजिंदैछ त्यस्तो । आगो बाल्नेहरू । त्यसैमा रमाउँछन् । उनीहरूको धर्म । उनीहरूको कर्म । गर्दै जान्छन् । कर्मको अधिकार । गर्नेहरू गर्छन् । उनीहरूको धर्म । उनीहरूको कर्म । जाउन गर्दै । सकिन्न रोक्न । त्यस्तै छेक्न । छेकवार लगाउन । हुँदैन पनि ।

बलिरहेछ विश्व । जलिरहेछ संसार । डढिरहेछ इतिहास । चिच्याइरहेछ मानवता । तर हामी । केवल रमिते । हेरिरहेछौं मज्जाले । लिइरहेछौं आनन्द । घुलेर वादविवादमा । कहिले भातमा । कहिले जातमा । कहिले मातमा । पुतपुताइ रहेछौं । मुस्लिएको धुँवा । आकार विहीन । बाँचेको अभिनय । सक्रियताको अभिनय । परिवर्तनको अभिनय । भइरहेछ हिजैदेखि । प्रगतिवादी-प्रतिगामी ।

विभिन्न नाममा । बलिरहेछन् आगो । भएसम्म ताप्नेहरू । जानेछन् बल्दै । आगोको काम । बल्नु हो । ऊ बल्छ । हिजो बल्यो । आज बल्दैछ । भोलि बल्नेछ । रहेसम्म ताप्नेहरू । सदियौंसम्म बलिरहनेछ । आनन्द लिनेहरू । स्वार्थको कसौंडी । कुण्ठाको तसला । प्रतिशोधको लप्को । पकाउँदै जानेछन् । प्रकृतिको नियम । भैरहेछ पालना । न सुरक्षाकर्मी । न कर्मचारी संयन्त्र । न ढुकुटी । न अधिकारवादी । न दल । हिंडिरहेछ प्रकृति ।

# रचनाक्रम


- निर्मोही व्यास /५
- बुलु मुकारुङ /१२
- माधव काफ्ले/१५
- रामबहादुर पहाडी/१८
- नारायण क्षेत्री/१९
- राम खनाल/२१
- प्रा.डा. कपिलदेव लामिछाने/२२
- भरत भारद्वाज /२९
- प्राज्ञ डा. जगमान गुरुङ /३१
- अच्युत रिजाल/३८
- उत्तम कँडेल /३९
- शम्भुप्रसाद कुशवाहा/४३
- अप्सरा पुडासैनी/४४
- सुमन पौडेल/४५
- कलाधर काफ्ले /४६
- अजय साह/४६
- प्रमोद गिरी/४७
- कृष्णविलास पौड्याल/४८
- सरोज यादव/४९
- सुनिल कुमार /५०
- कणाद महर्षि/५१
- दीपेन्द्रसिंह थापा/५२
- भोला चौलागाईं/५२
- प्रवीण श्रेष्ठ/५३
- रमेश रसिक/५४
- हरि निरीह/५५
- दीपा राई पुन/५६
- आभाष अधिकारी/५७
- यशु श्रेष्ठ/५८
- सीताराम उप्रेती/५९
- सुमित्रा बाँस्कोटा/६१
- प्रतीक्षा रिजाल/६३
- चन्द्रप्रकाश सुवेदी/६४

# कसरातिर



● निर्मोही व्यास

दिउँसो ठीक १२ बजेको साइतमा रामपुर कृषि क्याम्पसको परिसरबाट भटटटट कसरातिर कुद्यो शारदाजीको 'बजाज एम ८० ' नाउँको वायुपङ्खी घोडा अलकत्रे चिल्लो सडकमा वैशाखे घामको झाँको झार्दै र मेरो मन-मुटुभरि वासन्ती मादकता भर्दै । 'साइत' किन भनेको भने यो अवसर सजिलै र तात्तातै जुरेको नभएर लामो समयदेखिको व्यग्र प्रतीक्षा र प्रयासपछि बल्ल हात लागेको थियो । यो मिति थियो २०५५ साल वैशाख ४ गते शुक्रबार ।

वैशाख १ गते मङ्गलबारका दिन नववर्षको उपलक्ष्यमा त्रिनेत्र प्रतिष्ठान, गैंडाकोटको परिसरमा बरपीपलको बाक्लो छहारीमुनि आयोजित साहित्यिक कार्यक्रममा भेटिएकी हँसिली, फरासिली र चौपट्टै सहयोगी स्वभावकी मेरी साहित्यिक मित्र सुश्री शारदा पौडेलको न्यानो निमन्त्रणामा आजको यस यात्राको अवसर जुरेको हो मलाई । कसरा हेर्ने मेरो रहर २०४८ सालमा ठोरी पुगेको बेलादेखिकै हो, तर त्यस ताका त त्यो सम्भव भएनभएन, त्यसको छ वर्षपछिसम्म पनि सम्भव भएन । आजभन्दा ठीक १३-१४ दिनअघि अर्थात् २०५४ सालको चैत २२/२३ गते रामनवमीको अवसरमा कसरामा विक्रमबाबाको स्थानमा लाग्ने वार्षिक मेलाको मौका पारेर मलाई आफ्नो मोटरसाइकलमा चढाई त्यहाँ घुमाउन लैजान खोज्नुभएको थियो हिक्मत थापाभाइले । तर, मलाई त्यस दिन फुर्सत नभएकोले हिक्मतभाइसितको कसरायात्राको त्यो सुनौलो मौकालाई मैले गुमाउनुपरेको थियो ।

हिक्मतजी त्यसताका टाँडीदेखि केही उत्तरतर्फ पिठुवा गाउँमा रहेको 'यमयम चाउचाउ' को कारखानामा खाद्यप्रविधिज्ञ (फुड टेक्नोलजिस्ट) र प्रबन्धक समेत हुनुहुन्थ्यो । म चाहिँ भरतपुरको सप्तगण्डकी क्याम्पस केन्द्रमा त्रि.वि.द्वारा सञ्चालित प्रमाणपत्र तह र स्नातक तहको वार्षिक परीक्षाको पर्यवेक्षणको लागि एकमहिने काजमा खटिएर कार्यरत संस्था ठाकुरराम बुहुमुखी क्याम्पस, वीरगन्जबाट चैतको १९ गते भरतपुर आइपुगेको थिएँ । र, सम्बन्धित क्याम्पस-केन्द्रका केन्द्राध्यक्ष एवं मेरा चिरपरिचित साहित्यकार मित्र हरिहर खनालको स्नेह-सौजन्यबाट ससम्मान उपलब्ध गराइएको भरतपुर-बाइपास रोडमा मालपोत कार्यालयअघिल्तिर अवस्थित आशिष गेस्ट हाउसको दोस्रो तलाको ९ नम्बर कोठामा बस्तै आएको थिएँ ।

मेरो त्यस कोठाले त्यसताका साहित्यकार-मिलनकक्षकै रूप पाएको थियो । परीक्षा परेका-परेका दिन क्याम्पसमा बिहान ७ बजेदेखि १० बजेसम्मको तीनघन्टे ड्युटीपछि अर्को परीक्षाका दिन बिहान ७ बजेसम्मका लागि मलाई पूरै फुर्सतैफुर्सत हुन्थ्यो । त्यसैले टाँडीदेखि गैंडाकोट र अझ देवघाट र बर्दघाटसम्मका मेरा कैयौं साहित्यकार र प्राध्यापक मित्रहरू मलाई भेट्न त्यहाँ दिनदिनैजसो आइरहनुहुन्थ्यो र बेलुकासम्मै हाम्रो साहित्यचर्चा र कविगोष्ठी चल्ने गर्थ्यो । मेरा ती मित्रहरू हुनुहुन्थ्यो – गोविन्दराज विनोदी, कपिल अज्ञात, निर्मला

रेग्मी, हिक्मत थापा, शारदा पौडेल, केदार खनाल, नारायण खनाल, देवीभक्त ढकाल, हरिहर खनाल, सागर शर्मा (शिवदत्त ढकाल), लक्ष्मी श्रेष्ठ, घनश्याम न्यौपाने 'परिश्रमी' र विष्णुप्रसाद सापकोटा । त्यस्तै कुनै दिन उहाँहरूमध्ये कसैको हार्दिक निमन्त्रणमा म पनि उहाँहरूको गाउँघर चहार्न पुग्थेँ र उतै रात पनि बिताइदिन्थेँ । मैले त्यस्तो रातै बिताउने घर/डेरा चाहिँ हुन्थ्यो प्रायः कपिल-निर्मला, विनोदी, देवी ढकाल र हिक्मत थापाको ।

यस सत्रदिने अवधिमा कहिले हिक्मत थापा, गोविन्दराज विनोदी, शारदा पौडेल, केदार खनाल, नारायण खनाल र देवी ढकाललगायतका अनेक स्नेही मित्रहरूको सौजन्यमा पालैपालो उहाँहरूकै मोटरसाइकलमा सबार भएर एक्लौटी पारामा त कहिले संयुक्त रूपमा पनि खूबखूब चहारेको थिएँ मैले पुलकित हुँदै पूर्वी र पश्चिमी चितवनका विभिन्न कुनाकाप्चा र छिचोलेको थिएँ सौराहादेखि बर्दहा र देवघाटदेखि गोलाघाटसम्मको नारायणी वारि-पारिको विस्तृत सेरोफेरो । मेरो मनको निर्मल आकाश सुनौला सूर्य, रुपौला चन्द्र र झिलमिली नौलाख ताराहरूको संयुक्त प्रकाशले अपूर्व रूपमा झल्मलाइरहेको हुन्थ्यो ती यात्राहरूमा । सपना हो कि बिपना ? छुट्याउनै गाह्रो पर्थ्यो मलाई । र, लाग्थ्यो– कहाँको मान्छे र कुन अवस्थाको मान्छे म आज यति बेला कताकताका मायालु मित्रहरूसित अप्रत्याशित रूपले भेटघाट, चिनजान र आत्मीयता गाँसिएर यी नयाँ ठाउँहरूमा सहयात्रा गर्दै आइपुगेँ संसारको सारा अस्तित्वलाई र स्वयं आफ्नो अस्तित्वलाई समेत चटक्कै बिर्सँदै । मेरो जीवनमा यस्तो परमानन्दको क्षण फेरि झुल्केला नझुल्केला ! त्यसैले, मेरो सुकुमार हृदय पुकारा गर्थ्यो अविदित, अद्वितीय र सर्वशक्तिमतीसित– हे देवी ! 'यदि यो बिपना हो भने अहिलेको यो क्षण ट्याप्पै यहीँ रोकियोस् मेरो जीवनभरिका लागि र यो यात्राको कहिल्यै कहीँ अन्त नै नहोस् ।'

छ महिनाअघि मात्र मेरी श्रीमती कल्पनाको देहावसान भएको थियो । म आलो शोकमा चुर्लुम्म डुबेको थिएँ र विधुर जीवनको पीडाले रन्थनिएर भोक-निद्राविहीन भएको थिएँ । एक्लोपनले सुरसा बनेर निल्न खोज्थ्यो मलाई । कतै एक्लै पर्नासाथै रुन थालिहाल्थेँ । त्यसैले घरपरिवेश र जागिरको वातावरणको एकरसताबाट केही दिन मुक्त भएर जीवन-ऊर्जा सँगाल्नका लागि नै त्रि.वि.बाट एकमहिने परीक्षा-काज मिलाएर यहाँ आएको थिएँ र यहाँ पनि एक्लै पर्दा रातदिन रोइ नै रहन्थेँ । पहिलेपहिले म आफैँलाई झर्को लाग्ने हल्लीखल्ली नै अचेल छमहिनायता मेरो निम्ति सञ्जीवनी सिद्ध हुन पुगेको थियो । मेरो व्याकुल हृदय बालकृष्ण समको रणदुल्लभ एकाङ्कीकी मल्लिका देवी भएर पोखिने गर्दथ्यो–

**"मलाई शान्ति चाहिन्न चूपचाप मसानको**
**म बोली सुन्न चाहन्छु झगडा नै भए पनि"**

त्यसो हुनाले मित्रहरूसितको मेरो यो दैनिक भेला र घुमफिर मेरो निम्ति अखण्ड ऊर्जा बनिरहेको थियो ।

ज्या, कसरा-यात्राको कुरा गर्न लागेको मान्छे, भरतपुरबसाइको कुरातिर पो अल्मलिएछु । तर, केही छैन त्यो पनि असान्दर्भिक चाहिँ होइन, किनभने त्यही साहित्यिक मित्रमिलन र घुमघामको लामो शृङ्खलाकै एउटा महत्त्वपूर्ण कडीका रूपमा त थियो कसरा राष्ट्रिय निकुञ्जको यो यात्रा पनि । र, यस यात्राले ममा थप ऊर्जा भर्दै थियो ।

परीक्षा नपरेकोले बिहान नौबजे खानपिनपछि होटेलबाट निस्केर चौबीसकोठीचोकमा गई रामपुर क्याम्पसमा जान मेघौलीको बस चढेको थिएँ । मेरी आजकी आतिथेय शारदाजी सहायक प्रशासक हुनुहुन्थ्यो त्यहाँ ।

अँ, रामपुर क्याम्पसबाट हामी चार जना निस्केका थियौँ यात्रामा र मोटरसाइकल थिए दुइवटा । एउटामा शारदाजी र म थियौँ भने अर्कोमा थिए महोत्तरी निवासी, मैथिलीभाषी, श्यामल अधबैंसे सत्यनारायण तिवारी र गोरी कल्कलाउँदी चितवने युवति बालकुमारी न्यौपाने । तिवारी र न्यौपाने दुवै जना शारदाजीका सहकर्मी मित्रहरू । अनि, बालकुमारी त अझ शारदाजीकी नाताकी बहिनी पनि । मेरा लागि भने दुवै जना नितान्त अपरिचित । तर, यसो भए तापनि झन्डैझन्डै समान स्वभावका भएकाले चिनजानसँगै हामी आपसमा नून-चिनी-पानी भइहाल्यौँ नि । बालकुमारीजी मेरै थरकी चेली भएकीले पनि मलाई त्यसरी छिटै खुल्न वा घुल्न बढी सहयोग पुगेको थियो ।

रामपुर छाडेपछि हाम्रा वाहनहरू बाटोको अवस्था र चालकको इच्छाअनुसार कहिले समानान्तरमा र कहिले अघि-पछि हुँदै हुइँकिन थाले । रामपुरपछि क्रमशः सूर्यनगर, पार्वतीपुर, जगतपुर र पटिहानी नाउँका गाउँहरू पर्दा रहेछन् त्यस बाटोमा । मलाई रमाइलो लाग्छ ती गाउँहरूको नाउँ सुनेर । अनि त झुत्ती खेल्दै एकपछि एक मेरो सम्झनामा आउन थाल्छन् र फुतुफुतु निस्कन थाल्छन् मुखबाट चितवनका अरूअरू पनि थुप्रै नगर र पुरहरू– ब्रह्मनगर, रत्ननगर, रामनगर, शिवनगर, वैदिकनगर, कैलाशनगर, पारसनगर, गीतानगर, पृथ्वीनगर, चम्पानगर, शारदानगर, दिव्यनगर, ज्योतिनगर, गुञ्जनगर, भरतपुर, कृष्णपुर, माधवपुर, पदमपुर, शरद्पुर, कल्याणपुर, नारायणपुर लक्ष्मीपुर, मङ्गलपुर, रामपुर, बखानपुर, जितपुर, सीतापुर । बाफ् रे...! भो, सम्झेर के साध्य ! चितवनमा नगर र पुरको के कमी ! त्यसो त सिङ्गो नेपाल नै बग्रेल्ती नगरैनगर र पुरैपुरले ढाकिएको छ । तैपनि गणना नै गरिहेर्ने हो भने पुर र नगर हरूको मामिलामा अरू जिल्लाको दाँजोमा फस्ट चाहिँ त चितवन जिल्ला नै पो होला कि ! त्यो सुनेर शारदाजी खितखिताउँदै छल्छलाउनुहुन्छ – "ओहो...! चितवनका कतिका गाउँ-ठाउँको नाउँ फरररै आउँदो रेछ सरलाई त ! यति त हामी चितौनेलाई पनि आउँदैन बाई ।"

बाटो कहिले मूलसडकैसडक त कहिले नहरको डिलैडिल । सूर्यनगर नाघेर पार्वतीपुरतिर अघि बढेपछि मूलसडकभन्दा नहरको डिलमाथिको बाटाको कलेवर आकर्षक लागेर हाम्रा यानहरू अब त्यही नहरको डिलैडिल कुद्न थाले । यता लागेपछि सहयात्रीहरू केही अघि भए र हामी केही पछि पर्‍यौँ । गुडानका नाउँमा उडान भरिरहेको यानको वायुवेगले गर्दा बेलाबेला बत्तिन खोज्थ्यो जम्माजम्मी ३६ किलो वजनको मेरो जिउ । सीटबाट दाहिनेतिर चिप्लिँदैचिप्लिँदै गएर पछारिन खोज्थ्यो । सम्हालिनै हम्मेहम्मे पर्थ्यो मलाई । जति नै अप्ठ्यारो परेको भए पनि चालकलाई केही नभनी आफैँ सकीनसकी कसैगरी सन्तुलन मिलाउने सफल-असफल प्रयास गर्दै गएँ म केही बेरसम्म । तर, कठै ! कतिन्जेल ? त्यस क्रममा एक ठाउँमा मेरो शारीरिक सन्तुलन नराम्ररी गडबडियो र नहरको डिलछेउमै गिर्खे बाटोमा भ्यात्तै पछारिन र लछारिन पुगेँ । दाहिनेतिर कोल्टे परेर पछारिए-लछारिएको हुँदा त्यसतर्फको केही भागमा थोरै दखल पर्‍यो । घुँडा र कुहिना केही तछारियो । तै, दुर्घटनाको पीडा त्यतिमा मात्रै सीमित रह्यो, जिउको अरू भागलाई भने केही पनि भएन । त्यसका निम्ति आफ्नो नियतिलाई लाखलाख धन्यबाद अर्पे मैले !

हरे शिव ! अब मेरो कसरा-यात्रा गन्तव्यमा पुग्दै नपुगी बीच बाटोमे यत्तिकै टुङ्गियो । साँच्चै, त्यतिमै चित्त बुझाउनुपर्ने भयो मैले । किन ? किनभने मलाई बोकेर आएको स्कुटर त उही वायुवेगमै अघिअघि उडेर मेरो आँखाबाट ओझेल भइहाल्यो नि । पछिल्तिर बसेको एउटा फिस्टे यात्री वाहनबाट बाटोमै कतै झरेर अलपत्र परेको

घटनाको त चालकलाई सुइँकोसम्म पनि भएन । आफू भुइँमा थचारिनासाथ कराएर उहाँलाई जानकारी दिन खोजेको त हो नि मैले । तर, बिचरा उहाँले त्यो सुनेको भए पो त पछाडि फर्केर हेर्नु र रोकिनु ! त्यसको भेउ नै पाउनु भएन ।

अब म रुनु न हाँस्नु भएँ । बलैले उठेर लुगा टक्टक्याई धूलो झारेँ, पसिना पुछेँ र जिउ सुम्सुम्याएँ । शरीरको दुखाइको पीडा त खासै थिएन, तर मनको दुखाइको पीडा भने पर्याप्त थियो । लामो योजना र तयारीपछि बल्लबल्ल हात लागेको र त्यतिबिधि फुर्फुरिँदै थालिएको यात्रा लक्ष्यमा पुग्नै नपाई अत्तोनपत्तोसित अचानक बिथोलियो । शारदाजी स्कुटर घुइँक्याएर कति टाढा पुगिसक्नुभयो । सूर्यनगरदेखि नै हामीभन्दा अघिअघि हुइँकिएका तिवारीजी र बालकुमारीजी त झन् कुन चाहिँ बाटो लागेर यति बेला कहाँकहाँ पुगिसक्नुभयो होला ! अब उता जानलाई मसित भने अब कुनै उपाय नै नास्ति । त्यसैले जीवन यस्तै रहेछ भनेर मैले चित्त बुझाएँ । मन मारेर भरतपुर फर्कने योजनातिर आफ्नो ध्यानलाई एकोहोऱ्याएँ । र, आफ्नो असमर्थताका निम्ति प्रिय गन्तव्यसित त्यहीँबाट मनमनै पुकारा गरेँ–'लौ कसराकी प्रकृति ! लौ विक्रम बाबा ! तिमीहरूलाई अब यहीँबाट कोटिकोटि नमस्कार ! बाँचिरहेँ भने र फेरि कुनै दिन चितवन आउन पाएँ भने त्यति बेला दर्शनका लागि जसरी पनि आउँछु ह !, आज अहिलेलाई भने यो फिस्टेको विवशता बुझेर क्षमा गर !

किन्तु, कसरातिर जानलाई जस्तै भरतपुरतिर फर्किहाल्नलाई पनि त मसँग उपाय थिएन । त्यहाँबाट सार्वजनिक सबारीसाधन सुलभ थिएन । त्यसो हुँदा निन्याउरो र एकतमासको अनुहार लिएर अघिल्तिरै हेरिरहेँ । साथी थियो टन्टलापुर घाम र खल्खली पसिना । हेर्दाहेर्दै मेरा आँखाले एउटा स्कुटर देखे आउँदै गरेको । मनमनै सोचेँ – अब यसका चालक पुरुष वा महिला जो भए पनि र अचिनारु नै भए पनि यिनै चालकलाई अनुरोध गर्छु रामपुरसम्म लगिदिन । त्यसपछि त भरतपुर पुग्न केको फिक्री ? यसरी आशावादी भएर एकटकले हेर्दै जाँदा स्कुटर क्रमशः नजिकिँदै आएपछि त्यसको चालक पुरुष नभएर महिला भएको बुझियो । अनि आँखा च्यातीच्याती अझै हेर्दै जाने क्रममा अघिल्तिर छेउमै आएर स्कुटर रोकिँदा त आहा ! काटिकुटी आफ्नै मित्र शारदाजी पो ! यो त अचम्मै भयो ! र अचम्म मात्रै पनि कहाँ र ? चमत्कारै पो भयो त !

अब हस्याडफस्याङ गर्दै उहाँले मलाई सहानुभूति र क्षमायाचनापूर्वक स्पष्टीकरण दिनुभयो – “कठै बिचरा ! मलाई माफ गर्नोस् है सर ! तपाईँ कति बेला स्कुटरबाट लड्नुभयो भन्ने नै थाहा भएन मलाई र अझै कति बेलासम्म थाहा हुने पनि थिएन । म त तपाईँसँगै एकोहोरो कुरा गर्दै आफ्नै तालमा कुदिरहेकी थिएँ । पार्वतीपुरको छेवैमा एउटा रुखको सियाँलमा बसेर थकाइ मार्दै हामीलाई कुरिरहनु भएको रहेछ तिवारी सर र बालकुमारी बैनी । म पुगेपछि उहाँहरूले एकै स्वरले 'खोइ त व्यास सर ?' भनेर सोध्नुभयो । छक्क पर्दै पछिल्तिर हेर्दा त तपाईँ साँच्चै देखिनु भएन । अनि त खङ्ग्रङ्ङै भइहाले नि म । दुब्लो-पातलो ज्यानको मान्छे, पक्कै कतै बाटोमा झर्नु भयो मलाई थाहा नै नहुने गरी र निकै चोटपटक पो लागेको छ कि भन्ने पीर र डर लागेर ।” र, त्यसपछि सहानुभूतिका साथ मलाई स्कुटरमा बसाउँदै उहाँले फेरि पनि क्षमायाचना गर्नुभयो । मैले कृतज्ञ हुँदै भनेँ “नआत्तिनोस् र यति पिरिँदा पनि नपिरिनोस् स्नेही मित्र ! यो त एउटा सामान्य संयोग मात्र हो । दुःखद तर सामान्य संयोग । आफ्नै सुरमा वायुवेगले अघि बढिरहेको चालकलाई पछिल्तिर बसेको फुकिढले ज्यानको सहयात्री मोटरसाइकलबाट अप्रत्याशित रूपमा झरेको थाहा नहुनु त एकदमै स्वाभाविक कुरा हो ।

अनि, यो तपाईँको भूल कसरी हो र ? बाँकी रह्यो मेरो चोटपटकको कुरा । बेतोडले गुडिरहेको सवारी साधनबाट मान्छे लडेपछि चोट त लाग्छ नै । त्यो पनि स्वाभाविक कुरा हो । तर, म भाग्यमानी रहेछु अलिअलि सामान्य चोट मात्र लागेको छ । म एकदम ठीक छु । बरु त्यसरी अचानक लडेपछि मैले कराउँदा पनि गाडीको आवाजका कारणले त्यो सुन्न नसकेर तपाईँ आफ्नै तालमा कुदेर आँखाबाट हराउनु भएपछि कसरा-यात्राको आफ्नो उखर्माउलो धोको आज मेटिन पाउने कुराको चाहिँ अब मैले ठ्याम्मै आशा मारिसकेको थिएँ । तर त्यति टाढा पुगिसकेर पनि यो टन्टलापुर घाममा मित्रको मायाले हस्याङफस्याङ गर्दै फर्केर आउनुभयो तपाईँ । म धेरै धेरै आभारी छु ।"

र, त्यसपछि फेरि यथावत् अघि बढ्यौँ हामी । अब भने शारदाजीले यानको गतिलाई सामान्यभन्दा बढ्नै दिनुभएन । आत्तिएर हामीलाई पर्खिरहेका तिवारीजी र बालकुमारीजी पनि अब आश्वस्त भएर समानान्तर गतिमा गुड्न थाल्नुभयो । हामीले केही बेरमा पार्वतीपुर नाघ्यौँ, जगतपुर छिचोल्यौँ र पौने २ बजे स्पर्श गर्‍यौँ पटिहानीको भूमिलाई । चितवनको पटिहानीमा आइपुग्दा मलाई महोत्तरीको मटिहानीको मीठो सम्झना भयो । दक्षिणतर्फ बग्दै थियो राप्ती नदी र त्यसको पारिकिनारबाट हामीलाई मायालुभावले नियाल्दै र निम्त्याउँदै थियो प्रख्यात र विशाल कसरा राष्ट्रिय निकुञ्ज ।

पटिहानी गाउँदेखि पश्चिमपट्टि टाँस्सिएर रहेको फराकिलो चौरभरि थुप्रैथुप्रै पातका थाल, कागतका फोहर प्लेट र प्लास्टिकका पातला झोलाहरू बिस्कुनझैँ छरिएका थिए र त्यसै गरी ठाउँठाउँमा छरिए-पोखिएका थिए अनेक चीजबीज र भोज्यपदार्थका अवशेषहरू पनि । मैले त्यो देखेर उत्सुकता पोखेँ शारदाजीसित । उहाँले बताएअनुसार –"एकसाता अघि विक्रमबाबाको थानमा लागेको वार्षिक मेला-जात्राको बजारी क्षेत्र रहेछ राप्तीको वारितीरको त्यो चौर । त्यसैले ती वस्तुहरूले मेलाको ताजाताजी विगतको सम्झना गराउँदै रहेछन् । अब हाम्रो मोटरसाइकले यात्राको अन्तिम बिसौनी पनि पटिहानी गाउँको त्यही पुछार नै रहेछ । त्यसउता राप्तीनदी डुङ्गामा तर्नुपर्ने र पारि निकुञ्जको कार्यालय र अन्य दर्शनीय स्थलहरू भएकाले वाहनहरूलाई अब त्यहीँ वारि नै थन्क्याउनुपर्ने रहेछ सरकारी नियमअनुसार ।

दुवै मोटरसाइकलहरूको उचित व्यवस्थापनपछि हामी पैदलै लाग्यौँ राप्तीको किनारतिर र पुग्यौँ डुङ्गा लाग्ने घाटमा । दुइवटा ठूल्ठूला डुङ्गा थिए वारितीरमा छेउलगाइएका । उसै गरी नजिकै नदीको बीच प्रवाहमा दुइवटा जब्बरजब्बर भाले गैँडा रमाईरमाई आहाल खेल्दै थिए । मैले जीवनमा यति नजिकबाट गैँडा देखेकै यो पहिलोचोटि थियो । यतिबेला आफ्नो छेउमै आहाल खेलिरहेको अवस्थामा तिनलाई देख्न पाएर हुनसम्म पुलकित भयो मेरा आँखा र मन । हामी देब्रेतिरको डुङ्गामा चढ्यौँ । थारू जातिका स्थानीय भुस्तिघ्रे र श्यामवर्णका माझीदाइले डुङ्गा खियाउन थाले । तीव्र वेगवती नदीका चञ्चल लहर हरूमा ढलपलढलपल गर्दै डुङ्गा लहराउन थाल्यो । र, त्यससँगै म चाहिँ सपनाको संसारमा हराउन थालेँ–

अहा...! सरल-कञ्चन प्रकृति र सदा सहयोगी प्रवृत्ति भएकी मित्र शारदाजीको सौजन्यले मैले उहाँसँग मग्मगिँदै टाँडीदेखि लिएर नारायणी वारि-पारि टाढाटाढासम्मका अनेक गाउँठाउँ त बारम्बार डुले-चहारेकै थिएँ, अब आज फेरि फुर्फुरिँदै राप्तीपारिको यो कसरा राष्ट्रिय निकुञ्जमा, यो नितान्त नौलो ठाउँमा पनि यायावरी यात्रा गर्दै आइपुगेँ म । र, अहिले डुङ्गामा चढी राप्तीगङ्गा तर्दै छु । बगिरहूँ म, बगि नै रहूँ म यसै गरी सललललल....सललललल...अबाध र अनन्त-अनन्त । पारिकिनार कहिल्यै नछोओस्

डुङ्गाले, खालि हिँडिरहोस् हिँडिरहोस् मात्र ।'
.......

तर...उफ् ! ठीक त्यतिबेलै आँखा झिमिक्क हुन नपाउँदै अचानक एउटा त्रासद प्रसङ्ग आइलाग्यो । त्यो के त भन्दा रापतीको घाटमा प्रवाहको उल्टो दिशामा पानीभित्र मजाले आहाल खेलिरहेका ती दुइवटा अजङ्गका भाले गैँडाले रौँकिँदै आएर छालमाथि छाल उठाइदिई डुङ्गै पल्टाइदिन थाले । चार दशकअघि जाउलाखेलको चिडियाखानामा टाढैबाट देखेर सुधो प्राणी ठान्दै आएको गैँडाको जातलाई यतिबेला आफ्नो छेउमै आहाल खेलिरहेको अवस्थामा देख्न पाएर एकैछिनअघि त्यसरी हुनसम्म पुलकित भएको थियो मेरो मन । तर, त्यही गैँडाको जातलाई अहिले फेरि छिनको छिनमै अचानक त्यस्तो आक्रामक र ज्यानमारा मुद्रामा देख्न-बेहोर्न पर्दा भने अब मन-मुटु र मगज नै थर्रर काँप्यो, सातोपुत्लै पो उड्यो मेरो । र, उस्तै काला-नीला भए सहयात्रीहरूका अनुहार पनि । बाबै नि !

अब मेरो सपनाको सुनौलो संसार तुरुन्ताको तुरुन्तै बिपनाको कठोर फलामे संसारमा परिणत भयो । अत्तालिएँ म सहयात्रीहरूसँगै । अब के गर्ने हँ ? कसरी ज्यान जोगाउने ? नदीको प्रवाहमा उल्टो दिशातिर हाम फाल्ने ? गैँडाहरू भने कुनकुन जुनीदेखिको साटो फेर्ने पारामा झन् झन् सुरिँदै डुङ्गासित सिँगौरी खेल्न पो तम्सिएँ । हाम्रा माझीको पनि सुद्धिबुद्धि नै हरायो एक निमेष त । तर उत्तिखेरै हाम्रो डुङ्गा र अर्को डुङ्गाका समेत सूरा र खली खाएका दुई-तीन जना माझीदाइहरूको पौरखले गर्दा तै कसैगरी गैँडाहरू लखेटिए र हाम्रो ज्यान जोगियो । सकुशल पारिकिनारमा टेकेपछि बल्ल ढुक्कको सास फेर्न पाए हाम्रा ढक्क फुलेका मुटुले र केही निमेषअघिको हाम्रो विचित्रको दशा यसरी छचल्कियो मेरो हृदयभरि–

**“राप्तीमा गैँडा चल्मल, डुङ्गा छालले ढल्पल**
**डरले मन विह्वल, आँखा आँसुले टलपल”**

त्यसपछि तारेको शुल्क दिन खोजेँ मैले माझीलाई । शारदाजीले रोक्तै भन्नुभयो – यहाँ डुङ्गामा नदी तारेको भारा माझीलाई यात्रीले दिनुपर्ने चलन छैन सर ! यी डुङ्गाहरू यात्रीहरूको सजिलोको लागि सरकारद्वारा निश्शुल्क रूपमा चलाइएका हुन् । माझीको पारिश्रमिकको व्यवस्था सरकारले नै गरेको छ ।” यात्रीहरूप्रतिको यस्तो हार्दिकतापूर्ण सहयोगी चलन रहेको थाहा पाउँदा लाग्नसम्म खुसी लाग्यो मलाई ।

अब हामी पस्यौँ निकुञ्जभित्र र सहयात्रीहरूको प्राथमिकता-सूचीअनुसार पहिले सरासर गयौँ विक्रमबाबाको थानमा । वन्यभागभित्रको सामान्य भूमिमा रहेको त्यो स्थान त मलाई खासै केही पनि लागेन तर मान्छेहरूको त्यस ठाउँप्रतिको आस्था र श्रद्धा चाहिँ निकै ठूलो लाग्यो । आखिर आस्था र श्रद्धाले नै त हो नि ढुङ्गालाई देवता बनाइदिने गरेको र निर्जन र उजाड भूमिलाई पनि धर्तीको गजुर तुल्याइदिने गरेको ।

एकसाताअघिको मेला-जात्राको अवशेष पारिपट्टि पटिहानीको चौरमा त यत्रतत्र छरिएको थियो भने यो ठाउँ त झन् मेलाको केन्द्रविन्दु नै भएकोले यहाँ त्यसको उपस्थिति अझ टड्कारो हुने नै भयो । मूल थानमा सेतो विभूतिको थुप्रो थियो । मैले अलिकति उठाएर लगाएँ आफ्नो ललाटमा । साथीहरूले जिस्किँदै भन्नुभयो –“लौ है सर ! यहाँ त जे बर मागे पनि मिलिहाल्छ, फरकै पर्दैन, त्यसैले मन लागेको कुरो मागिहाल्नोस् है ! नत्र पछि फेरि चुकचुकाउनुहोला !” त्यसपछि घुम्दै फिर्दै हामी पुग्यौ अलिक परको गोही प्रजनन केन्द्रमा ।

स्वच्छ पानीले भरिपूर्ण भएको कृत्रिम तालमा उत्पादन गरेर हुर्काइएका-पालिएका कुनै चुच्चे र कुनै बुच्चे विविध रूप-रङ्ग र आकार-प्रकारका गोही-मगरका नाना प्रजातिहरूको त्यस प्रजनन केन्द्रमा सिलिङ्गिमिलिङ् गरिरहेका

बाल अवस्थाका गोही-मगरहरूलाई देख्ता आम्मै नि ! मभित्र वात्सल्य र भयानक दुवै रसको सञ्चार एकसाथ हुन पुग्यो ।

त्यसपछि हामी निकुञ्जको अलि भित्रसम्म पसेर चहार्न थाल्यौँ केही बेर । अनि त म त्यस निकुञ्जको सीमित क्षेत्रभरि कहिले काफलचरी भएर डुलेँ, कहिले लोभ्याइला फूलका थुङ्गाहरूसँगै फुलेँ । कहिले माहुरी भएर फूल-फूलका रसमा भुलेँ, कहिले कुनै रुखको हाँगामा बसी मनको मुरली बजाएँ । अनि कहिले कोइली भएर गुन्जिएँ वनैभरि, मनैभरि । मेरो मन मेरै वशमा रहेन । सारा थकाइ बिर्साइदिए मनकै रुपौला रहरहरूले । उसै गरी वनका लहराहरूले पीङ भएर मलाई झुलाइदिए । वैशाखी सिमलुभुवाहरूले बादलु-देशमा उडाई लगे र मेरा फुलेका केशमा पालुवाहरूले रङ्ग भरिदिए ।

भौँतारिने क्रममा देखियो त्यतै नजिकै रहेछ कसरा दरबार पनि । यो दरबार पहिले तीनतले थियो रे । यसको हालको रूप भने त्यस पुरानो दरबारको भग्नावशेषको पुनर्निर्मित रूप हो रे । 'यो दरबार कसले बनाउन लगाएको हो ? यसको नाउँ 'कसरा' कसरी भयो ? र कसराको अर्थ के हो त ?' भनेर निकुञ्जका कर्मचारीसित सोध्दा उनीहरूले यसबारे केही पनि बताउन सकेनन् । यता घुम्न आउने क्रममा अस्तिका दिन प्रसङ्गवश भरतपुरको वीरेन्द्र क्याम्पस र सप्तगण्डकी क्याम्पसका नेपाली विषयका प्राध्यापक मित्र विष्णुप्रसाद सापकोटासित कुरा चल्दा उहाँले भनेका कुराको अहिले झलक्क सम्झना भयो मलाई । उहाँले बताएअनुसार 'कसरा दरबार' केसर समसेर ज.ब.रा.ले शिकार शिविरका रूपमा प्रयोग गर्नका लागि बनाउन लगाएको हो रे । स्थानीय दराई-बोटे जातिका नरनारीले तिनै 'केशर' को अपभ्रंस रूपमा उच्चारण गर्ने गरेको शब्द हो रे 'कसरा' । त्यसै अपभ्रंस शब्द 'कसरा' लाई नै दरबारको नामका साथै राष्ट्रिय निकुञ्जको नामका रूपमा पनि प्रयोग गर्न थालिएर पछि त्यही नै प्रचलित हुन पुगेको हो रे । यो उहाँले पनि कतैबाट सुनेको रे । तथ्य के हो खै कुन्नि !

अब फर्कने उपक्रममा हाम्रो टोली निकुञ्जको कार्यालयछेउ पुगेपछि त्यहीँ ढोकैनेर एक्लै ठिङ्ग उभिएको गैँडाको एउटा सानो केटोलाई देखेर त्यसमाथि उर्लिन पुग्यो निर्मोही मोहको उत्ताल छाल । लगत्तै निकुञ्जका एक कर्मचारीबाट थाहा भयो – हरे...! त्यो निर्बोध केटो त माउबिनाको टुहुरो पो रहेछ । त्यसपछि झन् त्यसलाई आफ्नै कान्छो सन्तानको दर्जामा राखेर केही बेर स्नेहले सुम्सुम्याएँ मैले । यतिञ्जेलमा पाँच बजाइसकेको थियो घडीले । त्यसैले, अब झर्‍यौँ सबै जना मुन्तिर छेउमै बगिराखेको रापतीको घाटमा र चढ्यौँ फेरि त्यही डुङ्गा । अघि हाम्रो सातो उडाउने महिषासुरजस्ता ती दुइवटा गैँडा अहिले चाहिँ घाटमा नभएर माथि केही पर रापतीकै किनारमा चरिरहेका थिए । त्यसपछि फेरि उसै गरी प्रतिपल ढलपल-ढलपल गर्दै बग्न थाल्यो डुङ्गा र उसै गरी सलललल गर्दै उड्न थाल्यो मेरो मन पनि अघि जाँदाभन्दा पनि धेरैधेरै सपनाका पखेटा हालेर बादलुदेशमाथि ।

पटिहानी आइपुगेपछि त्यतै केही खाजासाजा खाएर फेरि हुइँकिए हाम्रा मोटरसाइकल । म अहिले पनि उसैगरी शारदाजीकै मोटरसाइकलमा पछाडि बसेको थिएँ । तर अघि जाँदा जस्तो बकबके नभएर यात्राको तृप्तिबोधले आत्मविस्मृत अवस्थामा मौन थिएँ अहिले । मजस्तो बकबके मान्छेलाई त्यसरी धेरै बेरसम्म नबोलेर शान्तभावले बसिरहेको देखेर होला शारदाजीले मौन भङ्ग गर्दै भन्नुभयो – "सर ! कस्तो लाग्यो त कसरा ?" जबाफमा मेरो हृदय छचल्कियो–

**"के भनूँ मित्र ! पाएर डुल्न निकुञ्ज कसरा**
**यो मुटुभरि छ उर्लिएको तृप्तिको असार**
**फुरुङ्ङ परी भन्दछ मेरो मनको मुनियाँ**
**पाइ नै रहूँ यसरी उड्न, चाहिन्न दुनियाँ"**

•

# दार्जीलिङ कहिले काहिँ



● बुलु मुकारुङ

बितेका दिनहरूलाई सम्झनाबाट झिक्न र लेखोटको पाटो बनाउन पनि म लेख्ने गर्छु। जसले बिर्सने बानीलाई पनि न्यून गर्न सक्ला। कतिपय नवीन र रौसे लेखकका लागि त यात्रा, याद र संस्मरण सिर्जनाको पहिलो खुड्किलो हुनसक्छ। कथा, कविता वा उपन्यास जस्तो यो कथिरहनु पर्दैन। कल्पनाको कसीमा कसिनु पर्दैन। भोगेको कुरा सर्सती लेखिदिए पुग्छ। माकुराले बुने जस्तो जाल-धागो बुनिरहनु पर्दैन। यसैले म लेख्दा सजिलो विधा संस्मरण हो भन्ने भ्रम छ मलाई अनि लेख्छु, आफै रमाउँछु। कुनै विवरण खाले त कुनै अनुभूति खालका संस्मरण लेख्ने बानी छ मेरो।

खास म आफ्नै खुशीका लागि लेख्छु र पाठकले मेरो भुक्तमान पनि पढिदिउन भन्ने लाग्छ र लेख्छु। म अलि आशे पनि छु। त्यो आशा भनेको मेरा कुरा अरुले बुझुन्। यस्तो सबै लेखकभित्र लुकेको हुनसक्छ। मान्छेले दैनिक आफ्नो जीवन कसरी सञ्चालित गर्दछ ? प्रत्येक व्यक्तिको आफ्नै दैनिकी हुन्छ, आफ्नै जीवनशैली हुन्छ। जीवन जिउने बहानामा मान्छेले कति जोखिम मोल्छ। मलाई हौसाउने मेरा पाठकहरू त हुन् नै। त्यसमा पनि साथीभाइ पनि मलाई उक्साउँछन्। छ्या बोके छ्या................ गरे जस्तो।

मित्रहरू हुट्हुटी लगाउँछन् लेख्नका लागि। यस हुट्हुटीले मलाई बाँदरलाई लिस्नु हुन्छ, उर्जा पनि हुन्छ। तथापि, के लेखूँ कसो लेखूँ हुन्छ। सन्दर्भहरूका थाकबाट कुन पातो निकालुँ पनि हुन्छ। कुनै अनार जस्तो रसिलो, मौरीको चाका जस्तो भरिलो छन् त कुनै बिरसिलो अनि हर्रो-बर्रो झैँ टर्रो पनि छन्। प्रायः रसिलो नै जीव-जिब्रोमा लेपिन्छ होला। मान्छेहरू रूपौलो नै खोज्दछन् र रूपका भिखारी हुन्छन्। सुन्दरी, सुन्दर ठाउँ अनि सुरिलो सुर आहा ! मान्छे निक्कै चलाख छ स्वादमा। यसैले समय, सन्दर्भ र स्वच्छताको खोजिमा आफैबाट बाहिर निस्किन्छ मान्छे सुगन्धको संसारतिर .............।

यसपाली निक्कै वर्षपछि हो म दार्जीलिङ पुगेँ। मान्छेहरू दार्जीलिङलाई सुन्दर स्थानमा राख्दछन्। दार्जीलिङ पुग्नु पनि ठूलै कुरा हो जस्तो लाग्न थालेको छ मलाई। दार्जीलिङ अहिले पनि शान्त छैन। शान्तिको सास फेर्न दार्जीलिङले पाएकै छैन। माघ २ गते सिलिगुडी पुग्दा यता काठमाडौँभन्दा न्यानो नै थियो। एक घण्टामा खर्साङ अर्को घण्टामा दार्जीलिङ पुगिने बाटोको सुरुआत दार्जीलिङ मोडबाट हुन्छ सुकुना-साल्मारी हुँदै।

दिन घमाइलो छ मन रमाइलो छ। हामीलाई खर्साङ उकाली रहेको ड्राइभर साशंकर भाइ उहिलेको रडियो नेपालबाट

बज्ने शंखध्वनिको सन्दर्भ उठाउँछन् । म रेडियो नेपालमा पैंतीस वर्ष बिताइसकेको भुक्तभोगी चुपचाप छु भाइको देब्रेपट्टी । बोल्यो भने कुरा बिग्रिन्छ भन्ने राउटे जुक्ति मनमनमा छ मेरो । खर्साङ भित्तामा टाँसिएको देखिन्छ गौंथलीको गुँड दलिनमा टाँसिए झैँ । ओहो ! कति भिरालो ? यहाँ पनि मान्छेहरू छन् हगी ? म आफूलाई प्रश्न गर्छु । अनि सम्झिन्छु तल मेथीबारीमा अझै खेती हुँदैछ । अंग्रेजहरूले यिनै चिसा डाँडालाई किन रोजे त ? मभित्र अरू अरू पनि प्रश्न छन् । चियाबारी बनाउनलाई ? कञ्चनजंघाको शीतलता आफ्ना साम्राज्यवादी नूरमा स्पर्शित गराउन ? अहँ ! होइन होइन ।

सानो बाटोमा जिप उक्लिँदैछ । घुम्ति धेरै छन् दार्जीलिङे जनजीवनकै जस्तो । तथापि तनाव छैन व्यक्तिमा । तनाव त अवरोध हो जीवनका लागि जो यति अग्लो पहाडबाट ढुंगा लडे जस्तो उता फेदीतिर लडिसक्यो उहिले नै । म यही निष्कर्षमा हुन्छु । खर्साङ बजार जिपले छोयो अब । इलाम-पशुपतिनगर सूर्यका हजारौँ खुट्टाले टेकिएको छ । म देख्न खोज्छु तर देख्दिनँ । यो खर्साङको बाटो गरिब हातहरूले खन्दा कति गीत गाए होला । नत्र यति धेरै दार्जीलिङमा तिनकै दर-सन्तानले नेपाली सङ्गीतको विकास कसरी गर्थे त ? प्रश्न मनमा उठी हाल्छ । यात्री हुनुको मज्जा पनि यही हो । उत्सुकता आफैमा बिर्सजन हुँदैनन् । उत्सुकता बाक्लिएपछि प्रश्न हुन्छ । उत्तरको प्रतीक्षा प्रेमिकाको पर्खाइभन्दा सुन्दर हुन्छ ।

दुखले खोस्रेर गुन्द्रीबजार यतिबेला दार्जीलिङ भएको छ अनि आफ्नै शान-मान र औकातमा छ । तर छोडेको छैन सडक किनारमा इसकुसको जरा र रायोको साग बेच्न । बस्तीबाट यी नआउने भए दार्जीलिङको स्वस्थ्य यति मजबुत हुने नै थिएन । गोरुको मासुले कति पो पुग्छ हो । मोमोमा, तिहुनमा, थुक्पामा वाक्क पनि लाग्छ । जिब्रोले अर्को स्वाद पनि खोज्छ । दार्जीलिङको फेब्रुवरी महिना चिसिलो छ । सानो रेल कुदेको हो कि धुवाँ मात्रै निकालेको हो ? आदतेले बिँडी ताने जस्तो । अंग्रेजको इतिहास, प्रचलन वा परम्परा यही रेलले दुःख-सुख बोकिरहेको छ । मान्छेले भए छोडिसक्थ्यो होला ।

दार्जीलिङ गोर्खा ल्याण्ड मागिरहेको छ यसबेला पनि । हिजो सिलगुडीमा ममता दिदीको साइरन बजिरहेको सुनेथेँ मैले । दिदीको ममता भयो भने, स्नेहको टिष्टा बग्यो भने दिदीको हृदयबाट दार्जीलिङले खुशीको बिजुली बाल्नेछ । हार खाएर पुराना प्वाँखले उडेका चराहरू झैँ ब्रो, सोम अनि पार्टनरहरू फेरि यो पहरामा फर्किने छन् अनि लगाउने छन् कुमालकोठीले जस्तै आ-आफ्ना अर्को सालको गुँड फेरि । समय कति क्रूर छ, कति निर्दयी पनि छ । सयौँ अर्को खुशीको साल फर्किएको छैन । यहाँ नौलाख तारा उदाइरहन्छ क्रमशः ......।

एक बिहान चौरस्ता उक्लिँदा उक्लिँदै मनमा आयो 'मान्छे स्वतन्त्र भूगोलले हुन्छ कि भावनाले ?' भानुभक्तको सालिक अगाडि कुङफू-कराँते अभ्यास गरिरहेका स-साना र केही वयहरू देखिन्छन् । उनका ललाटमा केही पढेँ मैले ज्योतिषीले झैँ । नजिकै स्वतन्त्रताको मागको मञ्च बनिरहेको छ । 'वी वान्ट गोर्खा ल्याण्ड' अनि 'स्टप डिष्क्रिमिनेसन' यी अपिलहरू भित्तामा कति माग्यो होला दार्जीलिङले । केही पौढ नजिकै सुस्ताउँदैछन् । यो उनीहरूको दैनिकी पनि हुनसक्छ । बंगाली चिया सप्लाई गर्न उदत्त छ । उसकै नजिक पाश्चात्य नारी भुस्याहा कुकुरलाई बिस्कुटको ब्रेकफास्ट दिँदैछिन् । यो यथार्थ पनि नाटक वा चलचित्र जस्तो लाग्छ । मेरो दृष्टि भोटेबस्ती पूर्वोत्तरतर्फ छ । म पुराना प्रगतिशील कवि नन्द हाङखिमको

याक्खा हेर्छु । सन् १९९६ उनीसँगको सम्झना साइनो खोज्छु म पुनः । समयले पर्खिँदैन कसैलाई तर यादले छोड्दै-छोड्दैन ।

दार्जीलिङ गुम्पा, मन्दिर, मस्जित र चर्चले आभूषित अग्लो-स्थान जहाँ टेकेर चौतर्फी मुन्टो घुमाउन, उक्लिएर ठूल्ठूलो सास फेर्न, हिँडेर सबै नशा तन्काउन सकिन्छ । मीठो बोलेर प्रेमिल बन्ने र हार्दिकताको न्यानो बर्को ओडाउने चलन छ दार्जीलिङमा । यहाँ कोस्मो कल्चर छ है अझैसम्म पनि, यसै भन्छन् अनुभवी । नौ बज्न लाग्यो फर्किनु छ । पुराना तर चर्चित गायक दुर्गा खरेलको ल च्याम्बर ओल्ड सुपर मार्केटमाथि कति व्यस्त हो ? दावा ग्याल्मो, पवन गोले, सन्तोष देवान आदेश हुने बित्तिकै हाजिर हुन्छन् । यो सङ्गीतको आत्मिय पुल हो । नत्र को आउला यति चाँडो भेटघाटमा ।

गोदुनिस सन् १९३२ र कला-मन्दिर १९५० तिरैका पुराना संस्था हुन् । जसले नेपाली र नेपाली ललितकलालाई जीवित र निरन्तरता दिइरहेका छन् । गौतम लेप्चा, विजय राई, पेमा लामा, दिलिप लोरुङ, सुधीर क्षत्री, एन के खडका, शिशिर क्षत्री, रोजलिन लामा, पुरन गिरी छन् दार्जीलिङमा । चन्द्रमित लक्सम, वसन्त क्षत्री, तेजेन्द्र गुरुङ, पुरन गुरुङ, सोनु राई पनि छन् । किरण ठकुरी नहुने कुरै आएन । नत्र नेपाली प्रयोगवादी नाटकको अन्त्य भइहाल्छ नि दार्जीलिङमा । जाडोले आई बी राई, अशोक राई, नवीन बरदेवा, जस योञ्जन प्यासी, एस रविदास, जीवन अधिकारी, एम बी गजमेर, सङ्गीता सुब्बा, मुक्ति उपाध्याय अलिक बुढाहरूलाई सिलगुडी झारेको छ ।

पुराना हिराकुमार सिंह, दलसिंह गहतराज, मानध्वज गुरुङ, शिव-मानवीर सिंहदेखि मुधु सिंह, कपिलराज सुब्बा, नयनप्रकाश सुब्बा, गगन गुरुङ, त्रिरत्न तुलाधर, जर्जी ब्याङस, डोरोथी सिटलिङ, रहरकुमारी राई, अंमू ल्हमू, नोर्देन रुम्बाका धुन-ध्वनिले धनी दार्जीलिङ नवीनशैली लिएर चलिरहेको छ यतिबेला पनि क्रमश...क्रमशः....नेपाली सङ्गीतमा । कर्म योञ्जन, कुमार सुब्बा, दिलमाया, मणिकमल, शान्ति ठटाल, रञ्जीत गजमेर दार्जीलिङसँग सोध्नु छ अर्को पाली । दार्जीलिङ कति हार्दिक छ ? गीतकार चन्द्रमित लक्सम र गायक/सङ्गीतकार दुर्गा खरेल सुपात्रसँग सोधिबस्नु पर्दैन । बुझिबस्नु पर्दैन स्नेहका कुरा......।

भन्नेहरू भन्थे दार्जीलिङ सुक्यो अब, सङ्गीतमा, साहित्यमा अनि हार्दिकतामा । अहँ ! यो हुँदै होइन । स्नेह, प्रेम र सद्भावको समुन्द्र बरकरार छ दार्जीलिङमा । नत्र प्यासीले मेथीबारीमा, रविदासले बैकुन्ठ नगरमा, अशोक प्रसान्तले प्रधान नगरमा, उपाध्यायले शास्त्री नगरमा अनि अधिकारीले अप्पर बागडुगरामा किन बगाउँथे मायाको मेची नदी । म यही सहृदयताको चुली चढेर आएँ अर्को तेन्जिङ जस्तो ....।

तर लागिरहेको छ दार्जीलिङले कालेबुङलाई पोथीले छोपेको कात्रे डिम्मा (अण्डा) जस्तै किन भइरहेको छ ? त्यति घमाइलो कालेबुङ गुन्द्रीबजारको छायाँले किन छोपियो हँ ? जिज्ञासा उठ्छ फेरि मनमा । कति दिनु इम्तिहान आफ्नै सवालहरूको । रामलाल त्रिखत्री, हिमानन्द खाती, राहुल उपासक, काजी सिंह, ब्राइन मोक्तान, छुजाङ डुक्पा, तुलसी गजमेर, थुप्देन भोटिया मात्र होइनन् क्लिफ रिचर्ड, शशी कपुर जस्ता विश्वप्रसिद्धहरू पनि यहीँको मलिलो पानीले सिञ्चित भए कुनै दिन । कालेबुङ 'असारै महिनामा पानी पर्‍यो रुझाउने' वा 'जागे जागे सारा रात मायालु आउँछिन् भनेर' गीतमा जीवितै छ यसबेला पनि । सन्दर्भ, सम्झनाका सिरुवा यतै तप्कियोस् तिर्खा बनेर ............।

•

# च्यातिएको सुख, चिथरिएका आँसु

● माधव काफ्ले

उल्टा सिधा काम जीवनमा निकै गरियो । कति स्मृतिमा छन् र कति त बिर्सी पनि सकें ।संभ्फनाको वासलातमा जेलिएका केही घटना,विषय र प्रवृतिहरको अमिलो राग र हुँड्याइलो हरक भने कहिले काँही उकुच पल्टिएर हुलुक हुलुक घाँटी भरी आउने हुँदा निल्न पनि धेरै धौ धौ र छाद्न पनि घिन लागिरहेछ ।

धर्खरिएर हिंड्नु जस्तो अभिशाप अनुभव गर्दैछु जीवनमा अरु कुनै हुँदोरहेनछ । र त्यसमा पनि अभरको पार्श्वछायामा उभिएर ललनी गाउँदै याचक भएर हिँड्नु जस्तो अहिले लाग्दैछ-तुच्छ र दुच्छर काम संसारमा अरु केही छैन,हुँदैन ।

सुख,दुःख त सान्सारिक जीवनका संवेद्य सहयात्रीहरु हुन । दुःख छ र पो त सुखको स्वाद मीठो र मनमोहक भएको अनुभूत गर्न सकिन्छ । दुःख नभएको भए सुखको तह र स्वाद नै थाहा पाउने थिएन मानिसले । अनि मानवीय सवेदना र अनुभूतिहरु आफैंमा एकादेशका कथा हुन पुग्दथे ।

सुखमा उम्लिने र दुःखमा छेर्दै हिंड्ने मान्छे मलाई मान्छे नै हो जस्तो लाग्दैन ।

(यद्यपि यही सिंगाने सृङ्खलासूत्रबाट धेरै पटक कमानी खुस्काउँदै पोल्टो थापेर पेट भरेको मात्र होइन हरिया दाँत देखाउँदै झाप्रो ठड्याउन पुगेको घिनलाग्दो कथा व्यथाको गह्रौं भारी अझै पनि झुण्डिरहेको छ मेरो अभागी थाप्लोमा । त्यस दारुण र वीभत्स अवस्थालाई हृदयङ्गम गरी कर्म पथमा अगाडि बढ्न नसक्नु नै जीवनको सवभन्दा ठुलो भुल हुनपुगेको अनुभूत गर्दैछु ।आपद् र त्राशद परिस्थितिको चक्रावातमा घुम्न थाले पछि आफू बाहेक अरुलाई हेर्नै सकिएन छ । जाय जेथा र बासको टुङ्गो भए पनि गाँसको दरो व्यवस्था थियो ।मानो कमाएर ल्याउँदै रुखमुनि लगेर भने पनि परिवार पाल्न त हैन बचाउन सक्ने ल्याकत र लिखुरे आधार पनि थियो । तर संसारमा करोडौं मानिसहरु गाँस,बासको त कुरै छोडौं एकमुठी अन्न खान नपाएर अकालमा दिनहुँ ज्यान गुमाउन विवश बनिरहेका मर्मान्तिक घटनाहरुलाई चटक्क बिसेर पाजी पैतृक बिरासतलाई दैवी प्रकोपको कालो राहुले दर्फर्‍याएर दच्काउँदैमा कहालिँदै र कोकोहोलिँदै र्‍याल सिंगान काढेर ट्वाक थाप्न पुगेको अलच्छिनी घटना संभ्फन थाले पछि अचेल आफूलाई मान्छेमा गणना गर्न छोडेको छु र मान्छे हुँ जस्तो पनि लाग्दैन । साना मसिना बिपद र त्रासद धक्का सहन नसकी सुरुवाल भिजाउँदै घुंडाटेकेर हिड्ने मान्छे पनि कहीं मान्छे हुन्छ र ? सास भए पनि,शरीर भए पनि,वाणी भए पनि ती जिउँदा लास हुन्,मूल्य र अर्थहीन बिकृत आकृति हुन,पृथ्वीका भार हुन् । तिनीहरुबाट भनौं त्यस्ता अपाहिज निर्वल मनुख्खेरुबाट समाजले ,वर्गले,राष्ट्रले दुर्नाम,कलङ्क,आक्षेपदेखि बाहेक अरु केही पनि पाउने छैन ।

मेरो दयनीय हन्तकाली स्थिति र वेसहारा लाचार अबस्था देखेर मन थाम्न नसकी खुल्ला मनले अभय दान दिने अग्रज,अनुजहरुको श्रद्धा,स्नेह र आत्मीय

सम्बन्धको रापिलो निश्छल भावनालाई पाएँ भन्दैमा जुकाले जस्तैतनतनी पिएर तङ्ग्रिन गरिएका लिच्छड प्रयासहरु अहिले घाँटीमा अड्किएको अर्थुङ्गे जस्ते हुन पुगेका छन् । त्यस्ता विदीर्ण दिनहरु संझँदा अहिले आङ सिरिङ्ग हुन थाल्दछ । केवल असहाय हुनुको नाममा कुण्ठा ग्रस्त आसुरी आचरण बोकेर धेरै उर्वर र अमूल्य समयका उज्याला लहर हरुलाई निषाद बनेर दगल्च्याउँदै नष्टगर्न पुगेको क्षण स्मृतिमा सल्बलाउन थाल्दा पनि मुटु फुट्ला जस्तै हुन थाल्दछ ।

अहिले लाग्दैछ यस्तो निकृष्ट नकाम गरेर आफ्नो सुक्सुकाउँदो स्वाभिमानमा लाचारीको कलङ्कित मोसो आफैंले पोतेर दुर्गन्धित बन्न पो पुगिएछ ।

र,त्यसमा पनि कसैको गुण,उपकार र दयाको भारी मुनि थिचिएर निसासिँदै उठ्न नसक्नुको पीडावोध धेरै कटु र चिरैतो हुँदोरहेछ ।

अँ त भन्दै थिएँ सुख,दुःखलाई अजीर्ण हुनेगरि हसुर्नेहरु धोवीको गधा जस्तै बरियाती न मलामीको आधार बन्न पुग्दारहेछन् ,आफन्त र आत्मीय स्वजनहरुबाट पृथक ।सम्पन्नताले मान्छे नचिन्ने र विपन्नताले सवैलाई तर्साउने हुँदा मानवीय संवेगलाई मानिस मैमत्त बनेर चिथोर्न पुग्दोरहेछ । सुख रसमृद्धिसंग गाँसिएका अहम्वोध, तामसीतेज र लिच्छड्याईँका क्रियाशील हर्मोनहरुले दुई खुट्टामा सुरुवाल बेरेर हिँडे पनि मान्छेलाई योग्य मान्छे हुन संधै छेकारो काट्न थाल्दारहेछन् । सुखी हुन पुगेका अधिकाँश मानिसहरु आफूले टेकेको धर्ती, उठेको भूगोल, बाँचेको परिवेश,बिताएको क्षण,घलमिल गरेको समूह,उठ-बस गरेका दौंतरी, साथ सहयोग लिएको समाजलाई चटक्कै बिर्सी एक्कासि कुनै अर्कै उपग्रहबाट बसाईँ सरेर आएको औतारी पुरुषले झैं गर्ने बोली व्यवहार र अभिनय देख्ता,सुन्दा र प्रत्यक्ष भोग्दा सम्पन्न भन्यो कि मनमा एक किसिमको बिकार उत्पन्न हुन थाल्दछ, ऐंठन हुन थाल्दछ । संवेदनालाई लिप्सा र महत्वकांक्षाको टक्सारमा घोटेर सम्भ्रान्त बन्न खोज्नेहरुको विग्विगी जतातत्तै उग्ररुपले बढ्दोछ । मानवीय संवेदनालाई त परै छाडौं आफ्नै जाति, समूह र बिरादरीलाई समेत चिन्न हिच्किचाउने अररो परिवेश र जर्जर पृष्टभूमी अहिले निर्वाध, निसङ्कोच फक्रँदै छ,फुल्दैछ,फल्दैछ । दया, माया, करुणा, स्नेह र सदाचार जस्ता सारभूत कुरा र बिषयहरु सम्पति,सुविधा र शक्तिका आधारमा परिभाषित हुँदैछन् । मान्छे चिनने,चिनाउने बलियो साधन सम्पति र शक्ति बनिरहेको छ । सम्पति र शक्ति विहीन धेरै मानिसहरु मानिस भएर पनि मान्छेमा गणना हुन सकिरहेका छैनन् । र,पैसा चिनन पल्केका मानिसहरु मानिसहरुलाई दलेर, चुसेर, थिचेर, चिथरेर विर्धि, निसंकोच अगाडि बढिरहेका छन् । अनि आफ्रना लिखे अभिलाशा फलिभूत पार्न उद्यत हुँदैछन् । अतिचारको अतिशयोक्तिपूर्ण मार्गमा टुप्पी ठाडो पारेर दौडिरहेका छन् । असमान पद्धतिका अन्त्यहीन र्सङ्खला-सूत्रका कर्मठ साछी बनेर उम्लिरहेको आलादृश्यहरु ऋगाडि देख्ता मन चिराचिरा भएर भतिभति पोल्न थाल्दछ । आपद्,विपद् र दुःखहरु निश्चय नै भोगाइका अघोरी आकार, रुप र पाटाहरु हुन । दुःखले, कष्टले, व्यथाले, विरहले थिचे पछि, थिल्थिल्याए पछि,थेचारे पछि सतहमा स्थिर भएर सतहमा उभिन धेरै गाह्रो पर्दोरहेछ । अभाव, आपद र दारिद्र्यको कालो ख्याकले गर्दा चाहे पनि, चिताए पनि सम्हालिएर उठ्न दिंदोरहेनछ । मानिस भित्रका कमला भावनाहरुका कलिला मुजुराहरु चिन्ताको चिसोले तंग्रिनै दिँदोरहेनछ । दुःखलाई भोगाइको असहजरुपमा भन्दा पनि आहत हृदयको अभिशप्त स्थिाति ठान्ने दरिद्र मानसिकताले गर्दा दुःख पर्दा मानिसहरु अनायास फत्र्याक, फत्र्याक परेर धर्खरिँदै निसासिन पुग्दारहेछन् ।

आजका धेरै आधुनिक मानिसहरुले काउछो ठाने पनि धैर्य र संयमतालाई त्यसै भोगाइका अमूल्य आधार मानिएको होइन ।

अर्थ र भावगत रुपमा धैर्य र संयमता भित्र जीवनलाई उज्यालो दिशातिर डोऱ्यार लैजान सक्ने तेजोमय प्रज्वलित शक्ति हुने हुनाले मानिसलाई कर्म पथमा अविश्रान्त चलिरहने उर्जा दिने गर्दछ ,भरोसा,विश्वास र आँट दिने गर्दछ। क्षणिक कष्ट र हृदय विदारक परिस्थितिका काला बादलहरुले गन्तव्य रोकेर पथ विहीन पार्न खोजे पनि भुक्तभोगी मानिसहरुले यस्ता कष्टदायक सवै विपत्तिहरुलाई पन्छाएर,पचाएर आफ्नो लक्ष्यमा पुगेरै छोडेका धेरै किम्बदन्ती र आख्यानहरु प्रसस्त सुनिएको, पढिएको, देखिएको छ । दुःखबाटै समृद्धिको सुकिलो इतिहास निर्माण गर्ने युग पुरुषहरु पनि छन्,पुरश्र व्यक्तिहरु पनि छन् । अभाव र अन्यौलका चोट ग्रस्त मानसिकताबाट नै सन्सारको सुनौलो स्वरुप कोरेर आउने पुस्तालाई प्रेरणाको,भरोसाको,विश्वासको अडिलो र युगान्तकारी आधार देखाउँदै संसार हाँक्ने मनुष्यहरु पनि छन् ।

दुःखद्वारा निर्मित सुख नै संसारको सर्वोत्तम सुखद उपलब्धी मानिन्छ ।

मानिसहरु कमै विश्वास गर्दछन् तर सन्तोषमा जति आत्मतृप्ति र सुखको सघन अनुभूति हुने गर्दछ त्यति लाग्दछ सुनको सिहाशनमा बसेर पलपलमा चौरासी व्यञ्जन ज्युनार गरेर उग्राए पनि हुन्छ जस्तो लाग्दैन ।हुने भए धेरै सिंहाशनारुढ दलपतिहरु असहायहरुको आलो रगतले चुठेर निम्सरा नागरिकहरुलाई नानावली आश्वासनको पासोमा पारेर लछार्दै, तान्दै, तेर्स्याउँदै, तर्पिंदै हिंड्ने थिएनन् । जिउँदो मान्छेलाई चोकेमा फसाएर दुवै तिरबाट तान्दै व्यभिचारको आराले दुई फ्याक पार्दै छप्क्याउने थिएनन् । आफ्ना झुसिला असीमित आकाङ्क्षाहरु फलिभूत पार्न पक्ष र विपक्षको पैशाचिक नौटङ्की मञ्चन गरी निर्दोषहरुको आशा,अभिलाशा र जागरुक आकाङ्क्षाहरु ध्वारध्वारी च्यातेर धुजाधुजा पार्न तम्सने थिएनन् । सम्भावना र वैकल्पिक उपाए हुँदाहुँदै पनि आफ्नो लिंडे तुजुक र लिखे तर्क सिद्ध गर्न राष्ट्रलाई द्वन्द्व र अराजकताको भासमा चुर्लुम्म डुबाएर नाङ्गो नाच गर्न तम्सने थिएनन् । अभावग्रस्त असहाय मानिसहरु भन्दा निकै कङ्गाल र दरिद्र मानसिकता बोकेर अलाप विलाप गरेर ललनी गाउँदै हिंड्ने सम्भ्रान्तहरु देखिंदैछन् । धनको मूल्य हुँदैन भन्दिन,हुन्छ । तर आपद्,विपद्को दारुण अवस्थामा अरुलाई काम नलाग्ने धनको कुनै अर्थ र महत्व हुन्छ झैं लाग्दैन ।

गरिवी आफैंमा अभिशाप होइन ।भोगाइको एउटा दुखद पटाक्षेप मात्र हो । परिस्थितिसंग सामना गर्दै,संघर्ष गर्दै विशेषतः स्वाभिमानका साथ स्वावलम्बी बन्दै अगाडि बढ्न सक्ने मानिसहरु धेरै पर पुगेर प्रतिष्ठित हुँदै बाँचेका पनि छन् ।बचाइका क्रमिक सृङ्खलाहरुमा देखा पर्ने घात-प्रतिघातका विसृङ्खलित अवस्थादेखि आत्तिएर,तर्सिएर,कामेर कुनै पनि मान्छे कहिल्यै पनि मुक्त हुन सकेको इतिहास छैन । नपिटिकन सुन चम्कँदैन भन्दछन् मानिसहरु । खिइएको भन्दा खारिएको मानिस कालान्तरमा भरपर्दो,विश्वसिलो र भरोसायुक्त हुँदै आएको देखिन्छ । पसिना नचुहाइ जीवनका विविध रङ्ग देख्न पनि सकिन्न,चाख्न पनि सकिन्न ।

दुखी हुनु भन्दा पनि याचक हुनु अभिशाप हो ।कुनै पनि माध्यमबाट लिइएका,पाइएका राहत एवम् आर्थिक सहयोगहरुले क्षणिक तुष्टि दिएर गर्जो टारेता पनि त्यसले दुःखीलाई झन् नारकीय जीवन तर्फ अभिमुख गराउन पुग्दोरहेछ भन्ने तीतो यथार्थ नयाँ नेपालको मानचित्र हेरेर पनि थाहा पाउन सकिन्छ । दान, बक्सिस र पुरस्कारले मानिसलाई स्वावलम्वी बनाउनु भन्दा पनि सुबिधाभोगी कामचोर बनाउँदै लैजाने हुँदा सक्षम र कर्मठ मान्छे पनि अपाहिज र अशक्त बन्दैजाने यथार्थ कसेमा लुकेको, छिपेको छैन । शरीरमा भएको दावानल उर्जा आर्थिक सहयोगका निमित्त निर्लिप्त भएर माग्नमा र

आँशु चुहाउँदै हिंड्नमा  खर्च हुँदै जाने हुँदा भरोसायुक्त जीवनका स्वप्निल चक्र र सखद् क्षणहरु विषादमा अनुवाद भएर फुङ्ग उड्न पुग्दछन् । प्रलोभनमा फसेर र्‍याल चुहाउँदै हिरिक हिरिक गर्ने हन्तकालीहरु ऋद्यशाको कमारो भएर लुला र लँगडा हुन पुग्दछन् के भन्नु आफैंले अनुभव गरेको छु हुन्छन् नै । कर्तव्य विमुख पनि हुन्छन् र आफ्नो उज्यालो भविश्यलाई धुमिलधुसर पार्दै आउने सन्ततिको भविस्य पनि रसातल तिर धकेल्न पुग्दछन् । असहायको आन्तरिक आशय आफ्ना किच्चा आवश्यकता र किर्कौंला अभाव टार्न श्रममा विश्वास गर्नु भन्दा पनि फलानाले दिए पछि गर्छु भन्ने  कल्पित आकाङ्क्षा किल्किलेमा झुण्ड्याएर लाचारी मात्रै प्रदर्शन गर्न खोज्ने हुँदा भौतिक उपलब्धीको तेजोमय गति र सुखद् भविस्य याचकहरुको हातबाट फुत्किएर कोसौं टाढा पुग्दछ र अवषादयक्त वर्तमानमा जावीको चरो भएर निसासिँदै हर्दम उनीहरुको वरिपरि घुमिरहन थाल्दछ ।

संसारमा भए,रहेका कुनै पनि वस्तु, पदार्थ, बिषय र धारणहू चिरस्थायी छैनन्, हुँदैनन् । समय बाहेक सवै कुराहरु परिवर्तनशील हुँदै आएका छन्,सीमा बद्ध हुँदै आएका छन् । समयचक्रको शक्तिशाली प्रवाहमा सबै नासिन्छन्, सकिन्छन्, तुरिन्छन् । दुःख होस् वा सुख,आनन्द होस या वैराग्य,पीर होस वा खुसी, पीडा होस या आत्मतृप्ति यी सबै स्थायी भएर एकैनास सधैं टिकिरहँदैनन् । गतिशील समयको अखण्ड उलारमा काल सापेक्ष किसिमले उदाउँछन्, अस्ताउँदछन्, आउँछन् र निभ्छन् पनि । संसार नै नासवान हुने गर्दछ भने दुःख, सुख जस्ता भावनात्मक कुरा एकै ठाउँमा स्थिर गरेर टिकिरहन सक्तैसक्तैनन् । प्रकृति प्रदत्त बस्तु,पदार्थ वा बिषयको बिरुद्ध मानिसले जतिसुकै बल लगाएर उर्ले पनि, कुर्ले पनि, उफ्रे पनि, रोए पनि, कराए पनि, फत्के पनि, फुले पनि, पाके पनि, गर्जे पनि, गले पनि, उम्ले पनि, सुके पनि, सुक्सुकाए पनि त्यसले कुनै परिवर्तन गर्न सक्तैनन् । क्षणिक आवेगले  केवल मान्छेको मनस्थितिलाई थिल्थिल्याएर बिकृत तुल्याउँदै दुविधा,अन्योल र अहम्‌वोधको अँध्यारो मार्ग तिर धकल्ने तुच्छ प्रयास गरेर मान्छेलाई मान्छेको समूह,सोच र गतिविधिबाट पृथक बनाउँदै कुण्ठा,द्वेष ,इर्ष्या र अमूर्त रागका अभिशप्त औंशा मात्र उमारिरहन्छन् । विकृति र विषादका संदिग्ध भ्रूणहरु जन्माइरहन्छन्,जन्माइरहनेछन् ।

•

# गजल

• रामबहादुर पहाडी

लागेर प्यास खोली झर्ने विचारमा छु
थापेर जाल तिमीर्ला हेर्ने विचारमा छु ।

हिंड्छ्यौं लुकी कति दिन देखौली यसपालि
सिउँदोमा तिम्रो सिन्दूर छर्ने विचारमा छु ।

हृदयभित्र तिम्रो कोरी विचित्र चित्र
अङ्ग प्रत्यङ्ग रंग भर्ने विचारमा छु ।

देखेर रुप तिम्रो लाउँछन् सबैले आँखा
तिम्रो कडा सुरक्षा गर्ने विचारमा छु ।

तिमीलाई पानी तिर्खा जस्तै मलाई तिम्रो
तिमीसँग सँगै जिउने मर्ने विचारमा छु ।

# आमाको अंशवण्डा



● नारायण क्षेत्री

'आमा' आफूलाई जन्म दिने स्त्री जननी, माता महातारी ।

जननी जन्मभूमिस्च स्वर्गादपि गरियसी परापूर्व कालदेखि यसै भनिँदै आएको होइन हाम्रा विद्वान् पुर्खाहरुले ? त्यसै यस्ता महान्वाणीहरु प्रचलनमा ल्याएका होइनन् । अर्थात् जननी र जनमभूमि स्वर्गभन्दा पनि महान् हुन्छन् । तसर्थ एक महान् मुक्तिदाताको भनाइ पनि छ तिमी मलाई एक असल आमा देउ म तिमीलाई असल राष्ट्र दिन्छु । यो भनाईले धेरै मात्रामा सत्यतासँग मितेरी पनि लगाएको छ, कारण एक पुरुष शिक्षित भएमा ऊ मात्र शिक्षित हुन्छ तर एउटा आमा शिक्षित भएमा उसको परिवार र छिमेकी समेत शिक्षित हुन्छन् । तथापि, असहज लागे पनि त्यस्तो असहज छैन आमा असल होस् वा खराब त्यो आमा नै हो । त्यो नहुँदा आमाकै बारेमा सकार वा नकार व्याख्या गर्ने व्यक्तिको नै पनि यस धर्तीमा उत्पत्ति नै हुँदैन थियो । कुनै पनि महतारीले नराम्रो भावना राखेर सन्तान पैदा गर्दिन । अरु नभए पनि आफ्नो सन्तानको र आफ्नो सँगसँगै मानव र प्राणी अस्तित्वको स्वार्थ कुनै पनि सन्तान पैदा गर्दा रहेको हुन्छ । यो नै महान् स्वार्थ हो र महान् कार्य पनि । यस्तो महान् कार्य गर्ने नारी, स्त्रीलाई खराब भन्नै सकिँदैन तसर्थ नारीको हरेक स्वार्थमा मानव अस्तित्वको चाहना लुकेको हुन्छ । अतः ब्रहमाण्डीय र प्राणी अस्तित्वको व्यापक दृष्टिघेराबाट हेर्ने हो भने कुनै पनि आमालाई खराब आमा भन्न सकिंदैन । समय परिस्थिति परिवेश खराब भएमा हरेक आमा खराब हुन सक्छिन् । यस धर्तीआमासँग भएका कुनै पनि सिर्जना वा वस्तु खराव भएको छैन ती चाहे धुलोको कण, एककोषीय जीव र नालीका गन्धे कीरादेखि डायनोसार र मान्छेसम्म हरेक चिज वस्तु किन नहोस् संसारको अतित्वमा सहयोगी छ ।

आमा शब्द सुन्दा जति प्रिय छ त्यति नै महत्वपूर्ण पनि छ । चार्ल्स डार्विनदेखि मार्क्ससम्म लिलिपुटदेखि माइक टाइसनसम्म सबै आमाको देन हो । यसोभन्दा सारा बाबु जातिको चाहिँ मानमर्दन भयो भन्दै आफ्नो अहम्ताको लागि ब्रह्माजीको अदालतमा उजुरी हाल्नु पर्ने कुनै आवश्यकता छैन । यो पंक्तिकार पनि एक बाबु नै हो भन्ने कुराको पर्दाफास गर्न चाहन्छ । प्राकृतिक रुपमा आमा बन्न पाउँ भनेर जुनसुकै पुरुषले पनि देवादिदेव महादेवसँग हज्जार बिन्ती गरे पनि कुनै बाबु माता हुनेवाला छैन । प्रकृतिले नै प्राणीमा गरेको जात विभाजन र भिन्नता नै यही हो । आमाको अर्थ महत्व आवश्यकताको बारेमा कुनै फरक मत नै हुन सक्दैन ।

आमा महान् छिन तर थरिथरिकी छिन् । आमा, माँ, माता, जननी, धरणी, जन्म दाता, अनेकौं नामले पुकार्न सकिन्छ । तर यता आमालाई खासगरी दुई थरिमा विभाजन गर्ने कार्य गरिएको छ । एक थरि हो, धरतीमाता/राष्ट्रमाता र अर्को थरि हो जन्मदिने माता । हुनतः धरतीमाता, राष्ट्रमातालाई पनि जन्मदिने माताका रुपमा पनि हेर्न सकिन्छ तर माता र राष्ट्रमाताको व्यापक रुप पनि धर्तीमाता हो । धरती मातालाई हामी प्रतीकात्मक माता वा यथार्थमाताको रुपमा पनि लिन सक्छौं किनकि माता पितालाई नै जन्म दिने धरती माता हुन उनलाई माता मात्रै नभनेर महामाता पनि भन्न सकिन्छ । राष्ट्रमाता र

महामाता मा समवेत गुण प्रवाह छन् । आफ्नो कोखमा जीवको उत्पत्ति गराउने महामाताको जतिसुकै गुणगान गरे पनि कम हुन्छ तथापि हरेक मातामा महामाताको गुण निहित हुने हुँदा हरेकमाता नै उसका सन्ततीका लागि महामाता नै हुन्छ । यसरी माता थरिथरिका भए पनि अर्थ र कार्य जिम्मेवारी उही हुने हुनाले हरेक माता महान् हुन्छन् ।

किन्तु यी धर्तीमातालाई आफ्नै सन्तान भारको रुपमा ग्रहण गर्नुपर्ने भएको छ । धरतीमाता मात्र होइन राष्ट्रमाता पनि र माता पनि सबैलाई त्यस्तै छ । हरेक माताको असङ्ख्य सन्तान भई सकेकाले सबै मातालाई भारै भएको छ सन्तान । चौतर्फी आफ्नै सन्तानहरुले लुछ्न थालेपछि हरेक माताहरु आजित भइसके । माकुरे जीवनचक्र अब मानवमा प्रतिस्थापन हुनलागेको छ । अब हरेक सन्तान आफ्नो आमाको अंश चाहन्छ । उसको उपस्थिति स्वयं आमाको एउटा अंश हो तथापि ऊ यो कुरा स्वीकार्न तयार छैन दशधारा दुधले नुहाएर मात्र पुगेन । उसलाई आमाको भौतिक अंश नै चाहिएको छ । कसैलाई आमाको पाउ चाहिएको छ, कसैलाई आमाको हात, कसैलाई आमाको जीउ चाहिएको छ, कसैलाई कपाल । हरेकलाई आमाको केही न केही चाहिएको छ आमाको लागि सबै सन्तान समानुपातिक जो छन् अनि आमामाथि पनि समान हक कायम नगरी कसैको चित्त कहाँ बुझ्छ ? कसैलाई आमा माथि आफ्नो सम्पूर्ण अधिकार चाहिएको छ किनकि मान्छे स्वायत्त बन्न चाहन्छ आमामाथि पनि आफैले निर्णय गर्ने आत्म निर्णय चाहन्छ । अतः अब लुछाचुडी नगरी हुँदैन लाठी नभइ भैंसी पाइँदैन भन्ने प्राकृतिक शुत्रलाई कहाँ भुल्न सक्छ र मान्छेले । आमाको अङ्ग भङ्ग अपाङ्ग होस कि, खरानी बनोस् कि, आमाका शारीरिक अवयवहरुलाई खण्डित हुन कि, घाटमा पोलियुन भावनाहरु, संवेदनाहरु, माया र प्रेमका चाहानाहरु के फरक पर्छ ? माउलाई नै नसिध्याइ बच्चा माकुराको मन जीजिविषा र उत्कण्ठा जो समन हुँदैन । यो पनि त प्राकृतिक नियम हो ।

आमाको लहरमा सौतेनी आमा र छोराछोरीको पंक्तिमा सौतेला छोराछोरीको मोह छोराछोरी र आमाहरुलाई हुँदैन भन्ने पनि समाजको चल्तीको मान्यता हो । परन्तु कसैको लागि सौतेनी आमा र सौतेलो छोराछोरी हुन सक्दछ तर आमा त आमा नै हो चाहे जुनसुकै किन नहोस् आमाका सम्पूर्ण गुणहरु उसमा निहीत हुन्छ । आफ्ना आमा मरेका वा नभएकाहरुलाई मात्र होइन भएकालाई पनि सौतेनी आमा वा मित आमा दुवैको अर्थ उही हो महत्व पनि उत्तिकै हो । यहाँ आफ्नै आमा आफ्नै छोराछारीको महत्व कम भएको बेलामा सौतेनी आमा र सौतेलो छोराछोरीको के भाउ ? नजिकको तीर्थ हेलाँ । यी माता सधैँ आफैसँग रहेर हुन सक्छ यदि आमा अपहरित भएकी भए र महान् बलिदानबाट प्राप्त गर्नु परेको भए अलि बढी महत्व र अर्थ हुन्थ्यो कि । अनि सहादत र रगतको मूल्यको अवमूल्यन हुँदैनथ्यो कि ?

(How much land a man need) एउटा मान्छेलाई कति जमिनको आवाश्यकता पर्दछ भन्ने पश्चिमी जगतको प्रसिद्ध कथाको स्मरण गर्नु प्रत्येकको लागि लाभदायक हुन सक्छ । जति नै ठूलो महाभारत मच्चिए पनि कौरवलाई, पाण्डवलाई, साथै कृष्णलाई पनि जम्मा आफ्नो शरीर अटाउने खाल्डो खन्न वा चिता बनाउनको लागि जति जमिन चाहिने हो त्यति पनि आफ्नो भन्न पाएनन् त्यो पनि पुनः प्रयोगमा आएको हुनसक्छ । हाल विश्वमा म नै नायक हुँ भन्नेहरुले पनि दिनानुदिन परलोक सुधार्दै छन र तिनले पनि पाँच हातभन्दा बढी जमिनमा अधिकार जमाउन सकेका छैनन् । संसारमा जति लामो म्याराथन दौडको यात्रा तय गरेर पुगेजतिको सबै जमिन पाउछौ भने पनि मरेपछि सबैलाई

चाहिने पाँच हात नै हो जसको लागि खोसाखोस र अंशवण्डा नगरे पनि मरेको लासले पक्कै सड्नु पर्ने छैन । मरे पछि डुमै राजा लगेर सत्गत् गरे सन्तानले पनि परलोक सुधार्लान् अन्यथा चिल, गीद्ध, स्याल, कुकुर माछाका पनि त नयाँ स्वादको खुराक पाउँदा दशैंको आभास मिल्छ । जिन्दगीमा कहिल्यै सेवा नगर्नेलाई पनि एउटा सेवा अन्जानमा गर्ने मौका त हात लाग्छ ।

साँच्चै भन्ने हो भने वा मथिङ्गल खुम्च्याएर प्रकृतिको काखमा एकान्त स्थलासनमा विराज हुने हो भने संसारका जति सीमारेखाहरु छन ती सबै सांसारिक विनासका कारक मात्रै हुन सक्छन त्यहाँभन्दा उम्दा केही होइन । एउटै पृथ्वी एउटै राष्ट्र एउटै राष्ट्रियता 'मानव' प्राणी पृथ्वी सबैको साझा घर भन्ने सहअस्तित्ववादी मान्यता पहिला थियो भविष्यमा पनि हुनु पर्ला । बीचमा यो धरतीलाई सानासाना टुक्रा र खण्ड खण्डमा खण्डित गर्ने र अंशवण्डा गर्ने चाहना मानवीय अहम्, स्वार्थ र बर्बरताबाट नै जन्म लिएको हो भन्न मुख लुकाइरहनु पर्दैन । तथापि सभ्यताको उच्चतम् विकासको नमूना प्रस्तुत गर्नु पर्ने २१ औं शदीको नयाँ विश्वमा चर्कँदै गएको छ अनेक भेदहरु र अब चाहिएको छ सबैलाई आमाको पनि अंशवण्डा । भाइफुटे गँवार लुटे । लुछिन्छ्न सुस्ता, महेशपुर, कालापानी, गण्डकी कोशी, महाकाली मधेश र चाहिएको छ पहाड, हिमाल, वाइसी, चौबीसी, लिम्बु, खुम्बु, मगराती, गुरुङ्ग, भावर, थारु आदि आदि कविला राज्यहरु । अनि हरेक आमाको रोदनहरु, पीडाहरु, आबरुहरु अनि जब आमा नै लुछिन्छन् अनि कसले दिन्छ एक महान् आमा ।

अनि अवसान हुन्छ आमाको चोक्टा लाम्टा हाडखोरमा र अनि शुरु हुन्छ आमाको चिहानमा विजयोत्सव र अन्तिमभोज । भोजको पूर्वाभ्यास शुरु भएको छ धेरै पहिलादेखि नै जब आदिम युग छोडेर मान्छे एक खुड्किलो चढ्दै दास युगमा प्रवेश गऱ्यो । अहिलेदेखि नै मातमा, कसैको साथमा, उन्मादमा आमाको चोक्टा पोलेको भष्म ! घर नै डढाएपछि खरानीको के खाँचो सबैलाई काम चल्छ वल्लो घर पल्लो घर । अनि एउटा कथा तयार हुन्छ झड्केला छोराहरु अर्काकी आमाको आफ्नी आमा त अर्कै छ लुटको धन फूपुको श्राद्ध ।

कविता

# कालो पाटी

• राम खनाल



ऊ कालो पाटी हो शिखर पथमा लम्कन भनी
हिंडेको यात्री त्यो सकल जनमा ज्ञान छ दिने
रुपै कालो तिम्रो तर मन असाध्यै फटिक छ
जहाँ जान्छौ बाँड्छौं गणित कखरा प्यार मनमा ।

म बोकी हिंड्थे श्यामपट अति राम्रो जतनले
म काखीमा च्याप्थें हर दिन पढेरै रहरले
भयो बारा-सारा सकिन तर यो फाल्न मनले
चरककै छाति भो कहर सित रोयो नयनले ।

भयो चारै टुक्रा जतनसित राखे तर पनि
म रोएँ चौपट्टै अझ पनि अझै घायल बनी
म भन्दा जेठो त्यो हरपल पढायो सहजले
सिकायो ऊसैले पुलकित भएँ रेछ गरिमा ।

उकाली ओराली समथर सबै खोच भरिमा
म बोक्थें झोलामा अति जतनले प्रेम रसमा
छुटेको धेरै भो मगज पटमा चेत छ अझै
झझल्को उस्तै यो हरबखत आभासित सधैं ।

# "कहीं पर फूल-तितली ..." गजलको अन्तर्वस्तु र संरचना



● प्रा.डा. कपिलदेव लामिछाने

### १. विषय प्रवेश

भारतीय गजल र त्यसमा पनि आधुनिक हिन्दी गजलका दुनियाँमा वशिष्ठ अनूप एक सुपरिचित, श्रेष्ठ र विशिष्ट स्रष्टाको नाउँ हो । भारतको गोरखपुर जिल्लाको बडहलगंजमा सन् १९६२ मा पिता लीलाधर तथा माता परमज्योति द्विवेदीका पुत्ररत्नका रूपमा जन्मेका अनूप द्विवेदी नै हिन्दी साहित्यमा वशिष्ठ अनूपका नामले विख्यात हुन पुगेका छन् । लामो समयदेखि काशी हिन्दू विश्वविद्यालयमा प्राध्यापनरत वशिष्ठ अनूपको साधना र सिर्जनाले हिन्दी भाषा र साहित्यको भण्डार थप समृद्ध भएको छ । उनका प्रकाशित पुस्तक र जनजनका मनमा उनका सिर्जना रहेकोबाट यस कथनको पुष्टि हुन्छ । उनका स्वप्न के बाद (सन् १९८४), बन्जारे नयन (सन् २०००), रोशनी खतरे में है (सन् २००६), बेटियों के पक्ष में (सन् २००७), रौशनीकी कोपलें (सन् २०१०), अच्छा लगता है (सन् २०१२), मशालें फिर जलानेका समय है (सन् २०१३) जस्ता कविता सङ्ग्रह प्रकाशित भएका छन् । यस्तै उनले हिन्दी की जनवादी कविता, जगदीश गुप्तका काव्य-संसार, हिन्दी गजलकी प्रवृत्तियाँ, हिन्दी गीतका विकास और प्रमुख गीतकार, हिन्दी साहित्यका अभिनव इतिहास, गीतका आकाश, हिन्दी भाषा, साहित्य एवं पत्रकारिताका इतिहास, अँधेरे में : एक पुनर्विचार, असाध्य वीणा की साधना, उर्दू के प्रतिनिधि शायर और उनकी शायरी लगायत अरू ३३ पुस्तकको लेखन तथा सम्पादन गरेका छन् । उनले साहित्यिक त्रैमासिक पत्रिका शब्दार्थको सम्पादन पनि गरेका छन् । यी बाहेक पत्रपत्रिकामा उनका सयौँ फुटकर लेख-रचना प्रकाशित भएका छन् ।

यिनै थुप्रै कृतिका शृङ्खलामा तेरी आँखें बहुत बोलती हैं (गजल सङ्ग्रह) हालै (सन् २०१४) प्रकाशित भएको छ । यो ९० गजलको सङ्ग्रह हो । यीमध्ये केही गजल प्रणय विषयक, केही सामाजिक, केही राजनीतिक पनि रहेका छन् । नारी र प्रेम विषयमा मात्र गजल लेख्ने परिपाटीलाई वशिष्ठ अनूपले धेरै पछाडि छाडेर गजललाई एउटा रचना विधान, एउटा संरचना र एउटा रचना-प्रक्रिया मान्दै विषयको सीमा-बन्देजलाई तोडिदिएका छन् र गजलको नाता आम मानिससित जोडिदिएका छन् । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत गजलमध्ये 'कहीं पर फूल-तितली ... ' (२३ औँ) गजल पनि एक त्यस्तै गजल हो । यहाँ यसै गजलको अन्तर्वस्तु र संरचनाको विश्लेषण गरिएको छ ।

### २. 'कहीं पर फूल-तितली ... ' गजलको अन्तर्वस्तु

प्रस्तुत गजलको कथावस्तु विद्यमान विभेद वा असमानता हो । समाजमा वर्ग भेद भएकाले पृथक्-पृथक् वर्गको सोच, चिन्तन र आवश्यकता पृथक् छ । हुनेखाने र हुँदा खानेमा समानता हुनै

सक्दैन । वर्गीय समाजको हरेक चिज वर्गीय नै हुन्छ । सामन्ती शासन व्यवस्थाले गर्दा असमानता घट्नुको साटो बढ्दो छ । सेर-सेरको अन्तर्वस्तु हेर्ने हो भने यस्तो देखिन आउँछ ः

(१) कतै फूल, पुतली, रङ र झन्कारका कुरा छन् भने कतै भोक, रोटी, दर्द र फिलिङ्गाका कुरा छन् ।

(२) कतै गरिबको उजाडिँदो झोपडीको चिन्ता छ भने कतै गगनचुम्बी भव्य भवनका कुरा छन् ।

(३) लामो अवधिसम्म शासन गरेका राजा-रानीहरू इतिहासमा समेटिइसके, तर अहिले पनि दिल्लीमा राजपरिवाहरूको कुरा हुन्छ ।

(४) यहाँ लोकतन्त्र (जम्हूरियत) कागज र भाषणमा सीमित छ । वास्तवमा यहाँ डाँका र सरदारहरूको कुरा हुने गर्छ ।

(५) ऊ शब्दहरूमा एकदमै प्यारो र निर्दोष-निष्पाप लाग्दछ, तर उसको मनमा घृणा र हातहतियारका कुरा हुन्छन् ।

वर्गभेद वा असमानता केन्द्रीय कथ्य रहेको प्रस्तुत गजलमा कथ्यवस्तु उत्तरोत्तर प्रभावकारी बन्दै गएको छ । यसले गरिब, विपन्न वा हुँदा खानेहरूको यथार्थलाई देखाएको छ भने सम्पन्न, सम्भ्रान्त वा हुनेखानेहरूको जमिनी-हकिकत अर्थात् धरातलीय यथार्थलाई पनि बयान गरेको छ । हुनेखाने वर्गलाई उत्पीडक र हुँदा खाने वर्गलाई उत्पीडित वर्ग पनि भन्न सकिन्छ । समाज र सभ्यताको विकास सँगसँगै यी दुई वर्गको उत्पत्ति भएको हो । जहिलेदेखि वर्गको उत्पत्ति भयो, तहिलेदेखि नै वर्गद्वन्द्व वा वर्गसङ्घर्ष चलिरहेछ, चलिरहेछ । समयअनुसार तिनका रूप-स्वरूपमा परिवर्तन वा आरोह-अवरोह देखिए पनि सङ्घर्ष चिरन्तन हुन गएको छ । विवेच्य गजलमा वर्गसङ्घर्ष भन्दा पनि वर्गीय सोच वा चिन्तन कस्तो र केमा हुनेगर्छ भनी प्रस्ट्याइएको छ । उत्पीडित वर्ग भोक, रोटी, दर्द अर्थात् पीडा, फिलिङ्गो, झोपडीको चिन्तामा डुबेको छ भने त्यहीँ उत्पीडक वर्ग सुखसयल, आमोदप्रमोद, राजशाही, डकैंती, र गुन्डादलको चिन्तामा लीन छ । त्यसका लागि लोकतन्त्र मात्र कागज र भाषणमा सीमित छ । वास्तविक लोकसम्म ऊ पुग्नै चाहँदैन । मुखमा रामराम बगलीमा छुरा तिनको चरित्र हुन्छ । यसरी छोटो सानो एउटा गजलमा गजलकारले समाज र सभ्यताकै समस्यालाई साङ्केतिक रूपमा अभिव्यक्ति दिएका छन् ।

## ३. **'कहीं पर फूल-तितली...' गजलको संरचना**

गजल आफ्नो विशिष्ट रचना-विधान र गेयताका कारणले विशिष्ट रूपमा चिनिँदै आएको छ । गजल गीत झैं र अझ गीतभन्दा पनि विशिष्ट तवरले गाइन्छ भने कुनै गजल पाठ्य मात्रै पनि हुन सक्छ । इतिहासको कुनै कालखण्डमा यो यसको प्रणयकेन्द्री कथ्यवस्तु वा भावका कारण चिनिँदो हो, तर यता आएर गजलमा 'अमुक विषयवस्तुमा रचित' भन्ने सीमा हटेको छ । तसर्थ प्रणयभाव र गेयताले गर्दा होइन, यसको विशिष्ट रचना-विधान वा संरचनाले गर्दा गजल विशिष्ट काव्यविधाका रूपमा स्थापित भएको छ (लामिछाने, २०६८ः१५५) । गजलको रचना-विधान वा संरचनामा सेर, मतला, मकता, तखल्लुस, काफिया, रदिफ, लय आदि रहेका हुन्छन् । वशिष्ठ अनूपका अधिकांश गजलमा गजलका यी तत्वको समुचित उपयोग भएको छ भने 'कहीं पर फूल-तितली ... ' मा पनि यिनको यथोचित उपयोग गरिएको छ ।

### ३.१ **सेर**

'कहीं पर फूल-तितली...' गजल पाँच सेरबाट निर्मित छ । यिनै पाँच सेरको समष्टि नै 'कहीं पर फूल-तितली ... ' गजल हो । हरेक सेरमा दुईवटा मिसरा हुन्छन् । सेरको पहिलो पङ्क्तिलाई मिसरा ए उला र दोस्रो पङ्क्तिलाई मिसरा ए सानी भनिन्छ । पहिलो पङ्क्तिले कुनै

विषयको उठान गर्छ भने दोस्रोले त्यसको परिपाक गरी बैठान गर्छ । त्यसैले सेर-समुच्चय नै गजल हो । 'कहीं पर फूल-तितली ... 'मा कुल मिलाएर दसवटा मिसरा रहेका छन् । हरेक दुई मिसरा वा एक सेरले एउटा पूर्ण कथ्य, सन्देश वा कुरा प्रस्तुत गर्छ । त्यसैले सेरको समष्टि नै एउटा गजल हो भन्न सकिन्छ । गजलका हरेक सेर अर्थका दृष्टिले स्वतन्त्र र अभिव्यक्तिका दृष्टिले पूर्ण मानिन्छन् । त्यसैले एउटा गजलका हरेक सेरमा अलगअलग विषय वा कथ्य हुन सक्छ (लामिछाने, २०६७/२०६८:३७) । यसरी हरेक सेरको प्रतिपाद्य वा कथ्यवस्तु अलग भएमा त्यस्तो गजललाई गैरमुसलसल भन्ने गरिन्छ भने हरेक सेरको प्रतिपाद्य वा केन्द्रीय कथ्यवस्तु उही वा एउटै भएमा त्यस्तो गजललाई मुसलसल गजल भन्ने गरिन्छ । मूल कथ्यवस्तु एउटै भए पनि तथा गजलका हरेक सेर पूर्ण र स्वतन्त्र भएर पनि खास विधानले गर्दा यस्ता सेर एउटा गजलका संरचक बन्दछन् । गृहनिर्माणका सन्दर्भमा हरेक इँटा आफैँमा पूर्ण र स्वतन्त्र हुन्छन्, तर गृह निर्माण भइसकेपछि ती त्यस निर्मितिका अङ्ग बन्दछन् । गजल र सेरका बीचमा पनि यस्तै सम्बन्ध देखिन्छ (लामिछाने, २०६८:१५५) । विवेच्य 'कहीं पर फूल-तितली ... ' गजलको कथ्यवस्तु वर्गीय विभेद हो, जसलाई यहाँ अलगअलग सेरमा प्रस्तुत गरिएको छ । हरेक सेरले अलगअलग रूपमा रहेर पनि अलग कथ्यवस्तु प्रस्तुत नगरी एउटै कथ्यवस्तु केन्द्रीय कथ्यको प्रतिपादन गरेका छन् । यस्तो कथ्यवस्तु यहाँ उत्तरोत्तर प्रभावकारी बन्दै गएको छ । तसर्थ सेरका दृष्टिले विवेच्य गजल मुसलसल गजलका रूपमा रहेको छ ।

### ३.२ मतला

गजलको पहिलो सेर नै मतला हो । यसलाई आरम्भिका पनि भन्न सकिन्छ । यसको अर्थ आरम्भ वा थालनी भन्ने हो । मतलाबाट नै विषयको आरम्भ हुने हुँदा यो अत्यन्त प्रभावकारी वा आकर्षक हुनु वाञ्छनीय छ । पाठक वा श्रोता मतलाबाट आकर्षित भएन भने गजलको बाँकी वा मूल अंश पढ्न वा सुन्नबाट विमुख हुन सक्छ । यो गीतको स्थायी जस्तै हो र गेय गजलमा त यसले स्थायीकै काम गर्दछ । त्यसैले गजलमा मतलाको महत्वपूर्ण भूमिका हुन्छ । 'कहीं पर फूल-तितली ... ' गजलमा निम्न अनुसारको मतला छ :

| | | |
|---|---|---|
| सेर-१/ मतला | कहीं पर फूल-तितली रंग झन्कारों की बातें हैं | मिसरा ए उला |
| | कहीं पर भूख, रोटी, दर्द अंगारों की बातें हैं | मिसरा ए सानी |

यो विवेच्य गजलको मतला अर्थात् प्रथम सेर हो । यस सेरबाट कतै फूल, पुतली, रङ र झन्कारका कुरा छन् भने कतै भोक, रोटी, दर्द र फिलिङ्गाका कुरा छन् भन्दै सामन्ती व्यवस्थामा हुने असमानता र वर्गीय विभेदयुक्त अवस्थाको उठान भएको छ र यसै विषय सन्दर्भमा पछिका सेरहरू र मकता आएका छन् ।

### ३.३ मकता

गजलको अन्तिम सेर नै मकता हो । मकताले गजलको अन्त वा समाप्तिको सङ्केत गर्छ । त्यसैले यसलाई अन्तिका पनि भनिन्छ । मकता पनि प्रभावकारी र रोचक हुनु वाञ्छनीय छ । प्रभावकारी मकताले पाठकमा दीर्घकालीन प्रभाव छाड्न सघाउँछ । विवेच्य गजलको मकता निम्न अनुसारको छ :

| | | |
|---|---|---|
| सेर-५/ मकता | वो शब्दों से बहुत प्यारा, बहुत मासूस लगता है | मिसरा ए उला |
| | पर उसके मन में नफरत और हथियारों की बातें हैं | मिसरा ए सानी |

प्रस्तुत मकतामा कथन चोटिलो छ । दुबै मिसराले मकताको रचना गरेका छन् । यहाँ पीडक वर्गको चरित्रलाई देखाइएको छ ।

### ३.४ तखल्लुस

गजलकारको सङ्क्षिप्त नाम वा उपनाम तखल्लुस हो । तखल्लुस द्व्यर्थक वा अनेकार्थक पनि हुन सक्दछ र यसले ध्वन्यात्मक उक्तिवैचित्र्य सिर्जना गर्दछ । गजलकारको परिचयको सङ्केत गर्नु र कौशल प्रकट गर्नु तखल्लुस प्रयोग गर्नुको प्रयोजन हो । तखल्लुस प्रायः मकतामा नै हुन्छ । विवेच्य गजलको संरचनामा गजलकार वशिष्ठ अनूपको नाम वा उपनाम प्रयुक्त नभएकाले यहाँ तखल्लुस छैन । तखल्लुस हुँदा गजलका अन्तमा थप चमत्कार प्रकट हुने भए पनि यो गजलको अनिवार्य घटक भने होइन । यस दृष्टिले यो अतिरिक्त अलङ्करण हो भन्न सकिन्छ ।

### ३.५ काफिया

गजलको रदिफभन्दा पहिले दोहोरिएर आउने समध्वन्यात्मक शब्दलाई काफिया भनिन्छ । यो एक किसिमको अनुप्रास हो । यसलाई उपान्त अनुप्रास पनि भन्न सकिन्छ । काफिया मिलाउनु कठिन कार्य हो भने यो गजलको कौशल पनि हो । विवेच्य गजलमा काफियाको सुन्दर प्रयोग भएको छ । जस्तै :

| क्र.स. | सेर | काफिया | चल् ध्वनि | अचल ध्वनि |
|---|---|---|---|---|
| १ | कहीं पर फूल-तितली रंग झन्कारों की बातें हैं<br>कहीं पर भूख, रोटी, दर्द अंगारों की बातें हैं | झन्कारों<br>अंगारों | क्<br>ग् | आरों<br>आरों |
| २ | गरीबों की उजडती झोंपडी की फिक्र है किसको<br>कहाँ तो गगनचुम्बी भव्य मीनारों की बातें हैं | मीनारों | न् | आरों |
| ३ | हुई मुद्दत कि राजा-रानियाँ इतिहास में सिमटे<br>मगर दिल्ली में अब भी राज परिवारों की बातें हैं | परिवारों | व् | आरों |
| ४ | यहाँ जम्हूरियत है सिर्फ कागज और भाषण में<br>हकीकत में डकैतों और सरदारों की बातें हैं | सरदारों | द् | आरों |
| ५ | वो शब्दों से बहुत प्यारा, बहुत मासूस लगता है<br>पर उसके मन में नफरत और हथियारों की बातें हैं | हथियारों | य् | आरों |

हरेक काफिया चल र अचल ध्वनिबाट बनेको हुन्छ भने विवेच्य गजलको काफिया पनि यसै गरी बनेको छ । यहाँ मतलामा 'झन्कारों र 'अंगारों', दोस्रो सेरमा 'मीनारों', तेस्रो सेरमा 'परिवारों', चौथो सेरमा 'सरदारों' र मकता अर्थात् पाँचौँ वा अन्तिम सेरमा 'हथियारों' शब्दले काफियाको भूमिका निर्वाह गरेका छन् । यहाँ मतलामा 'क्', र 'ग्' दोस्रो सेरमा 'न्' तेस्रो सेरमा 'व्' चौथो सेरमा 'द्' र मकता अर्थात् पाँचौँ सेरमा 'य्' चल ध्वनि हुन् भने प्रत्येक सेरको काफियाको अन्तमा आएको 'आरों' अचल ध्वनि हो । यी चल र अचल ध्वनि मिलेर एकएक काफियाको निर्माण गरेका छन् । हरेक काफियामा समध्वन्यात्मक र परिवर्तित व्यञ्जन ध्वनिका रूपमा चल ध्वनि आएका छन् र यिनले पृथक् पहिचान दिनुका साथै व्यतिरेकको काम गरेका छन् भने 'आरों' अचल अंश आएको छ । यस्तो प्रस्तुतिले गजलमा गेयता र कथनकौशल प्रकट भएको छ ।

### ३.६ रदिफ

मतलाका दुबै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीमा प्रयोग हुने अर्थात् मतलाको दुवै पङ्क्ति र मतलाभन्दा पछि आउने हरेक सेरको दोस्रो पङ्क्तिमा काफियाको पछाडि दोहोरिएर आउने उही शब्दलाई रदिफ भनिन्छ । यो गजलको अनिवार्य घटक होइन, तापनि यसको प्रयोगले गजल सुन्दर र प्रभावकारी हुन्छ । त्यसैले अधिकांश गजलमा रदिफको प्रयोग भएकै पाइन्छ । रदिफको प्रयोग भएको गजललाई मुरद्दफ गजल र रदिफको प्रयोग नभएका गजललाई गैरमुरद्दफ गजल भनिन्छ । विवेच्य गजलमा 'की बातें हैं' रदिफ हो । रदिफको प्रयोग भएकाले यो मुरद्दफ गजल हो । यो रदिफमा 'की बातें हैं' त्रि पद आएकाले यो बहुपदीय रदिफ हो ।

### ३.७ भाषाशैली

प्रस्तुत गजलको अभिव्यक्तिको माध्यम भाषा हिन्दी हो । हिन्दी नेपाल तराईका केही स्थानको वैकल्पिक सम्पर्क भाषा हो भने भारतको राष्ट्र भाषा पनि हो । यहाँ प्रयुक्त हिन्दी भाषामा सरलता र सहजता पाइन्छ । मिनार, मुद्दत, जम्हूरियत, फिक्र, सिर्फ, नफरत आदि अरबी-फारसी स्रोतका शब्दको प्रयोग भए पनि ती प्रसङ्गले गर्दा बोधगम्य रहेका छन् । यसले वशिष्ठ अनूपलाई भाषामा पाण्डिन्य प्रदर्शन गर्न नचाहने जनपक्षीय स्रष्टाका रूपमा उभ्याएको छ । भाषा सरल, बोधगम्य भईकन पनि ओजस्वी रहेको छ । काफिया र रदिफको प्रयोगले यो गजल ओजस्वी भएको छ र भाषा आलङ्कारिक बन्न गएको छ । फूल-तितली, उजडती झोंपडी, राजा-रानियाँ जस्ता पदावलीको प्रयोगका कारण श्रुतिमधुरता र पदलालित्य प्रकट भएको छ । यहाँ 'कहीं' (कतै), 'उस'ले वर्ग र वर्गीयता द्योतन गरेका छन् । शोषक-सामन्त, उत्पीडन, उत्पीडक, उत्पीडित आदि शब्दको प्रयोग नगरीकन त्यसलाई अभिव्यक्ति गर्न सक्नु गजलकार अनूपको खास खुबी हो । यसले गर्दा गजल बोझिलो होइन, ओजिलो भएको छ ।

### ३.८ लय

गजल लययुक्त गेय विधा भएकाले लय गजलको अनिवार्य संरचक घटक हो । गजलमा गजलकारले कुनै प्रचलित लयलाई प्रयोग गर्न सक्छ या निश्चित यति र गति हुने गरी स्वयमूले लयको निर्माण गर्न सक्छ । गजलको परम्परागत शास्त्रीय लयविधानलाई गजलशास्त्रमा बहर पनि भन्ने गरिन्छ । बहर भनेको लयको परम्परागत निश्चित व्यवस्था हो । यस्ता अनेक बहर प्रचलित छन् । विवेच्य प्रस्तुत गजलमा गजलकारले प्रचलित हजज मुसम्मन सालिम बहरको प्रयोग गरेका छन् । हजज मुसम्मन सालिम बहरको सूत्र मफाईलुन् ४ रहेको छ । यसलाई लघु र गुरुका हिसाबले ।ऽऽऽ सङ्केत चिन्हमा देखाउन सकिन्छ । यसलाई संस्कृतको विधाता छन्दका रूपमा पनि लिन सकिन्छ । यसलाई हरेक चौथो औच्चार्य अक्षरमा यति वा मध्यविश्राम गरी गायन वा पठन गरिन्छ । मतलाको मिसरा ए उलामा हजज मुसम्मन सालिम बहरको सूत्रलाई परीक्षण गरी हेरौँ :

| | | | | |
|---|---|---|---|---|
| सेर-१/ मतला | कहीं पर फूल-तितली रंग झन्कारों की बातें हैं | | | |
| | कहीं पर् फू | ल तित्ली रं | ग झन्कारों | की बातें हैं |
| | ।ऽऽऽ | ।ऽऽऽ | ।ऽऽऽ | ।ऽऽऽ |
| | मफाईलुन् | मफाईलुन् | मफाईलुन् | मफाईलुन् |

लेख्य रूपलाई हेरेर मात्र छन्द वा बहर नमिलेको भनिहाल्न सकिँदैन । उदाहरणका लागि 'की बातें हैं'मा 'की' दीर्घ छ, तर यसको उच्चारण लघु भएको छ । यहाँ मात्रा गिरावट भएको छ । यसरी हेर्दा प्रस्तुत गजल हजज मुसम्मन सालिम बहरमा रचना भएको देखिन्छ ।

## ४. ‘कहीं पर फूल–तितली ... ’ गजलको समष्टि अभिलक्षण

मतला, सेर, मकता, तखल्लुस, काफिया, रदिफ र लयका योगबाट एउटा गजल तयार हुन्छ । यी गजलका बाह्यावरण हुन् । गजलका सेरको प्रतिपाद्य वा कथ्यविषय गजलको अन्तर्वस्तु हो । त्यही अन्तर्वस्तुलाई यी बाह्यावरणको उपयोग र सहयोगबाट एउटा विशिष्ट कलारूप प्रदान गरिन्छ । त्यो अन्तर्वस्तुले यी उपकरणका सहायताबाट विशिष्ट कलारूप प्राप्त गर्नु नै गजल बन्नु हो (लामिछाने,२०६७/२०६८:४०-४१) । गजलका समष्टि अभिलक्षण वा संरचक घटकहरूलाई विवेच्य गजलमा निम्न अनुसार देखाउन सकिन्छ :

**‘कहीं पर फूल–तितली ... ’ गजल**

| | | |
|---|---|---|
| सेर १ | कहीं पर फूल-तितली रंग झन्कारों[1] की बातें हैं[2] | मिसरा ए उला |
| | कहीं पर भूख, रोटी, दर्द अंगारों[1] की बातें हैं[2] | मिसरा ए सानी |
| सेर २ | गरीबों की उजडती झोंपडी की फिक्र है किसको | मिसरा ए उला |
| | कहाँ तो गगनचुम्बी भव्य मीनारों[1] की बातें हैं[2] | मिसरा ए सानी |
| सेर ३ | हुई मुद्दत कि राजा-रानियाँ इतिहास में सिमटे | मिसरा ए उला |
| | मगर दिल्ली में अब भी राज परिवारों[1] की बातें हैं[2] | मिसरा ए सानी |
| सेर ४ | यहाँ जम्हूरियत है सिर्फ कागज और भाषण में | मिसरा ए उला |
| | हकीकत में डकैतों और सरदारों[1] की बातें हैं[2] | मिसरा ए सानी |
| सेर ५ | वो शब्दों से बहुत प्यारा, बहुत मासूस लगता है | मिसरा ए उला |
| | पर उसके मन में नफरत और हथियारों[1] की बातें हैं[2] | मिसरा ए सानी |

यस गजलमा मतला वा आरम्भिका, विभिन्न अन्य तीन सेर र मकता वा अन्तिका गरी जम्मा पाँच सेर छन् । मकतामा तखल्लुसको प्रयोग भएको छैन । मतलाको मिसरा ए उलाको ‘झन्कारों’ र मिसरा ए सानीको ‘अंगारों’, दोस्रो, तेस्रो र चौथो र पाँचौँ सेरको मिसरा ए सानीको क्रमशः ‘मीनारों’, ‘परिवारों’, ‘सरदारों’ र ‘हथियारों’ शब्दहरू उपान्त अनुप्रासका रूपमा समध्वन्यात्मक रूपमा आएका छन् । यही काफिया हो । यहाँ काफियालाई उच्चाङ्क (१) ले सङ्केत गरिएको छ । काफियाका पछाडि ‘की बातें हैं’ निरन्तर पुनरावृत्त भएको छ । यो रदिफ र बहुल पदीय रदिफ हो, जसलाई उच्चाङ्क (२) ले सङ्केत गरिएको छ । गीत र गजललाई प्रायः शीर्षक दिइन्न भने यहाँ यस पनि शीर्षक दिइएको छैन । यस गजलका समष्टिगत अभिलक्षणलाई निम्न अनुसार पनि देखाउन सकिन्छ :

- शीर्षक
+ सेर (५)
+ गजल मुसलसल
+ काफिया
+ रदिफ (+मुरद्दफ)
- तखल्लुस
+ हजज मुसम्मन सालिम बहर

यहाँ विश्लेष्य गजलका प्रमुख अभिलक्षण देखिएका छन् ।

**५. निष्कर्ष**

भारतीय साहित्यका मूर्धन्य स्रष्टा वशिष्ठ अनूपका ९० गजलको सङ्ग्रह तेरी आँखें बहुत बोलती हैं (सन् २०१४) एउटा अनुपम प्राप्ति हो । यस सङ्ग्रहका ९० गजलमध्ये २३ औँ क्रमको गजल ‘कहीं पर फूल-तितली ...’ पनि एक हो । यहाँ विवेचनाका निमित्त यसलाई यादृच्छिक रूपमा चयन गरिएको हो । यस गजलमा पाँच सेर र दस मिसरा छन् । काफिया र रदिफ छन् । मकता र मतला छन् । हजज मुसम्मन सालिम बहर छ । यहाँ तखल्लुस बाहेक गजलका सबै संरचक घटकको उपस्थिति छ । यसमा सामाजिक आर्थिक असमानता अर्थात् वर्गीयतालाई कथ्यवस्तु बनाइएको छ । यहाँ समाजमा विद्यमान वर्गभेद र वर्गीय चरित्र प्रतिध्वनित वा अभिव्यञ्जित भएको छ । कसैलाई मानवोचित ढङ्गले जिउनकै समस्या छ भने कसैलाई बडाबडा आलिसान भवन र सुखसुविधाकै चिन्ता छ । हतियार त्यही सम्पन्न वर्गका हातमा छ । सम्पन्न वर्गले अनेक तिकडम र हतियारको प्रयोगद्वारा सर्वसाधारणलाई आफ्नो बाघपन्जामा राख्दै आइरहेको छ । गजलकार अनूपले निम्न वर्गीय अभाव, शोषण र तज्जन्य पीडालाई नजिकबाट आत्मसात् गरेको पाइन्छ भने यहाँ त्यसको अभिव्यञ्जना पनि हुन पुगेको छ । यस गजलको अन्तर्वस्तुले सामाजिक तथा राजनीतिक स्पर्श पाएको छ । यसरी वशिष्ठ अनूपका प्रगतिशील गजलमध्ये यो एउटा उम्दा गजलका रूपमा देखापरेको छ ।

**सन्दर्भसूची**


अनूप, वशिष्ठ, सन् २०१४, तेरी आँखें बहुत बोलती हैं (गजलसङ्ग्रह) दिल्ली : विजया बुक्स ।

गौतम, देवीप्रसाद, २०६७, ‘लातुपाते नुग्यो भैंतिर : सङ्कथन विश्लेषण’ शब्द संयोजन, वर्ष ७, अङ्क १०, पूर्णाङ्क ८१, पृ.४०-४२ ।

पन्थी, देवी, २०५६, गजल सिद्धान्त र समालोचना, काठमाडौँः विविध वाङ्मय प्रकाशन ।

बराल, कृष्णहरि, २०६४, गजलः सिद्धान्त र परम्परा, काठमाडौँः साझा प्रकाशन ।

लामिछाने, कपिलदेव, २०६२,‘घनश्याम न्यौपाने ‘परिश्रमी’का गजलको अन्तर्वस्तु’ घनश्याम ढकाल (सम्पा.) यथार्थवादी नेपाली समालोचना, पोखराः गण्डकी साहित्य सङ्गम ।

... ... ..., २०६७/२०६८, ‘बिना अर्थ गजलको संरचनात्मक विश्लेषण’ जुही पूर्णाङ्क ६४, मधु पोखरेल विशेषाङ्क, पृ.३७-४२ ।

..., ..., २०६८, ‘गरिबको भोको भेट गजलको रचना विधान’, जुही पूर्णाङ्क ६७, पृ.१५३-१६१ ।



**बडा दसैं २०७१ को सुखद् अवसरमा**
**हाम्रा समस्त ग्राहकवर्गहरूमा सुख, शान्ति, समृद्धि,**
**सुस्वास्थ्य, दीर्घायू एवं सफलताको**
**हार्दिक मंगलमय शुभकामना**
**व्यक्त गर्दछौं ।**

**नेपाल टेलिकम परिवार**

# एकान्त

• भरत भारद्वाज

**पात्र :** फूल र भँवरा
**स्थान :** फूलवारी
**समय :** साँझ

(भँवरा फूलतिर आउँछ । फूल काँडाको आँखाले हेर्छे)

फूल- को तिमी ?
भँवरा- म भँवरा तिम्रो ।
फूल- मेरो कसरी ?
भँवरा- किनकी तिमी फूल ।
फूल- किन आयौ ?
भँवरा- आउनु स्वाभाविक छ प्राकृतिक नियम । किन हुँदैन र ?
फूल- मेरो फूलवारीमा र अझ ममा किन सोधिन्न ?
भँवरा- 'किन' को पर्खाल हुँदैन भँवरा विरूद्ध ।
फूल- हुन्छ मेरो अस्मिता रहिञ्जेल ।
भँवरा- तिम्रो अस्मिता स्वयम् तिम्रो पर्खाल हो । जसले तिमीमा मरूभूमि वा बगर ल्याउँछ ।
फूल- मेरो अस्मितामा बाढी ल्याउनु पनि ठिक हैन ।
भँवरा- बाढी हैन तिम्रो बगर विरूद्ध मेरो चुम्वनको हरियाली ।
फूल- हरियाली हैन मेरो पवित्रता भङ्ग गर्ने तिम्रो तयारी हो ।
भँवरा- पवित्रता भङ्ग नभै तिमीमा हरियो मुस्कान आउँदैन ।
फूल- तिम्रो मनपरीले ममा त्यस्तो मुस्कान आउँदैन ।
भँवरा- हामीहरू सुध्रे तिम्रो पेट भरिन्न ।
फूल- तिमीहरूको मौनताले हाम्रो अस्मिता र पवित्रता कायम रहन्छ ।
भँवरा- पवित्रता तिम्रो सपना हो जसलाई तिम्रै चालले भङ्ग गर्दछ ।
फूल- पवित्रता हाम्रो हक हो ।
भँवरा- पवित्रता तिम्रो प्रतिबन्ध हो ।
फूल- पवित्रता हाम्रो सर्वस्व हो ।
भँवरा- पवित्रता तिम्रो सर्वस्व हो भने के पार्कमा बसेका र प्रसुतीगृहमा पल्टेका सबै मरे सरह हुन त ?
फूल- अर्काको कुरा नगर मेरो कुरा गर ।
भँवरा- किन तिम्रो कारणले सिङ्गै समुद्र गुलियो हुन्छ र ? किन तिमी आकाशबाट आएकी हौ र ?
फूल- तिमी अर्को फूलमा जान सक्छौ ।
भँवरा- अर्को फूल पनि तिमी जस्तै कुरा गर्छन तर उनीहरू तिमी जस्तै खिन्न छैनन् ।
फूल- म खिन्न छैन कुण्ठित छैन । मेरो कुमारीत्व मलाई फापेको छ ।
भँवरा- तिम्रो पवित्रताले तिमीलाई सरापेको छ । नत्र तिम्रो अनुहार हँसिलो हुनुपर्ने । तिम्रो अनुहार भरि डण्डीफोर आएको छ । जो छेकिन्न ।
फूल- के तिमी डाक्टर हौ ?
भँवरा- फूलहरूको डाक्टर भँवरै हो । जसले फूलको मनको रोगलाई जाति पार्छ ।
फूल- म विरामी छैन ।
भँवरा- सबै डाक्टर कहाँ नजाने निरोगी हुँदैनन् ।
फूल- तिमी कस्तो डाक्टर ?
भँवरा- यस्तो डाक्टर जसले तिमीमा हरियाली ल्याउँछ स्पर्शको इञ्जेक्सनले । शुल्क डाक्टरले तिर्छ ।
फूल- मेरो पवित्रता भङ्ग हुँदा हरियाली हुन्छ ?
भँवरा- त्यो कुरा तिम्रै अस्मिता र पवित्रतालाई सोध ।
फूल- अर्थात म बगरमा छु भन्ने आधारमा ?
भँवरा- हो, यस्ता कुरा नभै म त्यस्तो कुरा गर्दिनँ ।
फूल- म आफन्तको गमलामा छु । मेरो

पर्खाल भित्र हरियाली छ ।

भँवरा- तिम्रो छातीमा अर्कैको आत्मा बोलिरहेछ ।

फूल- कसको ?

भँवरा- तिम्रो आफन्तको, समाजको ।

फूल- के मेरो मूल्य छैन अस्तित्व छैन ?

भँवरा- छैन जबसम्म तिमीमा अर्काको आत्मा हुन्छ ।

फूल- तिमीमा कसको आत्मा ?

भँवरा- बसन्तको, प्रेमको र सृष्टिको ।

फूल- तिम्रो अस्तित्व छैन ?

भँवरा- मलाई बसन्तले डोऱ्यायो तिमीमा ।

फूल- तिम्रो बसन्त र मेरो समाजको मिलनसंभव छैन । यौटा नदीका दुई किनार ।

भँवरा- फूलहरू कुरा यस्तो गर्छन तर दुबैलाई छोएर बग्छन् नदी झैं । उनीहरू नदी झैं डबलरोल गर्छन ।

फूल- अर्थात मेरो पवित्रता भङ्ग भइसक्यो ?

भँवरा- यसको साक्षी तिमी स्वयम हौ ।

फूल- म आफैं भन्दैछु मेरो पवित्रता कायम छ ।

भँवरा- कसको ?

फूल- मेरो ?

भँवरा- पर्खालको, समाजको ?

फूल- मेरै ।

भँवरा- कोही पनि नेपथ्यमा एकान्तमा पवित्र हुँदैन केवल दर्शकको अघि मात्र पवित्र हुन्छ ।

फूल- म भित्रै देखि पवित्र छु ।

भँवरा- सबै खेल त भित्रै हुन्छ । बाहिर त यसो भनिन्न ?

फूल- म खेलमा संलग्न छैन । नत्र म धमिलो र हिलाम्य हुनुपर्ने ।

भँवरा- जुन सृष्टिको अनुकुल छ त्यसलाई तिमी किन हिलो भन्दैछौ ।

फूल- तिमी जस्ता भँवराले गर्दा ।

भँवरा- हेर तिमीले सृष्टिको कारणलाई हिलो भनेसम्म तिमी स्वयम सुखी हुँदिनौ ।

फूल- अर्थात ?

भँवरा- तिमीले पवित्रतालाई जोड दिइरहे सृष्टिलाई पीर पर्छ । बसन्तलाई लघुताभास हुन्छ । प्रेमलाई पीडा हुन्छ ।

फूल- म आफू पवित्र बन्न पाउँदिन ?

भँवरा- पवित्र बन्न पाइन्छ तर पाखण्डी बन्न पाइन्न । तिमीहरूको नखरा वा पाखण्डले संसारलाई सरुवा रोग लाग्छ ।

फूल- अर्थात म सरुवा रोगी ।

भँवरा- सरुवा रोग तिम्रो आमाबाट सरेको सरुवारोग ।

फूल- कसरी ?

भँवरा- कसरी भन्ने तिम्री आमाले म जस्तै भँवराको अघि यसरी नै अटेर गरिन् र तिमी जन्मियौ आज तिमी यसरी अटेर गर्दैछौ । तर सृष्टि जारी छ यस्तै नखरा र पाखण्डले पनि ।

फूल- त्यसो भए म के गरूँ ?

भँवरा- जुन कारणले सृष्टिको पक्षमा हुन्छ । मिलनको पक्षमा हुन्छ । प्रेमको पक्षमा हुन्छ ।

फूल- फेरि पवित्रता भङ्ग गर्ने तयारी ?

भँवरा- मलाई संवाद दोहोऱ्याउने मन छैन । तिमीलाई पवित्र नै बन्ने मन छ भने कृपया पवित्रता भङ्ग गराउने हामीलाई मताउने खेलको तयारी चैं नगर ।

फूल- कस्तो खेल ?

भँवरा- मूर्ख फूलहरू आकर्षक र पवित्र देखिने दुबै खेल खेल्छन् । जुन कुरा बेकार छ ।

फूल- म यौटा कुरा गर्छु ।

भँवरा- ठिकै हो मसँग पवित्रताका यौटा कुरा गर्छौ अर्कोसँग बसन्तको अर्को कुरा गर्छौ ।

फूल- सबैसँग यौटै कुरा ।

भँवरा- सबै फूल यस्तै कुरा गर्छन् तर पवित्र चैं यौटा राम्रो भँवरा नआएसम्म हुन्छन् ।

फूल- त्यसैले तिमी खलनायक ।

भँवरा- फूल तिमी पनि खलनायिका । तर खलनायक पुरुषलाई नायक बनाउने काम फूलले नगरेसम्म ।

पर्दा खस्छ ।



# प्राज्ञ डा. जगमान गुरुङ

मरेको मान्छेको पछि लागेर गएको सातोलाई गाउँकै प्रसाद झाँक्रीले फर्काएर ल्याएपछि मात्र रोगबाट मुक्त भई उच्चशिक्षा पूरा गर्न सम्भव भएको बताउनु हुने डा. जगमान गुरुङ आफ्नो परम्परा, संस्कार, संस्कृति र धर्मप्रति अत्यन्तै आस्था राख्नु हुन्छ । व्यवहार, व्यक्तित्व र आचरणबाटै राष्ट्र र राष्ट्रियताप्रति हुरुक्क देखिनु हुने उहाँलाई चिन्ने विभिन्न आयाम र पक्षहरु छन् । उहाँलाई कुशल प्रशासक, प्राज्ञ, प्राध्यापक, अनुसन्धाता, लेखक, संस्कृतिविद्, इतिहासकार, फलित ज्योतिषी, धार्मिक गुरु तथा कर्मठ, सरल र उदार हृदयका, स्पष्टवक्ताका रूपमा जान्न सकिन्छ । कथित धार्मिक र जातियताका हल्ला चलिरहेको यस अवस्थामा यसभन्दा माथि उठेर आफ्नो पहिचान र राष्ट्रवादको आवाजलाई बुलन्द पार्नु पर्ने विचारमा अडिक उहाँ यसै कर्ममा लागि रहनु भएको छ ।

साविक लमजुङ तथा हाल कास्की जिल्लाको याङ्जाकोट, कोटालेटोलको कोटघर पैतृक थलो रहेका डा. जगमान गुरुङको जन्म चाहिँ मावली गाउँ कास्कीको लामीडाँडामा भएको हो । आमा जोगमाया गुरुङको कोखबाट वि.सं. २००४ साउन २४ गते शुक्रबार जन्मनु भएका उहाँले पिता शेरजङ्ग गुरुङबाट घरैमा कखरा सिक्ने मौका पाउनु भयो । उहाँले २०३० सालमा प्रधान नेपाली र प्राचीन इतिहास तथा संस्कृति विषयमा बि.ए. पास गरी २०३६ सालदेखि नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयमा एम.ए अध्ययन गर्दै सन् २००९ मा **'A Study on Sino-Tebetan**

**Astrological System Among the Gurungs of Gandaki Region in Western Nepal' शीर्षकमा विद्यावारिधि गर्नु भएको हो ।**

**२०४२ सालदेखि नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभागमा सहायक प्राध्यापकको जिम्मेवारी सम्हाल्नु भएका डा. गुरुङले वि.सं. २०२५ देखि नै सरकारी सेवाको अनुभव भने प्राप्त गरी सक्नु भएको थियो । वि.सं. २०२५ देखि २०२६ सम्म गण्डकी हुलाक नियन्त्रण कार्यालयको प्रशासनिक मुखिया पदमा रहेर काम गर्नु भयो भने वि.सं. २०३० भदौदेखि पृथ्वीनारायण क्याम्पस,को बाणिज्य संकायको हेड असिष्टेन्टको पद सम्हाल्नु भयो । वि.सं. २०३१ देखि पृथ्वीनारायण क्याम्पस, पोखरामै शिक्षा संकायको सहायक प्रशासनिक पदमा नियुक्त हुनु भयो । वि.सं. २०५५ को मङ्सिरमा नेपाल र एशियाली अनुसन्धान केन्द्रको नेपाली संस्कृति विषयको सहप्राध्यापक पदमा नियुक्त उहाँ यस सेवाबाट वि.सं. २०६६ माघ २० गते अवकाश हुनु भयो । वि.सं. २०६१ मा तात्कालिन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्राज्ञ परिषद्को सदस्यमा मनोनित उहाँ वि.सं. २०६६ माघ २१ गतेदेखि नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञसभाको सदस्य पदमा पनि मनोनयन हुनु भयो । नेपाल संस्कृत विश्वविद्यालयले २०६९ साल साउन १६ गतेदेखि दुई वर्षका लागि राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रको कार्यकारी निर्देशकमा मनोनीत गरेको उहाँलाई फेरि समय थप गरी उक्त जिम्मेवारी सुम्पेको छ ।**

**डा.चन्द्रप्रसाद गरुङ पुरस्कार– वि.सं. २०६४, नयराज पन्त शोधसम्मान– वि.सं.२०६४, पश्चिमाञ्चल क्षेत्रीय प्रतिभा पुरस्कार– वि.सं. २०७० लगायत दर्जनौं पुरस्कार र सम्मानले सम्मानित डा. गुरुङ राज्यको स्रोत उपभोग गर्नुका अतिरिक्त राष्ट्रलाई आ–आफ्नो क्षेत्रबाट केही न केही योगदान दिनु प्रत्येक नागरिकको परम् कर्तव्य हो भन्ने विचारका हिमायती हुनुहुन्छ । राष्ट्र निर्माण र राष्ट्रियताको प्रवर्द्धनका लागि देशसँग भावनात्मक एकता अत्यावश्यक छ भन्ने मत राख्नु हुन्छ । प्रस्तुत छ डा. जगमान गुरुङसँग हाम्रा सहसम्पादक यशु श्रेष्ठले गर्नु भएको कुराकानीको सारसंक्षेप –सम्पादक)**

**तपाईँ इतिहास र संस्कृतिका विषयमा कसरी आकर्षित हुनु भयो ?**

– सुरुमा प्रशासनिक काममा हात हालेको भए पनि मेरो रुचिको विषय संस्कार र संस्कृतितिर नै थियो । यसो हुनुमा मेरो पारिवारिक पृष्ठभूमिको ठुलो हात छ । यसबारे विधिवत् अध्ययन गर्ने भनेर मैले निकै पछि अध्ययन थाले पनि सोधखोज र चासो चाहिँ ममा निकै पहिलादेखि नै थियो ।

मेरो जेठा बाको घर र हाम्रो घरको धुरी, पाली र आँगन जोडिएको छ । जेठा बा बिहानभरि आफ्नो घरको पिंढीमा बसेर हेरकोर गर्नुहुन्थ्यो । तन्त्रमन्त्र गर्ने र जन्त्र लेख्नु हुन्थ्यो । उहाँको सङ्ग्रहमा म भन्दा आठ पुस्ता अघिका हाम्रा पुर्खा चामु क्ह्रोंगि लामा गुरुङले वि.सं. १८५२ मा लेखेको तन्त्रमन्त्रको सङ्ग्रह भएको जन्त्रवती नामक एउटा पुस्तक थियो । त्यसैको आधारमा उहाँ विभिन्न रोग निवारण गर्न मानिस र पशुको लागि समेत जन्त्र लेख्नु हुन्थ्यो । कहिले काहीँ बिहानै र प्रायःजसो खाना खाए पछि दिउँसो आँगनमा कचहरी हुन्थ्यो । यो परम्परा पहिलेदेखि नै थियो । उहाँ गाउँको प्रधानपञ्च पनि हुनु भयो । त्यस पछि त कचहरी र लेखापढीको काम अझ बढ्यो । ठुल्ठुला

कचहरीहरु गाउँको चौतारामा गरिन्थ्यो । बेलुका खाना खाए पछि इतिहासको कुरा चल्थ्यो । सरकारी कर्मचारीहरु आएमा ऐन, कानून र मुद्दा मामिलाका कुराहरु हुन्थ्यो । जेठा बाको घर परिवार नभई एउटा संस्था जस्तो थियो । मैले चाहेर पनि नचाहेर पनि ती कुराहरु सुन्न र देख्न पर्थ्यो । यसरी यसप्रति मेरो चासो बढ्दै गयो ।

पछि मैले प्राचीन इतिहास विषय लिएर वि.ए. पढैं । वि.ए.को जाँच दिएर रिजल्ट नहुँदै मैले गुरुङ गाउँको अध्ययन गर्ने मौका पाएँ । राविसे लागू हुनु भन्दा पहिले सामाजिक सेवा अर्न्तगत तात्कालिन श्री ५ को सरकारले विश्व विद्यालयलाई कहिले कहिले पैसा दिर्दौ रहेछ । त्यतिखेर क्याम्पस हैन कलेज भनिन्थ्यो । विश्व विद्यालयले विभिन्न कलेजहरुलाई त्यो पैसा पठाउँदो रहेछ । कलेजका शिक्षकहरुले त्यहाँका विद्यार्थीहरुलाई लिएर सामाजिक सेवाका लागि गाउँ गाउँ जानु पर्ने रहेछ । सामाजिक सेवामा मलाई माया गर्ने शिक्षक हुनुहुन्थ्यो गणेशमान पालिखे । उहाँले मलाई पनि लिएर जानु भयो । हामी गुरुङ गाउँ सिक्लेसमा गयौं । त्यसबेलामा मैले गरेको कामले शिक्षक अत्यन्तै प्रभावित पनि हुनु भयो ।

वि.ए. पास गरे पछि म उहाँसँगै काम गर्दै थिएँ । यसै सिलसिलामा म वि.सं. २०३१ मा पृथ्वीनारयण क्याम्पस, शिक्षा सङ्कायको सहायक प्रशासक पदमा नियुक्त भएँ । केही पछि विकेन्द्रिकरणको नीति लागू भयो । यसै अनुसार मानविकी सङ्कायको डीन कार्यलय पोखरामा स्थापना भयो । प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानको डीनमा नियुक्त भएर पोखरा आउनु भयो । मैले प्रशासकको नाताले डीन कार्यलयको लागि कर्मचारी नियुक्त गर्दा उहाँलाई राम्ररी सहयोग गरेको थिएँ । मेरो व्यवहार र अनुशन्धान प्रतिको रुचिबाट उहाँ प्रभावित हुन भएछ । त्यसकारण उहाँले मलाई तपाईँ अनुसन्धानमा रुचि भएको मान्छे, नेपाल र एशियाली अनुसन्धान केन्द्रमा मेरो साथी प्रा. डोरबहादुर विष्ट हुनुहुन्छ, तपाईँ काठमाडौं गएर अनुसन्धान गर्नुहोस् भनेर काठमाडौं पठाइदिनु भयो ।

२०३५ सालको चैत्रमा म काठमाडौं आएँ । नेपाल र एशियाली अनुसन्धान केन्द्रमा आए पछि कार्यकारी निर्देशक प्रा.डोरबहादुर विष्टले मलाई इतिहासविद् धनवज्र बज्राचार्यको मातहतमा रहेर अनुसन्धानको काम गर्न लगाउनु भयो । मेरो अध्ययन अगाडि बढाउन पनि मद्दत गर्नु भयो । मैले वि.सं. २०३६ देखि नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयमा एम.ए. पढ्न थालैं । यसरी म इतिहास र संस्कृतिको विषयमा गहिरिँदै गएँ ।

**फेरि ज्योतिषशास्त्रको अध्ययन चाहिं किन ?**

– माथि भनिए झैं यसमा पनि मेरो पारिवारिक पृष्ठभूमिको ठुलो हात छ । मेरा जेठा बाकहाँ कास्की, मान्द्रेढुङ्गाका रुद्र गिरी गुरु बराबर आइरहनु हुन्थ्यो । रुद्र गिरी गुरु ज्योतिष, तन्त्र र आयुर्वेदका ज्ञाता हुनुहुन्थ्यो । यसरी ठुलाबडा, नाता कुटुम्ब र इष्टमित्रहरु आएमा थिति रीति र त्यही अनुसारको कुरा हुन्थ्यो । मलाई यी सब कुराहरुले गहिरो प्रभाव परिरहेको थियो ।

मेरा बा २०३९ सालमा दिवङ्गत हुनु भयो । जेठा बा पनि वृद्ध भइसक्नु भएको थियो । मैले पनि एम.ए. उत्तीर्ण गरिसकेको थिएँ । आफूले पढेको विषय, घरको परम्परा र आफ्नो इच्छा सबै कुरा मिल्यो । त्यसकारण आफ्नो वंश परम्परादेखि चल्दै आएको ज्योतिषशास्त्र र तन्त्रविद्याको अपुताली पार्न भएन, पितृले सराप्ला भनेर त्यस दिशातिर बढी चासो राख्न थालैं ।

**पत्रपत्रिकामा राशीफल छापिन्छन्, टि.भि., रेडियोमा बताइन्छन्, बाह्रराशीको यो राशीफल यत्रा व्यक्तिहरुका निमित्त सही**

**हुन सक्छ ?**

– व्यक्तिको जन्म साल, महिना, दिन, तिथि, मिति, घडी, पला आदि सम्पुर्ण कुराहरुलाई अध्ययन गरिसके पछि राशी तोकिन्छ । व्यक्ति जन्मदा कसरी जन्मेको छ ? त्यसले पनि राशीफलमा असर गर्छ । अब अचेल त अस्पतालमा बच्चा जन्माइन्छ, खाटमा जन्माइन्छ, बच्चाले भूस्पर्श गर्नै पाएको हुँदैन । यसले पनि राशीफलमा असर गरिरहेको हुन्छ ।

ज्योतिषशास्त्र भनेको खगोलको अध्ययन हो । ग्रह, नक्षत्र, ताराहरुको अध्ययन हो । त्यसको भुइँमा कस्तो असर परिरहेको छ ? त्यसले बालकमा कसरी असर गरिरहेको छ ? आदि कुराहरुले अत्यन्तै प्रभाव पारिरहेको हुन्छ । फेरि राशीफल बताउने व्यक्तिको सिद्धिले पनि फरक पर्न सक्छ ।

राशीफल हचुवाको भरमा बताइने फल होइन । हिसाब गरेर, अध्ययन गरेर बताइने फल हो, यदि यी सबै कुराहरुलाई विचारेर बताइन्छ भने सही हुन सक्छ ।

**राशीफलमा विश्वास राख्नु त आफ्नो जीवन भाग्यको भरमा छोड्नु जस्तो भयो होइन र ?**

– राशी भनेको भाग्य होइन । यसले त भएको कुरा बताउने हो । मैले माथि नै भनिसकेँ, यो खगोलको अध्ययन हो । खगोलको भूगोलमा, भूगोलको प्राणीमा, वनस्पति, जड पदार्थ आदिमा कस्तो प्रभाव पर्छ त ? भन्ने अध्ययन र फलादेश हो । तिम्रो जीवनमा यस्तो यस्तो हुँदै छ भन्ने कुरो यसले बताउँछ । कतिखेर गर्भधान भएको छ ? मानिस जन्मदा पूर्व क्षितिजमा कुन लग्नको उदय भएको छ ? यी यस्ता कुराहरुले चाहिँ यसमा प्रभाव पर्दछ । मानिसको जीवनका भूत, वर्तमान र भविष्यलाई चिरफार गरेर ज्योतिष विज्ञानले बताउन सक्छ तर बताउने मानिसको सिद्धि, त्यसप्रतिको आश्था, लगनशीलता, इमान्दारीता सबैमा भर पर्छ ।

**हामी आफ्नो संस्कार र संस्कृतिलाई भुसुक्कै बिर्सँदै विदेशी संस्कृतिमा रमाइर हेछौं, यसमा तपाइँको दृष्टिकोण के छ ?**

– हामी सजिलोको खोजीमा छौं, जसले आफूलाई नै बिर्सिरहेका छौँ । सबै पुराना रीतिरिवाज, संस्कार र संस्कृतिलाई पछ्याइरहनु पर्ने भन्ने पनि होइन । कति अपनाउने अनि कति नअपनाउने भन्ने त हुन्छ तर सबैतिर सजिलोको खोजी गरेर आफूलाई र आफ्नोपनलाई नै मेट्दै अन्तै मोडिनु अति अशोभनीय र अव्यवहारिक भएको देख्दछु ।

हामीलाई हाम्रो संस्कार र संस्कृतिको महत्व नै थाहा छैन । हाम्रा धेरै संस्कार र संस्कृतिहरु बैज्ञानिक दृष्टिले पनि साह्रै महत्व बोकेका छन् तर त्यसप्रति हाम्रो ध्यानै जान सकेको पाइँदैन । विदेशी संस्कृतिमा त यो पनि नगर, यसो नि नगर, गर्नु पर्दैन भन्ने छ अनि गर्नै नपर्ने रहेछ भनेर हामी हचुवाको भरमा त्यतै लम्किरहेका छौँ । यसको सोधखोज र कारण केही थाहा छैन ।

संस्कार र संस्कृति भनेको धरातलीय अवस्था, वातावरण आदि आदिले फरक पार्दछ । हिमाली भेगमा पकाएको तसला नमाइने चलन हुन्छ । तराईमा चाहिँ दिन दिनै माझ्नु पर्दछ । हिमालमा चाहिँ नमाझे नि हुने, तराईमा चाहिँ माझ्नु पर्ने ? भनेर सजिलोतिर लागियो भने त बर्बादै हुन्छ नि । यसैले अरूको अक्कल बिना नै नक्कल गर्नु मनासिव होइन ।

**संस्कार र संस्कृतिप्रति आजका युवाहरुको विमोहको लागि कसलाई दोष दिनु हुन्छ ?**

– हामीले हाम्रो संस्कार र संस्कृतिको महत्व यो हो है ! यो यो कारणले यो गरेको हो, यसको कारण यो हो भनेर बुझाउन सकिरहेका छैनौं । हामी पुराना पुस्ताहरुले नयाँ पुस्ताहरुलाई ती कुराहरु दिन र महत्व दर्शाउन सकिरहेका छैनौं । यसमा हाम्रै पहिलो दोष छ । त्यसपछि विश्वविद्यालय,

प्रज्ञा प्रतिष्ठान, संस्कृति मन्त्रालय, शिक्षा मन्त्रालय अर्थात भनौं राज्यकै पनि कमजारी छ । यसको अर्थ यो हो, यसरी भएको हो भनेर स्पष्ट भनिदिन, महत्व दर्शाइदिन सकेमा कोही पनि अरूको नक्कल गर्नीतिर लाग्दै लाग्दैन । आफ्नै घरमा मीठो खान पाइन्छ भने अर्काको घरमा को जाला त ? त्यसैले सर्वप्रथम हामीले हामीलाई हामी नै भएर हेर्नुपर्छ ।

**अनि पुरानै संस्कार र संस्कृतिलाई सधैं अपनाइरहने हो भने नयाँपन नै नआउला नि त ?**

– केलाई अत्यन्तै नयाँ र केलाई अत्यन्तै पुरानो संस्कार र संस्कृति भन्नु ? युरोप, अमेरिकाका मान्छेहरु विज्ञानका चरम विकास र उपभोग गरिरहेका छन् । के उनीहरुले हिमालमा के ? नेपालमा के छ त ? पुराना अवस्था कस्ता रहेछन् ? भनेर खोजी गरिरहेका छैनन् त ? त्यही कुराहरुलाई टेकेर, छामेर, त्यसमै आधारित भएर काम गरिरहेको हामी पाउँदैनौं त ? ती चरम विकासबाट वाक्क दिक्क भएर फेरि आध्यात्मिक मार्गतिर आइरहेका छन् ।

मानिसले प्रकृतिलाई पनि वशमा पारेको यथार्थ हामीलाई थाहा छ । धेरै पहिलेको, सत्ययुगको अलौकिक घटना पनि होइन, चन्द्रशमशेरको पालाको कुरा हो । स्वर्गद्वारी महाप्रभुले डाँडामा गएर इन्द्रलाई हप्काउँथे, इन्द्र महाराज भनेर पुकार्ने होइन । ‘ए इन्द्रे ! गाईहरुले पानी पिउन पाएनन् । पानी पारी दे भन्थे !’ त्यस पछि पानी बररर पर्दथ्यो ।

उता भोजपुर दिङ्लाको आबालब्रह्मचारी षडानन्द अधिकारी एक ठाउँमा ब्रतबन्ध गर्दै थिए । त्यही बेलामा पानी, हावा र हुरी चल्न लाग्यो । सबै डराएर हाबाकाबा हुन लागे । उनले यसो आँखा चिम्लेर ध्यान गरेका थिए, त्यो पानी, हावा र हुरी बन्द भयो ।

पाइलट बाबा भनेर हामीले सुनेकै छौं । मिलिटरी पाइलट, लडाकु विमान चालक कसरी बाबा भए त ? उनी पाकिस्तानको युद्धमा गएका थिए । उनको विमानलाई एम्बुसमा पारेर खसाली दियो । अब पाइलट बाँच्ने अवस्थामा रहेनन् । सबैले मऱ्यो भनेर छोडे तर एउटा बाबा आएर उनलाई बचाइदिए । आफूलाई बचाउने बाबा सम्झँदा उनलाई अचम्म लाग्यो । उनले जागिर छाडे अनि ती बाबाको खोजीमा हिँडे । खोज्दै जाँदा हेटौडामाथिको भैंसे भन्ने ठाउँमा फेला पारे । उनले त्यहीं बसेर बाबाको सेवा गर्न लागे र सिद्धि प्राप्त गरे । उनले नै मेडिकल्ली फेल, मर्छ भनेको मान्छे, आँखाका वरिष्ठ डाक्टर-नेत्र विशेषज्ञ रामप्रसाद पोखरेललाई बिस वर्षको आयु थपिदिए । अहिले पाइलट बाबा भनेर उनी चर्चित छन् ।

अघिका ऋषिमुनिहरुलाई केही थाहै नभएको होइन । अहिलेको सौर्य शक्ति, पहिले पनि ऋषिमुनिहूले प्रयोग गर्दथे । तर उनीहरु भौतिक मार्गलाई तुच्छ सम्झन्थे अनि यसलाई आध्यात्मिक मार्गमा, मुक्ति मार्गका लागि प्रयोग गर्दथे भने अहिले भौतिकमार्गका लागि प्रयोग गर्दछौं । त्यही भएर त दरबारमा बसेका, जुहारतका श्रीपेच लगाएका राजा-महाराजहरु पनि धुलोले लटपटिएका, पटपटी फुटेका गोडामा गएर घुप्लुक्क घोप्टिन्थे । आर्शीवाद माग्दथे ।

प्राचीन कुरा अवैज्ञानिक र रुढीवाद पटक्कै होइन, त्यो वास्तविक हो तर त्यो मार्ग हामीले अनुशरण गर्न सकिरहकेका छैनौं । त्यसैले हामीले पुरानो कुरा फर्किएला कि, नयाँ कुरा नआउला कि नयाँलाई अनुशरण गर्न नसकिएला कि भनेर चिन्तै मान्नु पर्दैन ।

**यसको रक्षाका निम्ति हाम्रो दायित्व चाहिँ के त ?**

– हामीले आफ्नोपनको अध्ययन गर्नु पऱ्यो । आफ्नोपनलाई चिन्नु पऱ्यो । विद्वानहरुले यसको महत्व दर्शाइदिनु पऱ्यो ।

विद्वानहरुलाई खुलस्त रूपमा भन्न पाउने वातावरण बनाइदिनु पर्‍यो । यससँग सरोकार राख्ने सबै निकायहरु यसमा लाग्नु पर्‍यो ।

**धर्म, जातीयता र क्षेत्रीयताका कुरा अचेल खूबै उठेका छन्, तपाइँ के भन्नु हुन्छ ?**

– हामीले सर्वधर्म समभाव भन्ने भावना लिएर अघि बढ्नु पर्छ । राज्यको विधान सबैले मान्नु पर्छ । राज्यले पनि सबैलाई बाटो खुला हुने गरी व्यवहार गर्नु पर्छ । यही राज्यमा हामी बस्छौं, त्यसैले हामी नै मिलेर बाटो निर्माण गर्नु पर्छ । आफूलाई आफ्नो पहिचान त चाहिन्छ, तर अरूको पहिचान मेटेर आफ्नो पहिचान निर्माण गर्ने पनि होइन । द्वन्द्व, उच्शृङ्खलता, एउटाले अर्कालाई आक्षेप लगाउने, गाली गर्ने होइन ।

देखिन्छ, अबको युद्ध जाति, धर्म, भाषा र संस्कृतिमै हुनेछ तर यसो हुन दिनु हुन्न । यसलाई बन्दुकले रोक्न सकिन्न तर समभावले राख्नु पर्छ । हिन्दु धर्मका विरुद्ध गैरहिन्दु एक हुने, गैर हिन्दुका विरुद्ध हिन्दु एक हुने जुन प्रवृत्ति पनि बढ्दै छ यो पटक्कै ठिक होइन । यसमा म विश्वास राख्दिन । हामी सर्व धर्म सम भावलाई आत्मसात गरेर अघि बढ्नु पर्छ ।

**१२५ को हाराहारीमा जातजाति र भाषाभाषी भएको मुलुकमा जातीय राज्यको निर्माण सम्भव छ ?**

– यति सानो देश, यसमा पनि जातीय राज्यको कुरा मलाई चाहिँ असम्भव हो भन्ने लाग्दछ ।

**पृथ्वीनारायणको एकिकरण अभियानलाई तपाइँ के भन्नुहुन्छ ?**

– हुन त अहिले नेपाल एकिकरण गरिएको हो कि राज्य विस्तार वा दिग्विजय हो भनेर पनि कुराहरु आइरहेका छन् । खासमा पृथ्वी नारायणको नेतृत्वमा नेपाली जनताले नेपाल राज्य विस्तार र एकिकरण गरेका हुन् । एउटा राज्यले अरु राज्यलाई जित्दै जित्दै आउनु राज्य विस्तार हो भने एकै राज्य टुक्रिएर छरिएको अवस्थामा पुनः एक बनाउनु एकिकरण हो । यसमा पृथ्वी नारायणले सही नेतृत्व गरेका थिए । आफ्नो धर्म भाकेर पनि जनताको रक्षा गर्छु भनेर लेखिएको पत्र हालसालै प्रकाशनमा आएको छ । तसर्थ पृथ्वी नारायणले एउटा सिङ्गो नेपाल बनाउन दुःख गरेकै हो । उनी राष्ट्रका लागि एक कारक हुन् ।

**मुख्य रूपमा जातीय हक-अधिकारको आवाजले एक जात र अर्को जातबिच नै मनमुटाव आइरहको ठान्नु हुन्न ?**

– एकदमै आइरहेको छ तर यो कुरा हुनै हुन्न ।

**यस खालका मुद्धाले फाइदा कसलाई गर्छ ? सही समाधान चाहिँ के हो त ?**

– यस्ता मुद्धाले त नेपाली विरोधी जो जो छन्, तिनलाई फाइदा गर्छ । निश्चित व्यक्ति वा समूहहरुको फाइदाका लागि यस्ता मुद्धाहरु उठिरहेका छन् । हामी नेपालीलाई यसले फाइदा गर्दै गर्दैन ।

नेपालमा विकेन्द्रिकरणको नीति नभएको होइन । तर हामीलाई सही नेतृत्व गर्छु भन्नेहरुले नै यसलाई सही सदुपयोग गर्दै अगाडिका बाटोहरु कोर्दै, सपार्दै जानु पर्नेमा झन् विगार्दै, कहिले जातीय, कहिले धार्मिक, कहिले के कहिले के मुद्धाहरु ल्याउँदै हामीलाई अल्मल्याई रहेको, हामीलाई नै उचाल्दै फेरि पछार्दै गरिरहेका छन् । यो कुरा हामी नेपालीले बुझ्नु पर्‍यो ।

**बुद्धधर्म पनि हिन्दु धर्मकै एउटा मार्ग हो भन्नेहरू एकातिर छन् भने अर्कातिर बुद्ध अनिश्वरवादी हुन् भन्नेहरु पनि छन् । फेरि पशुपतिनाथमा बुद्धको पूजा पनि हुन्छ । यसमा तपाईको विचार ?**

– बुद्धले आत्मा छैन । ईश्वर छैन भनेका छैनन् । यो कुरा अनिर्वचनीय, अकथनीय छ भनेका छन् । छैन, हैन त भनेकै छैनन् । राजा हुनु पर्ने मान्छे तर जगतको हितका लागि बुद्ध बने । यिनको आदर्श दुख

जति आफूले पचाउने र सुख जति जगतलाई दिने भन्ने हो ।

शिव भगवान्को पनि कालकुट विष निलेर निलकण्ठ भई रहेको भन्ने कथा छ । यसको अर्थ उनको पनि दुःख आफूले लिएर सुख जगतलाई दिनु नै मुख्य आर्दश हो । त्यसैले यी दुवैको आदर्श एक भएकाले यी दुवै एकाकार भएका हुन् । गुह्येश्वरीलाई हिन्दुको देवता भनिन्छ तर यसलाई स्यम्भुको फेद भनिएको छ । स्वयम्भु एउटा कमलको फुल हो, त्यसको फेद चाहिँ गुह्येश्वरीको कुण्ड हो भनिन्छ । त्यहाँ बौद्ध मार्गी बज्राचार्यहरुको दिवाली पूजा हुन्छ । यसैले तन्त्रले गर्दा शिव र बुद्धमा वास्तवमै अभेद छ ।

**हामी आफू अध्ययन-अनुसन्धानमा पछि छौं, विदेशीले गरिदिएको अनुसन्धानलाई विश्वास गर्छौं र त्यसैलाई पछ्याएर विश्लेषण गर्छौं, यसमा तपाईंको धारणा ?**

– हाम्रो आँखामा फुलो परेको छ । हामी पश्चिमा गोरा मान्छेले जे भन्यो, गर्‍यो त्यो ठिक भनेर दगुरिरहेका छौं । अङ्ग्रेजले अङ्ग्रजीमा लेखिदियो भने त्यो ठिक भनेर पछ्याइहाल्छौं । अध्ययन त जुन जहाँ जस्तो पनि गर्नु पर्‍यो तर आफ्नोपनको अध्ययन आफूले नै गर्नु पर्छ ।

हाम्रो कानूनी आधारमा जातभात छैन, सबै एकै हो भनेको छ भने फेरि कहाँबाट आयो यो जातीयता, धर्म अझ सिमान्तकृत, पिछडावर्ग यस्ता यस्ता वर्गिकरणहरु कहाँबाट आए ? यो सबै अमेरिकन समाजशास्त्री तथा मानवशास्त्रीहरुले ल्याए । हामी हाम्रा मनुस्मृति, गौतम धर्म सुत्रका असल कुरालाई पनि मान्दैनौं तर विदेशीको डिजाइनलाई चाहिँ सहर्ष स्वीकारछौं । उनीहरुका वर्ग विभाजनलाई मानेर चिच्याइरहन्छौं ।

**तपाईं सर्वप्रथम गुरूङ कि नेपाली ?**

– पहिले त आफ्नो जातीय पहिचान चाहियो नि । मेरो केही सद्गुण होला वा दुर्गुण होला, त्यसको सम्पुर्ण जिम्मेवारी त जगमान गरुङलाई आउँछ नि । यदि गुरुङ यो तिन अक्षर थिएन भने त मेरो के पहिचान भयो त ? त्यसैले आफ्नो पहिचान चाहिन्छ तर जातीय परिधी भित्र हामी सिमित हुनु हुँदैन । राष्ट्र र राष्ट्रियताप्रति नै हामी समर्पित हुनु पर्छ । धर्म, जाति र जातीयता भन्दा माथि उठेर राष्ट्र र राष्ट्रियताप्रति समर्पित भई राष्ट्रलाई जोगाउनु पर्छ ।

**नेपाली हुनुको नातामा गर्व गर्नु हुन्छ कि हीनताबोध ?**

– गर्व गर्छु । हामी नेपाली हौं भनेर गर्व गर्नु पर्ने प्रशस्त कुराहरु छन् हामीसँग । हामीसँग धन छैन होला तर हामीसँग मूर्त अमूर्त संस्कृति सम्पदा, प्राकृतिक सम्पदाहरु छन् । हामी बिच अझै पनि समभावको भावना छ । यस्तो विश्वमा कहीँ पनि छैन । धेरथोर उचनीच भएको होला, धेरथोर विग्रेको होला तर यसमा हामी दुखी हुनै पर्दैन । हामी राष्ट्र र राष्ट्रियताप्रति समर्पित भई राष्ट्र जोगाउन समभावको भावनामा अघि बढ्ने नै छौं ।

**तपाईं स्कुल जाँदाको पहिलो दिन सम्झनु हुन्छ ?**

– सानो छँदा गाउँमा स्कुल त थिएन । त्यसैले बुबाले नै मलाई घरैमा कखरा सिकाउनु भयो । २०१०-११ सालतिर हुँदो हो, बुबाले बसन्तपञ्चमीको दिनमा आफैंले मन्त्र पढेर, कलशमा ढोगाई ऊ परतिर सर्प मारेको छ रे हेर्न जाऔं भन्दै लिएर जानु भयो । गाउँको माँझको एउटा ठुलो घरको पिढीँमा गुन्द्री ओछ्याएर कास्की, अर्घौ, झाँजरमारेका बिचारी शेखरनाथ त्रिपाठीले पठाउनु हुन्थ्यो । त्यही लगेर बुबाले राखिदिनु भयो । मैले त्यहीँ पढ्न थालें ।

त्यति बेला पढाए वापत् फि भनेर केही तिर्नु पर्दैन थियो । कहिले घ्यु, कहिले चामल वा कहिले केही सामान दिइन्थ्यो । बाह्रखरी पढाए पछि कपाली तमसुक, भर्पाई, राजीनामा आदि लेख्न सिकाइन्थ्यो ।

**बालककालमा गरेको बद्मासी सम्झनु**

हुन्छ ?

– मैले बालककालमा खासै त्यस्तो उपद्रो केही गरिनँ । म बाबुको एक्लो छोरो, त्यसैले धेरै माया पाएको थिएँ । कहिले कहिले चाहिँ दही भएको ठेकी थाममा झुण्ड्याको बेलामा म दहीको तर झिकेर खाइदिन्थेँ । मैले खाएको थाहा पाए पछि आज त बिरालोले दही चोरेर खाए छ नि बाबै भनेर बुबाले मतिर हेर्दै मुसुक्क हाँस्नुहुन्थ्यो ।

**आफूले लेखेको पुस्तकहरू मध्ये तपाईँलाई सबैभन्दा मन परेको पुस्तक कुन हो ?**

– 'नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रस्रवणक्षेत्रका तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन वि.सं.- २०६१' र हाल लेख्दै गरेको जुन चाहिँ अझै दुई वर्ष लाग्छ होला पुरा गर्नलाई 'नेपालको राष्ट्रिय समीकरणमा अखण्ड शिवबुद्ध समन्वयवादको भूमिका' लेखिरहेको छु । यी दुई पुस्तक जिन्दगीको हाड घोटेर लेखेको र लेखिरहेको छु । यी पुस्तक मेरा लागि अमूल्य छन् ।

**भविष्यमा विशेष योजना छ कि ?**

– गर्नु पर्ने कामहरु त छँदैछन् तर लेखिरहेको उक्त पुस्तक सिध्याउने नै मेरो प्रमुख योजना हो । छिटै नै नेपाली संस्कृति र नेपाली राष्ट्रियता विषयक लेखहरुको सङ्गालो 'चिन्तन चूडामणि' प्रकाशित गर्ने योजनामा छु । यति सोचेको कुरा गरिसके पछि आफ्नै गाउँतिर फर्केर आनन्दसँग प्रकृतिसँग रमाउने विचार गरेको छु ।

**मैले यो कुरा 'नवप्रज्ञापन' साहित्यिक पत्रिकाको लागि गरेको हुँ । पत्रिका परिवार र हाम्रा आदरणीय पाठकहरूलाई थप केही भन्न चाहनु हुन्छ कि ?**

– जहाँ बसे पनि हामी आफ्नो जातीय पहिचानमा उभिएर त्यस भन्दा माथि उठी राष्ट्र र राष्ट्रियताप्रति समर्पित हुनु पर्दछ । राष्ट्रियता भन्ने कुरा कुनै सीमाले छेक्ने कुरा हैन । साँच्चै भन्ने हो भने राष्ट्रियताको कुरा नेपाल भन्दा पनि नेपाल बाहिरका नेपालीहरुमा छ । उनीहरुबाट हामीले सिक्नु पर्छ । नेपाली भाषा पनि यसको वा उसको होइन, राष्ट्र भाषा हो, यसलाई सम्पन्न गराउँनु पर्दछ । म 'नवप्रज्ञापन' साहित्यिक पत्रिकामार्फत् सबैलाई यही कुर ासधैं सम्झन अनुरोध गर्दै तपाईंहरुको पत्रिका नेपाल र नेपालीको एकता र समभावमा सदैव लागिरहोस् भन्ने शुभेच्छा राख्दछु ।

*प्रस्तुती : यशु श्रेष्ठ*

गीत

# मीठो बोली



● अच्युत रिजाल

सुसाएर बगिदिन्छ सम्झनाको खोली
जाने दिन थाहा छैन आज हो कि भोलि ॥
झरिपर्दा घाम जाति घाम लागे पानी
आसु हाँसो सुखदुःख मिली जिन्दगानी
के पाउनु छ र विरहमा मन पोली...

चित्त शुद्ध बनोस् सधैं आनन्दले बाँचौं
दया माया फैलाएर आनन्दले नाचौं
भरि रहूँ यसैगरी उमङ्गको झोली...

आफ्नै मुटु छटपटिन्छ व्यर्थै डाह गरे
टुङ्गो छैन जीवनको ऐले हो कि भरे
किन बस्नु बोकी कठै पीरैपिरको सोली...

बगैंचाको फूलसरि खुसियाली छरौं
मानवको मनभरि सुवासले भरौं
दिल खोली सबैसित बोलौं मीठो बोली...

# कृषक पाठशालामा



● उत्तम कँडेल

कृषि सामग्री कम्पनीमार्फत् वितरण हुँदै आइरहेको रासायनिक मलको खरिद तथ ावितरण प्रणालीबारे अध्ययन गर्नु थियो । सञ्चालक समितिमा नियुक्त भए पनि मलाई त्यस बारे विस्तृत जानकारी भइसकेको थिएन । प्रत्येक वर्ष करिब चौध/पन्ध्र अरब रुपैयाँ बराबरको मल आयात हुनु र ठूलो परिमाणमा धन विदेशिनु नेपाल जस्तो गरिब देशको लागि सामान्य भार हुँदै होइन । तैपनि देशमा उत्पादनको विकल्प नहुञ्जेल आयात गर्नुपर्ने हाम्रो बाध्यता हो । त्यो पनि भारतीय उत्पादनको मल सरल मूल्यमा पाउन सके केही राहत हुन्थ्यो । तेस्रो मुलुकबाट आयात गर्दा कलकत्ता बन्दरगाहमा हामीले अनेक झन्झट व्यहोर्नुपर्छ । यिनै समस्याको पेरिफेरीमा बन्दरगाह एवम् मल कारखाना समेतको अध्ययन गर्न र त्यसबारे अधिकारीहरुसँग छलफल गर्न हाम्रो टोली भारत पुगेको थियो ।

०७० सालको वैशाख ७ गते भ्रमणको साइत जुऱ्यो । सहयात्रीहरु उत्तम भट्टराई, अम्मरराज खैर, उपेन्द्र खनाल, गंगाधर अर्याल, भगवान खतिवडाको साथमा म पनि थिएँ । उक्त दिन दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिदा अपराह्न तीन बजेको थियो । त्यसपछि हामीहरुले दिल्ली, राजस्थानको कोटा, हैजरावाद, भिजगापट्टम् सहरहरु घुम्न भ्यायौं । दिल्ली पुगेको सातौं दिनको झम्के साँझमा भने हामीहरु उडिसाको राजधानी भुवनेश्वर आइपुगेका थियौं । त्यो रात सहरको एक होटलमा हाम्रो बास भयो । समग्रमा भ्रमण सफल र यात्रा रोचक हुँदै गइरहेको थियो ।

भोलिपल्टको बिहान । सखारै मलाई निद्राले छाड्यो । मैले उठेर झ्यालको पर्दा हटाएँ । पर्दाको चेपबाट विशाल भुवनेश्वर टिलपिल टिलपिल गर्दै समुद्रको छाल जस्तै आँखैभरि छचल्किन आइपुग्यो । अग्ला होचा हजारौं महलहरु निकै दुरदुरसम्म फैलिएका थिए । सफा मौसम र छ्याङ्ग खुलेको आकाशमा कहीँ कतै बादलको टुक्रासम्म थिएन । पश्चिमी आकाशबाट ओरालो झर्दै गरेको चन्द्रमा पनि गन्तव्यसम्म पुग्ने कोसिसमा थिइन् । बाँकी यात्रा तय गर्न उनी हतार हतार गर्दै थिइन् । तै क्षितिज टाढा थिएन । आफ्नै गतिमा उनको यात्रा जारी थियो । परपर क्षतिजसम्म म तन्कँदै गएँ । जता हेऱ्यो त्यतै आँखा अल्मलिन्थ्यो, रमाउथ्यो र खुसी हुन्थ्यो । हिजैदेखि अपचको कारणले म अस्वस्थ थिएँ । अझै निको भइसकेको थिएन । तैपनि भारी शरीर तर हलुका मन लिएर म झ्यालबाटै सहर विचरण गर्न थालें ।

सूर्योदयको बेला हो, अब एकै छिनमा घामको उज्यालोले धर्ती झलमल्ल हुन्छ तर घामका थोपाहरु धर्तीमा अझै आइपुगेका

थिएनन् । निकै पर आकासे पुलबाट हुत्तिएका एकादुई सवारीहरु ओह्रालो झर्दै घुम्तीबाट विलुप्त हुन्थे । त्यो दृश्यले मेरो मन र आँखालाई निकै ठूलो झट्का दिन्थ्यो । त्यतिबेला म यति अधैर्य हुन्थें कि कतिबेला कोठाबाट बाहिर जाऊँ र सहर विचरणको प्यास मेटाऊँ । सहरमा जताततै ठडिएका नरिवलका रुखहरु भने अग्लाअग्ला महलसँग पौंठेजोरी खेल्दै आकाश ताकेर अग्लिरहेका थिए । तिनका पातहरु मन्द हावाको बीचमा पनि मच्चीमच्ची हल्लेका थिए । सायद क्षितिजबाट हराउँदै गएको अँध्यारोलाई सहरले विदाइका हातहरु हल्लाइरहेका छन् । त्यो देखेर मेरो मन पनि किन-किन खुशीले फुर्के सल्ला जस्तै हल्लिन्थ्यो । नयाँ सहरको नयाँ बिहान कुनै नवजात शिशु जस्तै सुन्दर र सुकोमल थियो । लाग्थ्यो, काखैमा राखेर खेलाइ रहुँ र चुम्बन गरिरहुँ ।

भुवनेश्वरलाई म अझै नजिकबाट हेर्न र सुमसुम्याउन आतुर थिएँ । त्यसैले म नित्यकर्मपछि साथीहरुसँग छिटोछिटो सडकमा झरें । दुई वटा ससाना गाडी हाम्रो लागि तयार हालतमा खडा थियो । टोली नेता उत्तम भट्टराई र नन्दुजी मसँगै थिए । खैर, अर्याल, खनाल र खतिवडा अर्को गाडीमा चढ्नुभयो । खुला आकाशबाट भने ह्वार्रह्वारर्ती तातो राप आइरहेको थियो । मानौं नजिकै कतै आगोको भुङ्ग्रो जलिरहेको छ । 'बिहानैदेखि यतिसारो गर्मी ? यति लामो वर्षाकाल कसरी काट्लान यहाँका मानिसहरुले ?' मनले जिज्ञासा गर्‍यो तर मैले यस्तो सामान्य विषयको जवाफ पाउन कुनै पहल गरिन ।

नयाँ ठाउँमा नयाँ मान्छेको लागि हरेक दृश्यहरु दर्शनीय र रमणीय हुन्छन् । सहरको नौलो र सुन्दर दृश्य देखेर म रोमाञ्चित हुँदै गइरहेको थिएँ । घरीघरी म रमाइलो लाग्ने दृश्यहरु क्यामेरामा कैद गर्दै जान्थें । तर, चल्ती गाडीको कारण भनेजस्तो तस्बिर पाउन सकिरहेको थिइन । त्यसैले रोचक दृश्य देखिने वित्तिकै म त्यसबारे जानकारी लिन चुक्दिनथें । देखिएका तर थाहा नपाएका कतिपय विषयबारे सोधपुछ गर्दा ज्ञान बढ्छ । दोहोर्‍याएर आउन सकिएला या नसकिएला । आएको बेला धेरै जानकारी लिने पक्षमा थिएँ म । सहयात्री नन्दुबाट धेरै जिज्ञासाको तार्किक जवाफ पाइन्थ्यो । उनको जवाफ सुन्दा यस्तो लाग्थ्यो कि उनलाई भारत र भारतीय जीवनबारे पर्याप्त ज्ञान छ । गाडीको ड्राइभर स्थानीय थिए । उनीबाट पनि हामीहरु पर्याप्त जानकारी लिने कोसिस गर्थ्यौं । त्यसैले सहरको यात्रा निरस थिएन ।

घुम्न आउनेले राम्रो र सुन्दर वस्तु मात्र हेर्छु तर नराम्रा र कुरुप दृश्य हेर्दिन भन्न मिल्दैन । आँखाबाट छुटेको तरङ्गले एकैछिनमा राम्रा नराम्रा सबै दृश्यहरु बोकेर ल्याउँछ । सवाल के रहेछ भने सुन्दर वस्तुमा हाम्रो आँखा र मन टक्क अडिन्छ । फोहर र कुरुप ठाउँमा आँखा पुगेपछि भने मनले अनेक कुरा बोल्न खोज्छ । किनकि, त्यस्ता ठाउँहरु प्रायः गरिब, दुःखी र अभागीहरुसँग जोडिएको हुँदोरहेछ । कुरुप दृश्य असल मान्छेको निधारमा लागेको कलंकको टीका जस्तै हो । सहर घुमिरहँदा यस्तो लाग्थ्यो कि भुवनेश्वर गलगाँड बोकेर आफू सुन्दर भएको बहाना गर्दैछ ।

बाटो सहर भएतिरै कुदिरहेको थियो । हाम्रो गाडी झन् बढी बेगले र हाम्रा आँखाहरु त मनको गतिलाई पछ्याउँदै कताकता बेतोडले कुदेको थियो । हाम्रो आँखा कहिले गाडीको अगाडि, कहिले दायाँ त कहिले बायाँतर्फ जान्थ्यो । अनेक दृश्यहरु हाम्रो आँखामा कैद हुँदै गइरहेका थिए । महल र झुपडीहरु, सफा सडक र फोहोर गल्लीहरु, पसिना चुहाउँदै भारी बोक्ने श्रमिक र सान्दार मालिकहरु, मगन्ते र दानीहरु सहरभरि जताततै छ्यासछ्यास्ती देखिन्थे । कताकति

सफा हुनु र धेरै फोहोरका डुंगुर हुनु आधुनिक सहरका विशेषता हुन् । यो आश्चर्यको वात थिएन ।

तर, पनि भारतको मुख्य सडकमा हरियाली रोपेर शरीरमा टासिएको धुलो टक्टक्याउन खोजेजस्तो भान हुन्थ्यो । जताततै फोहोर छोपेर सभ्य भएको देखाउन चाहन्थ्यो । अनुहारमा लालीपाउडर धस्दैमा बुढ्यौली कहाँ छोपिन्छ र ? संसारका कैयौं देशहरुले गरिबी र अभावलाई जितेपछि सम्पन्न र सुखी बनेका हुन् । तर भारतमा कत्रो विभेद ? कोही धनी असाध्यै र कोही गरिब माग्ने । म कवि मविवि शाहको कविताको त्यो हरफलाई सम्झँदै थिएँ । गाडीको झ्यालबाट मैले रिक्सा चालक, भारी बोक्ने र सडक बनाउने मजदुरहरुको अनुहार नियाल्न कोसिस गरेँ । उनीहरुको मुहारमा कत्ति मुस्कान थिएन । 'सायद, यहींनेर चुकेको छ, भारत' मनको कुरा फुत्त बाहिर आयो । 'गरिबी र अभावलाई नघटाउने हो भने भारत आधुनिक देश बन्दैन ।' सँगै बसेका नन्दुले मेरो कुरामा सहमति जनाए ।

बरु अन्यत्रजस्तै यस सहरमा पनि तीब्र गतिमा निर्माण र पुनर्निर्माण भइरहेका थिए । जताततै सयौं मजदुर र मेसिनहरु काममा व्यस्त देखिन्थे । सडक, आकासे सडक, रेल्वे स्टेसन, विद्युत टावर, खेलमैदान, पार्क, आधुनिक भवन आदि निर्मण हुँदै गरेका अनेक संरचनाहरुले भुवनेश्वरलाई नयाँ रुप दिन खोज्दै थियो । यसको मतलब पुरानो सहर र समाज बद्लिंदै गएको छ । युगले मागेको दिशा र बाटो पक्रेर सहरले विकसित समाजको आकाङ्क्षा बोकेको छ । सायद सही उपाय र तरिका अप्नाएर सहरले बद्लिँदो योगलाई पछ्याएको छ । राज्यको सुविधाहरुको तीब्र विस्तार गरेर सकेसम्म जनताको सेवा गर्न खोजेको छ ।

स्थानीय सत्ताधारी बिजु जनता दल भने विकासको यो गति र योजनाहरुबाट पटक्क सन्तुष्ट रहेनछ । उसको बुझाइमा केन्द्र सरकार आग्रही छ । आलोचकलाई ऊ कम बजेट र योजना दिएर असफल बनाउन चाहान्छ । यो केन्द्रीय सरकारको अलोकतान्त्रिक चरित्र पनि हो । 'जसलाई हामी स्वीकार गर्न सक्दैनौं ।' दलले आफ्नो घोषणापत्रमा लेखेको थियो । 'देश बन्दै गर्दा गरिबी र अभाव हट्यो भने पो रमाउनु, खुसी हुनु । महल थपिँदै जाँदा हजारौंको खुसी खोसिँदै गयो भने रमाउनु पर्ने के कारण छ र ?' यो लाइन सही र जायज थियो । अग्ला र ठूला महलको पेटीमा कैयौं गरिबहरु पुर्पुरो कन्याइरहेका देख्दा विजु जनता दलले सही विचार बोके जस्तो लाग्यो मलाई ।

भुवनेश्वर गरिबी र अभावविरुद्ध जुर्मुराउन थालेको हो कि जस्तो देखिन्थ्यो । पछिल्ला केही दशकदेखि भारत माओवादी विद्रोहबाट निकै उत्तेजित बनेको छ । उडिसा यो विद्रोहको एउटा केन्द्र हो । बेलाबेलामा भइरहने झडपहरुले यहाँका मानिसहरु आश र त्रासको वरिपरि घुमाइरहेको पाइयो । गरिब र परिवर्तन पक्षधरहरु यो आन्दोलनबाट हौसिए जस्ता र खुशी भए जस्ता देखिन्थे । ठालुहरुलाई सत्ताको घोडाबाट खसाल्न सक्यो भने तै युगौं पुरानो दुःखबाट उम्कन सकिन्थ्यो कि भन्ने उनीहरुको आशा थियो । जबकी सत्ताधारीको मनभने अलिअलि खुम्चिएकै जस्तो लाग्थ्यो । तर, यो आन्दोलन सफल या असफल के होला ? त्यसबारेमा कसैले भन्न सक्दैनथे ।

हामीले द्वन्द्वको त्यो त्रासदीबाट बल्लबल्ल मुक्ति पायौं । त्यतिबेला देशमा माओवादी र तत्कालनि शाही सेनाका तर्फबाट ठूलठूला दुर्घटनाहरु निम्तिरहन्थे । दैनिकजसो लासहरु प्रदर्शन हुन्थे । मानिसहरु टिभी र पत्रपत्रिका हेरेर जिभ्रो टोक्थे । के अब त्यो रोग उडिसामा सरेको हो त ? यहाँका

मानिसहरुले कतिञ्जेल दुःख पाउने हुन् थाहा छैन । सम्झदा पनि आङ सिरिङ्ग हुन्छ । त्यस्तो त्रासदी कसैले कहिल्यै व्यहोर्नु नपरोस् । 'असमानता विरुद्धको लडाईं त जरुरी छ तर यस्तो तरिकाले संसार परिवर्तन गर्न सकिंदैन ।' भट्टराई बारबार मलाई घोचिरहन्थे । म भने विगत सम्झेर पटकपटक झस्किरहन्थें ।

बेलाबेलामा सहरको व्यस्त सडकबाट हामी हिंड्नु पर्थ्यो । बाटो फराकिलो र सफा थियो । सधैंजसो हिंडिरहनु पर्ने नेपाली सडक जस्तो कतै पनि खाल्डाखुल्डी थिएन । दायाबायाँ लहरै हुर्काइएका रुखविरुवाहरुले सहरको शोभा मात्र बढाएको थिएन वातावरण समेत सुन्दर देखिन्थ्यो । कुनै विकसित मुलुकको भन्दा कमजोर व्यवस्थापन थिएन यहाँ । विश्वकै अग्रणी र आधुनिक समाज बन्ने आकांक्षा बोकेको छ, भारतले । 'यो हदसम्म महत्वकांक्षी बन्नु हामी नागरिकको लागि गौरवको विषय पनि हो । सरकार यसतर्फ प्रतिबद्ध पनि छ । गर्नु पर्ने कैयौं कामहरु बाँकी नै होलान् । तर सरकारको गतिशीलताले भारतीय समाजको परिवर्तन प्रतिको आकांक्षालाई प्रतिनिधित्व गरे जस्तो देखिन्छ ।' सडक छिचोल्दै गर्दा म भित्र पैदा भएको एक जिज्ञासालाई नन्दुले सुन्दर शैलीमा जवाफ दिएका थिए । 'आखिर गर्दा नहुने के छ त ? केवल राजनीतिक प्रतिबद्धता मात्र चाहिन्छ । केही दशकभित्रै भारतले आफूलाई निकै परिवर्तन गरिसक्यो ।' उम्लेको पानीमा चिसो पानी खन्याएजस्तै मेरो मन एक्कासी सेलाउँदै गयो ।

सरकार र निजी क्षेत्र मिलेर सञ्चालन गरेको एउटा कृषक विद्यालयतर्फ हाम्रो गाडी मोडियो । एकै छिनमा हामी उडिसा सरकार र पाराद्विप फस्फेट कम्पनीले संयुक्त रुपमा सञ्चालन गरेको कृषक विद्यालयमा पुग्यौं । कुनै पनि कक्षामा चालीस जना जति कृषकहरु पढ्दै थिए । शिक्षक चाहिँ कुनै एक कृषि विश्वविद्यालयका प्रोफेसर रहेछन् । कृषक त पाका कपाल फुलेका पो हुन्छन् त ? यहाँ त सबै युवाहरु थिए । मेरो मनको जिज्ञासालाई भट्टराईले प्याच्च सोधिहाले । 'हाम्रा युवाहरु विदेशिनुलाई गौरव ठान्छन्, तर तपाईंहरु त ?' 'सरकारले कृषि क्षेत्रमा निकै लगानी गरेको छ । युवाहरुले त्यसबाट निकै लाभ लिन सक्छन् । भविष्य र सम्भावना कृषिमै देखेर हामी यतै छौं ।' एकजना सहभागीले दिएको उत्तरमा मेरो दिमाग निकैबेर रन्थनाइ रह्यो ।

नेपालमा कृषिक्षेत्रलाई हेला गर्ने प्रचलन महामारी रोगजस्तै व्याप्त छ । रोजगारी भनेको त गैरकृषि क्षेत्रको आकर्षक जागिर पो हो त । अधिकांशको मनोविज्ञान यस्तै छ । हुनतः 'कृषिमा राम्रो सम्भावना छ । सरकारले पर्याप्त नविस्तारै उत्पादन, बजार र मूल्यमा ध्यान दिएकाले अब यो घाटाको व्यवसाय हुने छैन ।' टोली नेता भट्टराईले सरकारको बचाउ गर्दै हामीलाई भन्दै थिए । तर पनि हामी कहाँ कृषि प्राथमिकताको विषय बन्न सकेको छैन । कतार गएर रुँदै फर्कनु किन नपरोस् तर खेती नगर्ने मनोविज्ञान हाम्रा युवाहरुमा छ्यालव्याल्ती पाइन्छ । जबसम्म युवाहरुलाई कृषिमा तान्न सकिन्न तबसम्म बेरोजगारको अन्त र उत्पादन वृद्धि हुन सक्दैन । भारतले युवाहरुको मनोविज्ञान बदल्न खोजेर निकै उदाहरणीय कार्य गरेको अनुभूति भयो मलाई । के हाम्रो सरकारले कृषिलाई मूल प्रवाह बनाउन सक्ला ? यो प्रश्नले मलाई निकैबेर घोचिरह्यो ।

कृषि विद्यालयको प्रयोगशाला पनि भव्य थियो । विद्यालयमा प्रविधि, बिउबिजन, माटो, रोग, विषाधि, मलबिउ आदिबारे आधुनिक र प्रयोगात्मक ज्ञान दिलाइँदोरहेछ । बजार व्यवस्थापन र मूल्यबारे पनि ज्ञान दिलाइँदो रहेछ । यो विद्यालय हाम्रो जस्तो कृषि प्रधान मुलुकको लागि उपयुक्त हुने मेरो ठहर थियो । जिल्लाजिल्लामा यस्ता विद्यालय खुल्न सके

उत्पादन र रोजगारीको सम्भावना बढ्थ्यो कि ? यदि पार्टीहरुले सरकार र कार्यकर्तालाई सही बाटोतिर डोऱ्याउने हो भने कृषि उपयुक्त विकल्प हुन सक्छ । के हाम्रा दल र नेताहरुको यसतर्फ ध्यान जाला ?

युवाहरुलाई कृषि क्षेत्रमा कसरी लैजाने भन्ने सवाल नै आजको मुख्य चुनौती हो । कृषिर्ला व्यवसायीकरण गर्ने, राज्यले उत्पादन, ढुवानी र मूल्यमा सहुलियत दिने हो भने युवाहरु कृषिमा आउन सक्छन् । तर यसको लागि राजनीतिक प्रतिबद्धता चाहिन्छ । के दलहरुले अनावश्यक राजनीतिक स्वार्थमा प्रयोग भइरहेका युवाहरुलाई उत्पादिनसिल काममा लगाउन सक्छन् ? यस बारेमा भारतीय कृषिविद्हरुले नेपालका माओवादी नेता प्रचण्डसँग सिक्न खोजेका रहेछन् । उनीहरुको भनाइमा प्रचण्डसँग त्यस्तो के कला होला जसले हजारौं युवाहरुलाई बन्दुक बोकाउन र मर्न समेत उत्प्रेरित गर्न सके । तर, उनीहरु प्रचण्डबाट त्यस्तो विचार र कला सिक्न चाहान्छन् जुन प्रयोग गरेर युवाहरुलाई शान्ति र विकासको क्षेत्रमा हिंडाउन सकियोस् । हामीहरु हिंड्नै लाग्दा विद्यालयका केही विद्वानहरुले प्रचण्डको त्यो गुह्य कलाको विशेषताबारे मसँग प्रश्न गरेका थिए । तर, उनीहरुलाई प्रचण्डको त्यो कलाले हावा खाइसक्यो भन्ने कुरा अझै पत्तो थिएन ।

•

**कविता**

# हिमालय

**• शम्भुप्रसाद कुशवाहा**



हिमालय के देखि महिमा, कइसन बारे इनकर गरिमा
चाँदी जइसन पर्वत चमके, वर्फ उपरसे निचे वर्षे
शिखर निरन्तर नीर वहावे, कलकल गान निरन्तर गावे ।
बादल पर्वत से तटकराथे, वर्षा रह रहजल वर्षाथे
सितलपवन सभी दुःख हरे, सभी मनोरथ पूरण करे
पहिला किरण सुरज के आवे, लालरंग सगरो विश्वरावे
प्राकृतिक सौन्दर्य विखेरे, निरखत नयन धकत नही मोरे
इहाँ पर्वत कैलाश कहावे, पार्वतीशिव ध्यामन लगावे
इन्द्रादी देवता सब आवे तप स्थल आशन लगावे
काम भूसुण्डी कथ ासुनावे, रामायण के महिमा गावे
बद्री नाच विशाल विराजे, इहाँ केदार नाथ भी राजे
उत्तराखण्ड माहातिर्थ कहावे, गंगोत्री यमनोत्री आवे
बद्री विशाल के दर्शन पावे, केदारनाथ सबके मन भावे
सगरमाथा शिखर विभूति, दुनियाँ भरमें सबसे उची
केतना लोग यहाँपर अइले, पर्वत शिखर पर चढ्के गइले
नदियाका अवतार इहाँसे, गर्भ कुण्डका धार इहाँ पे
अलक नन्दा मंदाकिनी, गंगा यमुनाका धारइहाँसे
दुनियाँका आश्चर्य हिमालय, पाण्डवका अतपडाव हिमालय
सब पर्वतका राज हिमालय, पुराना इतिहास हिमालय

*अमृतगन्ज ४ बारा*

# साहित्य प्रेमी साथीहरू



● अप्सरा पुडासैनी

जनहित पुस्तकालय बरेवा बाराबाट भानुभक्तको २०० औं वार्षिक जन्मोत्वस मनाउन मलाई दुई दिन अगाडि पत्र आएको थियो। त्यो कार्यक्रममा गएर सुनाउनका लागि कलम कापी लिएर भानुभक्तकै बारेमा कविता कोर्दै थिएँ । दिनको दुई बजेको हुँदो हो । निर्मोही व्यास ज्यूको फोन आयो । अप्सरा तिमी अहिले कहाँछेउ ? भोलिको कार्यक्रम कहाँ-कहाँ र कति बेला छ ? मैले भनें भोलि बरेवा पुस्तकालयमा दिनको एक बजेदेखि कार्यक्रम छ। साथै, नवराज रिजालको सम्पादन तथा प्रकाशन रहेको नवप्रज्ञापनको भानुभक्त विशेषाङ्क पनि विमोचन हुने जानकारी गराएँ । त्यसपछि उहाँले समयले भ्याएसम्म भोलि बिहान सात बजे वीरगंजको कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभयो । यो निम्तोलाई मैले सहर्ष मनले स्वीकारें ।

२९ गते सात बजे वीरगंज पुगेर उहाँलाई फोन गरें । घण्टा घरमा जाउ हामी आउँदछौं उहाँले जानकारी गराउनुभयो । यथा समयमा म तोकिएको ठाउँमा पुगें । म पुग्दा खासै कोही आएका थिएनन् । म चिनजानका साहित्य प्रेमीसाथीहरुको बाटो कुरेर बसिरहेको थिएँ । एक घण्टाको पखाईपछि काठमाडौं, सर्लाही, बारा, पर्सा, रौतहट लगायतका विभिन्न ठाउँका प्रतिनिधिहरु आउनु भयो । चिनेका मित्रहरुलाई नमस्कार दिँदै र नचिनेकासँग परिचय लिँदै गएँ । निश्चित समयमा हाम्रो शान्ति पूर्वक र्‍याली मकालु होटलको हलमा गएर सभामा परिणत भयो ।

सभाको मुख्य अथिति डा. निर्मोही व्यास हुनुहुन्थ्यो । विशिष्ट अथिति पर्सा जिल्लाका प्रजिअ कैलाशकुमार बजिमय हुनुहुन्थ्यो भने अथितिहरुमा डा.पिताम्बर शर्मा, वरिष्ठ पत्रकार जगदिश शर्मा, साहित्यकार रमेश समर्थनलगायतका हुनुहुन्थ्यो । कार्यक्रम कविता वाचनबाट सुरु भयो । यसको लागि पनि २५ गतेभित्र आयोजक लक्ष्मी साहित्य सभामा रचना पेश गरिसकेको हुनुपर्ने रहेछ । आफू नजिक बसेकी यमुना दिदीले मलाई जानकारी दिदैं भन्नुभयो मैले त पेस गरिसकेकी छु । व्यास सर मुख्य अथितिको पद पाएर बसेको मानिस दौडेर म भएको ठाउँमा आएर खोई तिमीले केही लेखेर ल्याएकी छैनौं ? भनेर सोध्नु भयो । मैले हामी बाहिरबाट आउनेहरुलाई समय छैन क्यारे भन्दै हतार-हतार व्यागबाट भानुभक्त शीर्षकको साना दुईवटा कविता उहाँको हातमा दिएँ । एउटा कविता मलाई नै फिर्ता गरेर अर्को कविता प्रस्तोता माया मितुको हातमा दिनुभयो । केही समयपछि मायाजीले मलाई कविता वाचन गर्न अनुरोध गर्नुभयो ।

लक्ष्मी साहित्य समाजले सम्मानको कार्यक्रम पनि राखेको रहेछ । सम्मानित हुनु हुनेहरुमा कैलाश कुमार बजिमय, निर्मोही

व्यास र अन्य हुनुहुन्थ्यो । कार्यक्रम दिनको ठिक १२ बजे सकियो । त्यसपछि सभापति महेशचन्द्र गौतमले बाहिरबाट जानेहरुलाई होटलमा लगेर खाना खुवाइ विदा गर्नुभयो । मधुसुधन अधिकारी, म र पृथ्वी पाण्डे तीनजना हानिएर जनहित पुस्तकालय पुग्यौं । हामी पुग्दा धेरै स्कूलका भाई बहिनीहरुले कविता वाचन गरिसकेका थिए । धेरै स्कूलका शिक्षकहरुले साहित्यको बारेमा आ-आफ्नो मन्तव्य पनि राखे । त्यसपछि रामराजा क्याम्पस र सो पुस्तकालयका अध्यक्ष सुरेश मोदकले नवप्रज्ञापनको भानुभक्त विशेषाङ्क पूर्णाङ्क ६५ विमोचन गर्नुभयो । त्यसपछि विभिन्न वक्ताहरु भानुभक्त, नेपाली भाषा र नेपालका अन्य भाषाहरुको बारेमा आ-आफ्नो विचार राख्नुभयो । भानुभक्त र नेपाली भाषा नेपालमा बोलिने अन्य मातृभाषीहरुको विरुद्धमा नरहेको समेत अधिकांश वक्ताहरुले आफ्नो भनाइमा राख्नुभयो । धेरै कविहरुको माझमा मैले पनि आफ्नो कविता वाचन गरें । वीरगन्जमा क्षतविक्षत भएको भानुभक्तको शालिक पुनर्स्थापना गरिने कुरा पनि सोही सभामा वक्ताहरुले सुनाउनु भयो । कलैयामा रहेको देवकोटाको शालिक पनि पुनर्स्थापित होस् भन्ने कतिपयको भनाइ थियो ।

कार्यक्रम साँझको ५ बजे सकियो । जब साथीहरु छुटिए अनि पो भर्खरै कार्यक्रममा विशिष्ट अथिति बनेर बसेका नवराज रिजालको याद आयो । धेरै कुरा मनमा खेल्यो । मैले आजको दिनमा सधै भेटिने साथीहरुलाई छोडेर केही समय भानुभक्त कै चेला रिजालको शब्द सुन्न बुझ्न पाएको भए दिनभरिका नयाँ कुरामा अरु नयाँ ऊर्जा थपिने थियो । उनको र मेरो कर्मथलो एकै ठाउँमा भएपनि उनलाई मैले दोस्रो पटक देखेको हुँ । उनले मलाई चिनेका छन् छैनन् त्यो मलाई थाहा छैन । तर मैले उनलाई चिनेको छु ।

•

# गजल

• **सुमन पौडेल**



सोध्नै पर्दैन मलाई देश उस्तै छ विल्कुल
वर्षौंदेखि चल्दैछ आ'को परिवेश उस्तै छ विल्कुल

तिमी सोच्छौ होला कस्ता भए ती मान्छेहरू
तिनीहरूले पहिरिने भेष उस्तै छ विल्कुल

नदेख भो सपनामा धानको बाला लहलह
बन्झर अनि दुबो उम्रेको खेत उस्तै छ विल्कुल

भारी बिसायौं सायद तिमीले नि डाँडाको चौतारीमा
चौतारीमा अवस्थित वरफेद उस्तै छ विल्कुल

भन्या बेला दुई छाक टार्न धौ धौ छ आज पनि
भोकले चाउरिएको पेट उस्तै छ विल्कुल

जुन जोगी आए पनि कानै चिर्या त हो नि
बालुवाटार र मीनभवनमा भेट उस्तै छ विल्कुल

महंगी बढ्छ खरायो र मृग दौडेसरि
तलब अनि भत्ताको रेट उस्तै छ विल्कुल

गरिब हिंड्छन् खाली खुट्टा सडकमा सधैंभरि
पँजेरुमा हुइँकिने सेठ उस्तै छ विल्कुल ।

कुरीतिले आज पनि जरो गाडिरा'छ
बाहुन अनि दलितको मतभेद उस्तै छ विल्कुल

राजस्वला हुँदाखेरी लुक्नुपर्छ रे गोठमा
नारीलाई दबाउने बेद उस्तै छ विल्कुल

*– रतनपुर, निजगढ-११, बारा*

# उपचार



● कलाधर काफ्ले

केहीवर्ष अगाडिको कुरो हो । हिउँदको समय थियो । एक दिन प्रभात भ्रमणका क्रममा आफ्नो टोलको भुँडेकाजीसँग जम्काभेट भयो । मैले दुवै हत्केला फर्काउँदै र शब्दबाट समेत 'सञ्चै' भनेँ । 'के को सञ्चो हुनु नि'भन्दै भुँडेकाजीले मेरो हातच्याप्प समात्यो र यसो छेउतिर लगेर गुनासो गर्नथाल्यो- 'महिनौं भयो, चौबीसै घण्टा टाउको दुखिरहन्छ । नाक बन्दै भएको पनि हप्तौं भइसक्यो । मानिसहरू तँलाई त पिनास भएको हो, पिनास विग्रियो भने कीरा पर्छ र नाकै झर्छ भन्छन् । डाक्टरलाई देखाएँ । वैद्य कविराजकहाँ पनि गएँ । धामीझाँक्री पनि लगाएँ । हजारौं रुपियाँ खर्च भइसक्यो । बीसको उन्नाईस पनि भएको होइन । केही उपाय भए यसो मद्दत गरौंन काफ्लेभाइ ।' भुँडेकाजीले एकैपटक आफ्नो कुरा सिध्यायो।

भुँडेकाजीको दुःख सुनेर मलाइ दया पनि लाग्यो । परोपकार गर्नु नै पुण्य कमाउनु हो भन्ने एउटा भनाइ पनि छ । आफूले जानेको कुरो त बताइदिनै पर्‍यो भन्ने लाग्यो र भनेँ- 'भुँडेकाजी, पिनासको दोहोलो काड्ने मसँग एउटा अचुक उपाय छ, पैसा लाग्दैन तर नाइ भन्न पनि पाइँदैन, मान्ने हो ?' 'मान्छु निभाइ' भुँडेकाजीले दुई हात जोड्दै भन्यो- 'आफैँलाई फाइदा हुने कुरो, त्यो पनि निःशुल्क, किन नमान्नु ?' भुँडेकाजीको प्रतिबद्धता सुनेर मैले सुझाएँ- 'त्यसो भए भुँडेकाजी, तपाईंले एक हप्तासम्म अटुट रूपमा दैनिक एक घण्टा वागमतीको किनारमा प्रभात भ्रमण गर्नुहोस् । तीन दिनपछि तपाईंको बन्द भएको नाकले वागमतीको दुषित ग्यासको कडा राग स्पर्श गर्न थाल्नेछ । नाकमा कीरै परेको भए पनि चौथो दिनदेखि त फुतुफुतु कीरा झर्न थाल्नेछन् र सातौं दिनसम्म तपाईं पूर्ण स्वस्थ हुनुहुनेछ ।भ्रमणको क्रममा तपाईंलाई वाकवाकी लाग्न सक्छ तर वान्ता गर्न भने पाइने छैन ।' पिनास झार्ने अचुक उपाय सुनेर भुँडेकाजी खित्कै छोडेर हाँस्नलाग्यो, म भने आफ्नो बाटो लागेँ ।

•

## गजल

● अजय साह



फूल रहे बहार रहे पर तु ना रहलु
चन्दवा रहे अजोर रहे पटक ना रहलु

तोहरा लेल केतना सपना सजाइ दिलमे
सुन्दर सपनावा सन हयार रहे परतु ना रहलु

भाइ बाबु के तोहर केतना चिन्ता रहे
अच्छा व्यवहार, चिवार रहे पर तु रहलु

कनावाके रमझ म लड्कन सन खेतल कुरत
चारो ओर रंगारंग के बजार रहे परतुना रहलु

छोटकी के बरात आइल घर मे धुम मचल
जेने भी खुशी के नौहार रहे परतु ना रहलु।

# उन्नाइस वर्षे ठिटो

● प्रमोद गिरी

कार्यालयको रिक्त दरवन्दीमा एउटा अठार वर्ष पूरा भएको तर उन्नाइस वर्ष पुग्न अझ केहि महिना बाँकी रहेको ठिटो नियुक्त भयो । त्यसो त त्यस कार्यालयमा अरु पनि धेरै दरवन्दि रिक्त नै थिए । सामान्य प्रशासन, आर्थिक प्रशासन, योजना शाखा आदि । केहि स्वेच्छिक अवकाश लिएर त केहि अनिवार्य अवकाशको कारणले अनि केहि चाहिँ दिवगंत भएका । तै पनि काम चलिरहेको थियो । केन्द्रले सिफारिश गरेर एउटा मात्र दरवन्दी पठाएको थियो त्यो पनि अस्थायी । त्यही दरवन्दीमा परेर त्यो उन्नाइस वर्षे ठिटो आएको थियो । हुन पनि लिखित र अन्तरवार्तामा बहत्तर जनालाई पछारेर आएको थियो ऊ विनाकुनै भनसुन र सोर्सफोर्स । कार्यालयकी सह–सचीव राधा मेडमको चुल्ठोमा सिउरेको चमेलीको सुगन्ध झैं यो खवर कार्यालयका सबै विभागमा फैलियो । सबै तिर त्यहि उन्नाइस वर्षे ठिटोको चर्चा हुनथाल्यो ।

पढाईमा पनि राम्रो छ रे । त्यसैले त एक नम्बरमै नाम निकाल्यो नी ।

मेहनती पनि छ रे ।

फूर्तिलो पनि छ ।

अनि ठिटो सरल र सोझो पनि छ रे । आदि आदि ।

त्यसपछि कार्यालयका हरेक शाखा–महाशाखाका प्रमुखहरु त्यो उन्नाइस वर्षे ठिटोलाई आफ्नो शाखा–महाशाखामा राख्न चाहन्थे । कार्यालय प्रमुखको टेबुल निवेदनले भरियो । तर उसलाई राधा मेडमको शाखामा राखियो । त्यस पछि राधा मेडमलाई कार्यालयका सबैको कोपभाजन गर्नुपर्‍यो । उनलाई सवैले असहयोग गर्न थाले । कुनै शाखामा काम परेर जाँदा उनलाई धेरै बेर पर्खिनुपर्थ्यो । ढिला भयो भनेर केही बोलिहाले जवाफ आउँथ्यो, “के गर्ने, हाम्रो शाखामा मान्छे नै कम छन् ।” “हाम्रो शाखामा कुनै फुर्तिलो कर्मचारी नै छैन, भएका पनि साह्रै बुढा भैसके ।” आदि आदि ।

कुनै परीक्षाको तयारी गरे झैं उसले कार्यालयको कामको वारेमा पूरा जानकारी लियो अनि केहि दिनमै ऊ आफ्नो काममा निपूण भयो । उसको शाखाको काम अब छिटो छिटो पूरा हुन थाल्यो अनि कार्यालयमा सबैतिर उसैको मात्र गुणगान हुनथाल्यो । सबै शाखा–महाशाखाका हाकीमहरू आफ्ना कारिन्दालाई “तिमीहरुभन्दा त त्यो उन्नाइस वर्षे ठिटो नै राम्रो र मेहनती छ, उसले जस्तै काम गर ।” भन्थे । उसको कार्यकुशलताले उसलाई अरु कर्मचारीहरुको इर्ष्याको पात्र बनायो ।

दिन बित्दै गयो र एक दिन ऊ साँच्चिकै उन्नाइस वर्षको भयो तर ऊ उन्नाइस वर्षको हुनुमा उसलाई वाहेक अन्यलाई सरोकार थिएन । उसलाई त पहिल्यै सबैले ‘उन्नाइस वर्षे ठिटो’ भनेर चिन्दथे । उन्नाइस पछि ऊ बीस, एक्काईस, बाईस... गदै पच्चिस वर्षको भयो अनि कार्यालयमा स्थायी कर्मचारी पनि भयो र साथै उसको विवाह पनि भयो । दिन बित्दै गयो र उसका दुई सन्तान पनि भए । विस्तारै ऊ पैंतालिस वर्षे भयो । तर पनि ऊ त्यही उन्नाइस वर्षे ठिटो नै थियो त्यो कार्यालयमा, काम र नाम दुवैको कारणले ।

उसमा अझै पनि त्यही उन्नाइस वर्षे स्फूर्ती थियो । काम गर्ने जोश थियो, जाँगर थियो ।

अब राधा मेडमको अवकाश हुन केहि दिन मात्र बाँकी थियो । उनी अन्ठाउन्न वर्ष पुग्न लागिसकेकी थिइन् । तर ऊ चाहिँ अझै उन्नाइस वर्षे ठिटो नै थियो । जब राधा मेडमलाई आफ्नो काम बुझबुझारथको लागि पत्र आयो ऊ अब उदास हुँदै गयो । त्यो शाखामा ऊ नै सक्षम र वरिष्ठ थियो । साथै उसका केही साथीहरु जीम्मेवारीबाट पन्छिन चाहन्थे त केही पेशागत संघ/संस्थामा लागेर राजनिती गर्नमा नै मस्त थिए, त्यसैले पनि राधा मेडमको ठाउँमा अब त्यो उन्नाइस वर्षे ठिटो बस्ने भएको थियो ।

आखिर राधा मेडमको औपचारिक विदाइको समय पनि आयो । त्यो उन्नाइस वर्षे ठिटो साँच्चिकै उन्नाइस वर्षे ठिटो जस्तै गरेर रुन थाल्यो, ऊ भन्दैथ्यो, “मेडम तपाईं नभएपछि यत्रो ठूलो जिम्मेवारी म कसरी सम्हालूँ, मलाई मार्गनिर्देशन कसले गर्छ ?”

राधा मेडमले वात्सल्यपूर्ण दृष्टिले उसलाई हेर्दै भनिन् “तिमी अब त्यो उन्नाइस वर्षे ठिटो होइनौ, परिपक्व भइसक्यौ, मलाई थाहा छ तिमीले आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गर्न सक्छौ ।” फेरी एउटा लामो सास फेर्दै उनले भनिन् “केही वर्षपछि तिमी पनि म जस्तै रिटायर हुनेछौ अनि यो कार्यालयमा कहिल्यै पनि कुनै उन्नाइस वर्षे ठिटो आउने छैन, त्यत्ती बेलासम्म उन्नाइस वर्षे ठिटो बनेरै त्यसरी नै काम गर्नू अनि उन्नाइस वर्षे ठिटो नै भएर अवकाश लिनू ।”

यत्ती भनिसक्दा उनका आँखा रसाएका थिए । अनि उनी त्यहाँबाट निस्केर हिंडिन् ।

•

कविता

# बोधी वृक्ष



– कृष्णविलास पौड्याल

पीपल बोधी वृक्ष हो
सिद्धार्थ गौतमले तपस्या गरेको
सहस्र पात, अजस्र पंक्षीको वास
मनग्य छहारी
हो,
त्यही बोधी वृक्ष
अनन्त जमिनमा जरा फैलाएर
यहाँ रुख छ, कासी पुगे जरा
लोकोक्ति नै प्रमाण हो
गहिराइ, गहिराइ र अझ गहिराइ
अटल गहिराइमा अडिग
यो बोधी वृक्ष
सिद्धान्त गौतमलाई
गौतम बुद्ध बनाउने बोधी वृक्ष
विशाल छहारीको धनी
एउटा श्रद्धालु जान्छ
अविर पोख्छ
अर्को जान्छ अक्षता छर्छ
तेस्राले फूलपानी चढाउँछ
बोधी वृक्ष भगवान्को अवतार
सहस्र रुपधारी विष्णुको प्रतीक
बोधी सत्व बनेर
अनन्त कालदेखि
अजस्र प्रवाहमा अविराम
खडा छ बारीका डिलमा
पीपलका जरा कासी पुगे नुहाउन
पुण्यात्मा
अभ्यागत बुद्धको प्रतीक बनेर
अनन्त कालसम्म जीवित रहनेछ ।

# ए ! आजको संसार

● सरोज यादव

विधाता छन् ? छन् भने हो साँच्चै नै, सम्पुर्ण युगका स्वार्थ, लोभ, पाप, हिंसा जस्ता भए भरका कुप्रवृतिहरु एकै ठाउँमा पोको पारेर यही संसारमा खन्याई दिए । सुनिन्छ, युग अनेक थिए, जस्तै सत्य, द्वापर, त्रेता अनि कलियुग । हो, सबै अन्य युगहरु स्वच्छ, सत्य र निर्मल थियो रे, यसको मतलब हुन सक्छ सबै असत्य, फोहोर, त्रास, स्वार्थ यही युगका लागि साँचियो । यही युगलाई वरदान दिइयो । यही युगका लागि उपर्युक्त ठानियो । थिए ति युगमा बाँकी कुप्रवृतिहरु भने पनि यही युगका लागि खाँदियो । सबै सबै कुप्रवृति यही युगमा ! हो यही युगमा । सायद लाग्छ, अब यस पछि युग छ भने त्यो अत्यन्तै निर्मल हुन्छ होला, स्वच्छ हुन्छ होला र होस् पनि । यस्तै भोगिरहनु नपरोस् पछिल्ला युगले । उफ् ! निसासिने कोठा जस्तै यो युग । यो संसार ।

संसार भयङ्कर छ, तर कुनै पनि मन भयङ्कर छैन । कसैले पनि व्यक्तिगत स्वार्थ, इच्छा र आकाङ्क्षालाई थोरै पनि त्याग्न सक्दैनन् । सुनेका छन्, पढेका छन् अनि बुझेका पनि होलान् तर ती सब बेकार झैँ पो देखिन्छ त । अर्काको भलाईका लागि तल्लिन रहने महामानव के अब अर्को युगमा, अर्को संसारमा मात्र देखिन्छन् होला त ? दानवीय प्रवृतिले नै जितेको छ, दरिद्रताले नै घेरेको छ, अरुको लागि गर्ने त के सोच्नेसम्म पनि कसैलाई फुर्सद वा चाहना छैन । किन होला यो संसार यति निर्दयी, कठोर हुँदै गएको ? कहाँ विलाउँदै छन् ती करुण, माया, भलाइ, सच्चरित्र, पवित्रता, असल व्यवहारले भरिएका मनहरु । लाग्छ अब त नव जन्म लिने अवोध मानिने बालकहरु पनि च्याहाँ गर्नुको साटो लोभी र स्वार्थी हाँसो हासेर पो आउँछ कि क्या हो !

जन्मने बितिक्कैदेखि त्यसका माता पितामा पनि ऊप्रति स्वार्थ पैदा भइहाल्दछ । जन्मने वितिक्कै मात्र होइन, गर्भमा बसेदेखि नै अनेक स्वार्थ बुन्न थाल्छन् । हुर्काउनु, बढाउनु सबैमा स्वार्थै स्वार्थ । छोराछोरी, साथीभाइ, इष्टमित्र सबैमा त्यही स्वार्थ, त्यही मपाइत्व, त्यही लालच मात्र किन होला यस संसारमा । मधु, कैटव हुँदै रावण अनि कंस दानवको एकादुई नाम छाएका थिए हरेक युगमा तर लाग्छ यस युगमा त सबैका सबै दानव नै हुन् क्या हो ? तँ,  म, तिमी, तपाई, हजुर सबै दानव हौँ ? कसरी बिजारोपण भयो यो युग जसमा कोही राम हुन सक्दैन, जहाँ कोही कृष्ण हुन सक्दैन, जहाँ कोही बुद्ध हुन सक्दैन, क्राइसट, महोम्मद हुन सक्दैन, आखिर किन होला ? के का लागि होला ?

संसार दौडिएको छ, दौडिरहेको छ खै के को होडमा ? तछाड र मछाड गरिरहेको छ खै के का लागि ? उसले उसलाई उछिन्नु छ, पछार्नु छ, लडाउनु छ अनि राज गर्नु छ किन ? कतिन्जेल ? मित्र पनि ताकपरे तिवारी नत्र गोतामे झैँ, ममता, माया, श्रद्धा, आदर, हितैषी भावना हुने भेटिनु त प्याज नखाने बाहुन भेटिनु जस्तो भो गाँठे ! मानव प्रवृति किन यस्तो ? संसारकै उत्कृष्ट निर्माण मानव, यति कि जनावरहरु जति पनि मिल्न सक्दैनन्, ममता बाँड्न सक्दैनन् । मै खाऊँ, मै लाऊँ, मोज मस्ती मै गरुँ, मै हुँ भन्ने घमण्ड छँदै छ तर किन सोचिन्न एक मुठी सास गए पछि त माटो नै हो यो शरीर ।

ए संसार ! तँ प्रदुषित छस्, ए मानव ! तँ भित्र दानवत्व नै दानवत्व

छ । किन बिऊँभिँदिनस् ? फोहोर पानीलाई फिल्टर गरेर सफा गरे जस्तो, वाटर गार्ड हालेर पिउन लायक बनाएको जस्तो फिल्टर गर्नु छ मानवको मन, प्रदुषित संसारमा वाटर गार्ड हालेर बाँच्न लायक बनाउनु छ । हरेक मन बद्लिनु जरुरी छ, आफ्नो लागि, अरुको लागि, देशको लागि संसारको लागि । फेरि रामहरु, कृष्णहरु, बुद्धहरु, मोहम्मदहरु, शंकारचार्यहरु जन्मनु छ । ए संसार ! यति निर्दयी नबन्, मरी लानु केही छैन, कसैले कसैलाई जितेर हुनु केही छैन । सुन्दर, शान्त, ममताको खानी, करुणाको सागर भएर विशाल हृदय लिएर बाँच्नु मै, बचाउनु मै सबैको कल्याण छ । संसारको विजय नै त यही हो, अरु के खोज्नु छ र ?

*– गरुडा नपा. रौतहट, नेपाल*

**कविता**

# चिरइ



**– सुनिल कुमार**

हम चिरई तू आदमी हउव
हमनी मे अन्तर का बा ?
स्वतन्त्रता हमरा बा पूरा
तोहरा तनिको ना बा ।

खात पिअत कटजाला जिन्दगी
उडी हम पाँख पसारके
तोहरा मन भेदभाव बडा बा
हम अपन बुझी संसार के

बा आवश्यकता कम हमर
तोहर जरुरत अपार बा
रिस-द्वेश हमरा मे नइखे
तोहरा मे भरल अहंकार बा

शब्दहीन हमर अबोध बा बोली
तोहनी के सुबोध भाषा बा
रिस-राग, डर, धाक- घृणा
तोहनी मे सब तमासा बा

हमर बच्चा तोहरा बच्चा के
कबहुँ ना दुःख पहुँचइलक
तोहरे लइका हमरा बच्चाके
नाहक मे मार गिरइलक

धके कबहुँ तोहनी हमरा के
लइकन के खेलावे ल
अइसन क के निच काम
अपनाके श्रेष्ठ बतावे ल

प्रेम के तू पाठ पढाव
सुनीले संसार के
होत मगर विश्वास नइखे
देखत तोहर व्यवहार के

तन्मय होके अपन काम
हम दिन भर करिले
संचय कर तोहरा जस
कुछहु कबहुँ ना थरिले

हँ हमहुँ बनालिले खोंता
कबहुँ तिन्का चुनचान के
तोहरा जस लिपटल ना रही
सम्पत्ति के सर्वस मान के

हे ! मानव तू जीव अजूबा
सब के मार मुआव
शान्ति खतिरा दिल-दिमाग में
सगरो आग लगाव ।

मृत्यु से मैथुन तक हमर
प्रकृतिसे निर्धारित बा
तू जीउन प्रकृति विमुख
यही से जीवन व्यथित बा

हे ! प्रेमशून्य सर्वश्रेष्ठ प्राणी
बुद्धिमान अभिमानी,
मिलजुल जिए के सिख
छोड्दऽखिँचातानी ।

# पोल्न थाल्यो



– कणाद महर्षि

भाइ ! तिमी चाहन्छौ, सुन
म भन्छु सम्झेका केही कुरा

धमाधम बादल, कुहिरो फाटेर आकाश खुल्दै थियो, बहिनी फक्रदै थिइ बडो मनोरम, बडो कौतुहल, बडो आनन्द- अनुभव ! नारीको यौवन- रुप ! बैंसका लज्जालु गन्धहरु बहकिन लागेको थियो-

एक एक अङ्गका अनेक दानाभरि

मेरो ठट्टा, रमाइलोको स्पर्शमा
"काउकुती लाग्यो दिदी" भन्दा बहिनीले
म झसङ्ग ! निन्द्राबाट बिउँझे तुल्य भएर
सोचेकी थिएँ
ओ ! हो ! यो आरम्भ हो अशुभ लक्षणको
अनि फेरि बहिनीको उमेर र शरीरभरि–
आँखा र मनले छामेर सोचेकी थिएँ
ठीकै हो
यो त उसको उमेर- अवस्थाको स्वाभाविक
प्रकृति हो
परन्तु भाइ !
यो प्रकृति- मीठो अनुभव- उपभोग गर्नबाट
ऊ खोसिएकी थिइ
सिङ्गैमा ऊ खण्डित थिइ
– हाम्रो परम्परामा, संस्कारमा
– हाम्रो धर्मको फुस्रो सत्यतामा
नफुल्दैमा टिपिएको तैपनि फक्रिएको
ऊ एक यस्तो कोपिला थिइ
(सायद पानी पानीले भरिएको ठूलो
पूःलदानमा फक्रिई ?) ।
थाहै छ तिमीलाई-
बहिनी बाल- विधवा थिइ
- यहाँ फेरि बहिनीको बाल-विवाह प्रसङ्ग !
यहाँ फेरि बहिनीको बाल- विधवा प्रसङ्ग !!

कसरी कोट्याउ
त्योभन्दा दुःख्ने घाउ-
सायद अरु केही नहोला
भैगो !
हामी दुवैको पुरानो साझा घाउको यो चाहिँ
पाप्रा नउप्काउ

अनि एकदिन !
त्यही दिन क्या ?
जुन दिन तिमीले मलाई हेरेर भनेका थियौ-
"अहा ! यो पोतेको चुल्हो, तिलहरी, सिन्दूर
अनि...
कति खुल्दो हाम्रो नारीको सिँगार"
त्यसैबेला बहिनीले कस्तरी थपेकी थिइ-
"तर दाजु ! नारी भन्दैमा हुन्छ र ? खै त
मेरो सिन्दूर ?"

त्यो आँसु, आँसु लुकाएर भक्कानो फुटेको
भाषा पछि
भन त ! के निर्णय गरेका थियौं हामीले
ओ हो ! एक्कासि पोल्न थाल्यो मलाई
त्यो अपूर्ण निर्णयको तापले ।
(प्रकाशोन्मुख संवादकाव्य "दृष्टिको यात्रा"
को एक संवाद)

*चावहिल काठमाडौं*

# माटो र मठाधीशहरु



– दीपेन्द्रसिंह थापा

फूलको वासना सुँघेर
फूलमै पिसाब गर्ने कुकुर
र मातेका मठाधीशहरुमा
केही फरक छैन अचेल
माटोकै टीका लगाउँछन्
र माटोमै पिसाब गर्छन्
मातेका मठाधीशहरु अचेल ।

अनेकानेक आवरणहरुमा
विचारका/सिद्धान्तका/निष्ठाका/आदर्शका
र अरु पनि धेरै धेरै
मूर्त र अमूर्त रङ्ग दलेका मठाधीशहरुको
खासमा न कुनै रङ्ग छ
न कुनै ढङ्ग छ
न छ विचारको व्यापकता
न छ सोचाइको स्वच्छता
र पनि पत्याइनसाध्य
परम्पराको पर्खालमाथि उभिन्छन्
र अरुमाथि अशोभनीय हुङ्कार छाड्छन् ।

मठाधीशहरु
मात्नुलाई आफ्नो एकमात्र कर्म ठान्छन्
मात्नुलाई सबैभन्दा ठूलो धर्म मान्छन्
र मात्नकै लागि
योजनाको फाइलहरुबाट अक्षरहरु खान्छन्
हिसाबकिताबका ठेलीहरुबाट
बेहिसाबहरु खान्छन्
पानीको सट्टा खाइदिन्छन् पधेरो नै
वर सक्छन् पर सक्छन्
र भ्याइदिन्छन् सेरोफेरो नै ।

नाघेपछि परिधि पाखण्ड प्रलापले
पहेलिइसके यतिखेर
धरतीमा सखारै उग्रिएका
हरिया सम्भावनाहरु
सुस्ताइसके गतिहरु
र हराइसके गन्तव्यहरु !

बस्न मन्दिरमा छाडेर
भट्टीको दुर्गन्धतिर
थालेका छन् रम्न अचेल ईशहरु
माटोकै टीका लगाउँछन्
र माटोमै पिसाब गर्छन्
मातेका मठाधीशहरु ।

## गजल

– भोला चौलागाईं



तिनैलाई मित्र ठान्छौं जति चोट पाए पनि
मौन बसी स्वीकार गर्छौं बहर बनाइ दाए पनि

हामीभन्दा मुर्ख मान्छे दुनियाँमा को होला र
लाइन बसी गर्दन थाप्छौं घाँटी रेट्न आए पनि

कठै ! भन्ने कोही हुन्नन् कस्तो आयो जमाना
मुटु फोरी विरहमा जति गीत गाए पनि

सर्वश्रेष्ठ मान्छे हामी चेतनाले ओतपोत रे
तिनैलाई जिताइदिन्छौं जति ढुकुटी खाए पनि

आमालाई हठात् लुट्ने नौटंकी गर्दै हिंड्छन्
भित्रभित्रै दुर्गन्धित छन् बाहिर अत्तर लाए पनि

# साट्न पाइन्छ कि जिन्दगी ?



– प्रवीण श्रेष्ठ

परेलीमा देखेंथे
सुन्दर सपनाका रंगहरू
मैले आँखा बन्द गरी
भाइटीका थापेको बेला
तर आज नरुनु पनि
भन्दिन दिदी तेता
यता सपनाको तस्बिरहरू
धमिलो भएको बेला, सिङ्गै
राजधानीको कोलाज खसेर
चिरिएको मेरो विचारले
आजकाल अंक जोड्न
नसक्दा ललाटमा
हत्केलाहरू नबजाउ पनि
भन्दिन दिदी तेता

तिम्रो सपना बोकेको
यो सहरले
मेरो अंशको गहिरो
ममता खोसेको छ ।
असंख्य सहनशीलताले
छोपेको गर्विलो
तिम्रो स्वस्थानी व्रत कथा
सर्केर मरो च्यातिएको
स्वाभिमान हासिरहेछ ।
मखमलिले अर्पित गर्दै गर्दा
सबै भरोसाहरू
चम्किलो अनुहारबाट
चुहिएर अजस्र प्रवाह भइरहेछ मेरो तातो
रगतमा
हो त्यो तातो रगत

आजकाल पोखिएर छताछुल्ल
भइरहेको छ सरकारी सूचनाहरूमा
बाँकी रगतहरू बन्दछ एस्ट्रेभित्र
र भित्रैबाट चिहाइरहेछन् जाइअक्साइडहरू

रुपान्त्रीत भरोसाहरू
सिंहदरबारमा
ओत लागिरहेको बेला
भत्केको आशाहरूलाई नधिक्कार
पनि भन्दिन दिदी

पुस्तक छाडेर मलाई
मेरो भागको
मेला पूरा गर्थ्यो
धेरै पढ अनि
ठूलो मान्छे बन्नुपछै
भन्दै वर्णमाला सँगसँगै
खाँदथ्यौ अटाइ नअटाइ
सपना अनि विश्वासहरू झोलामा ।
हिजो आज कर्तव्यहरू बेच्दैछु
एउटा चित्रकारको
कुरुप कलाभन्दा कम भाउमा
जाँगनहरू अपहरणमा पारेर
आजात मनहरूलाई
कोदोको शुद्ध पानीले
छम्किरहेछु र ठोक्किरहन्छु
कहिलेकाहीँ साँझपख थिएटरहरूमा

बोकेर आँखैभरि

तिम्रो सम्झनाहरू
झस्केर एक त्यान्द्रो झझल्कोहरू
सोचेर नसाट्न पाइन्छ कि
जिन्दगी पर्दा अगाडि उभिएकाहरूको
ह्याप्पी इन्डिडसँग

मुल्लाहिजाले आवरण पाएको
यो समयले मलाई
पराजित बनाउँदा यत्रो
हंकार के गर्नुपर्‍यो र ?

मेरो अल्लारी दिदीको
सपनालाई क्यारेटमा नापेर
अजंगको पदार्थ
बनाउनु पर्थ्यो र ?
त्यसैले हो आजकाल
ती पुराना तस्बिरहरू
हेर्न बाध्य भाछु
कल्पेर नसाट्न्
पाइन्छ कि जिन्दगी .....

*– निजगढ-९ बारा*

# फर्किन चाहान्छु...



**– रमेश रसिक**

---

हेलो ! हाऊ आर यू ?
म झस्किएँ !
अर्काको देश, अर्काको भेष,
अनि,
गुलामी गर्न गएको म नेपाली ।
के ? यही हो मेरो हैसियत ?
आफ्नो पसिना अर्काको देशमा बगाउनु छ
हातभरि ठेला उठाउन परेको छ
तै पनि खै ?
कहिल्यै, मानसम्मानको अनुभव छैन
पशुको व्यवहार खेप्न परेको छ,
म अब,
वीर नेपालीको नाम बेच्न चाहदिन आमा
फर्किन चाहान्छु, आफ्नै देशमा... ।
आफ्नै देशमा पसिना बगाउँछु
यी कर्मठ हात देशकै विकासमा
लाउँछु
सुख, दुःख आफ्नै देशमा काट्छु
मैले यो कुनै झुटो वाचा गरेको
होइन
हो, म आएपछि,
देश विकासमा बुलन्द शब्द भर्नेछु
नेपाल आमालाई जञ्जिरबाट
छुटाउने छु
खाडी देशबाट मुक्ति पाउन
फर्किन चाहान्छु आम
आफ्नै देशमा
भो अब
देख्दिन झुत्रा ती उदेक लाग्दा सपना
ल्याउँदिन खाडी मुलुकका नाम
बेचेका पैसा
आफ्नै देशमा सुन फलाउँछु, हीरा
जडाउँछु
देशकै निम्ति लडिरहन्छु
युवा शक्तिलाई देशमा नै अड्याउन
नयाँ नेपाल बनाउन
फर्किन चाहान्छु आमा
आफ्नै देशमा फर्किन चाहान्छु

*निजगढ-४, बारा*

# झण्डाको बेथिति



– हरि निरीह

झण्डाबाट थुतेर हँसिया
अब,
पसम फाँटहरूमा
अनि हथौडालाई निकालेर
ठोकौं किला ठण्डाहरूमा र
बनाइदिउ भाटा घर छाउनलाई
ग्लोवल वार्मिङ भन्दै
अति गरियो संरक्षण बुढा रुखहरूको
बढ्नु बढी सकेपछि बढ्नु भनेको क्षयीकरण
न हो
आउनुहोस झण्डा बाट ढालौं बुढा रुखहरू
अनि गरौं वृक्षारोपण
झण्डाहरूमा म भन्दिरन/ झण्डाका कुराहरू
गर्दिन
चौरहरूमा हाम्रा नाङ्गा डाँडाहरूमा
झण्डा बोकेर
झण्डाका आकृतिलाई लिए
गर्नु नगर्नु गरिसक्यौं
झण्डाभित्रको त्यो हँसियाले
काट्यो त हाम्रै शिर काट्यो
त्यो हथौडाले
फुटायो तहाम्रै मथिङ्गल फुटायो
ग्लोवल वार्मिङले उमारेको
रुख बेरी मार्ने माइकेनिया लुछ्न काट्न
सक्थ्यो हसियाँले
खलाती अनुहार अनि
भोकले चपाएका पेटहरूमा
राहत बनेर हथौडा उभिन सक्दथ्यो
र, गिटी कुट्ने साधन बन्न सक्थ्यो
अनि, रुख
बेघरबारलाई घर, फर्निचर
अक्सिजन, पानी आदि इत्यादि स्रोत थियो
बन्न सक्थ्यो
यी सब झण्डामा नै सीमित भए ।
झण्डामा संकुचित आकृतिहरूलाई
निकालौं झण्डाबाट
अनि आस्थाहरू/झण्डाका आस्थाहरूमा त
ढुसी परेकै हुन्
केही वात छैन
अब त यहाँ त्यही ढुसी पनि बिक्छ
आनुहोस् गरौं ढुसीको सम्बर्द्धन
र वृहत गरौं च्याउको खेती ।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**आर्थिक वर्ष २०७१/०७२ को आयकरको प्रथम किस्ता बुझाउने सूचना**

**आर्थिक वर्ष २०७१/०७२ को कारोबारको अनुमानित करको विवरण र आयमा तिर्नुपर्ने प्रथम किस्ताको आयकर बापतको 40 प्रतिशत रकम यही २०७१ पुस मसान्तभित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं ।**

*" करदातामैत्री कर प्रशासन, समृद्धि र सुशासन हाम्रो अभियान "*

# मनोवेगको पूर्वाभास

– दीपा राई पुन

आज झरेका मेरा आँसुहरूलाई
मेरो अवसानपछि
तिमीले नै बास दिने छौ...
र प्रत्येक रात खस्ने छौ
एक्लै मलाई सम्झेर
पूर्वाभास हुन्छ मलाई

विचारलाई शिरमा राखेर
मनमा मेरै भावना टाँसेर
मान्छेको भीडमा मुस्काउँदै
आवाजमा सुस्केरालाई हुत्याएर
तारा-जून पर्खने छौ मलाई भेटन
म आकासमा हाँसिराखेको हुनेछु

पाखुराको सिरानी शून्य हुँदा
अडेसिने छातीमा कोही नहुँदा
बिरानो लाग्नेछ तिमीलाई
मनको कुरा आफै पोख्ने नहुँदा
त्यही क्षण आँसुलाई बास दिने छौ,
यस्तै पूर्वाभास हुन्छ मलाई

हिँड्ने बेलामा- साथ छैन
खाने बेलामा- गाँस छैन
सुन्दरताको कुनै वर्णन छैन
घर छिट्टै आउनुको अनुरोध छैन
शून्य-शून्य हुने छौ, तिमी
मेरो चाहना खट्किने छ, तिमीलाई
बिपना नभएको स्वप्न जगाउँदै
तिमी आफ्नो निद्रा दिने छौ
नदी भएर बग्ने छौ- मेरो आँसुलाई बास दिएर
मलाई नै भेट्न तिमी कतै किनारामा
त्यो बेला मलाई
यस्तैयस्तै पूर्वाभास हुन्छ

लहरहरू जस्तै तिम्रो छटपटी
नेपथ्यबाट पनि हेर्न सक्दिन
तिम्रो आँखाबाट झरेका मोतीहरू
माटोमा मिलेको देख्न सक्दिनँ
पवन बनेर स्पर्श गर्नेछु तिमीलाई
मेरो सामिप्यताको आभास दिन
एक्लोपनको संसारमा
सम्झनाहरू आइरहनेछ
तिमीलाई समयजस्तै लगातार
मनमा सेती भासिएर
नीलो आकाश उचालिएर
एक्लो तिम्रा लागि फर्किआएको
फेरि पनि मलाई पूर्वाभास हुन्छ ।
थानकोट, काठमाडौँ

*हाल : बोस्टन, अमेरिका*


**नागरिक लगानी कोषद्वारा सञ्चालित निम्न कार्यक्रमहरुमा आजै सहभागी भई भविष्यको लागि बचत गरौं ।**

| कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोष, २०५९ मा सहभागी भई वचत गर्दा पाइने फाइदाहरू | नागरिक एकांक योजना, २०५२, खरिद गर्दा पाइने फाइदाहरू |
|---|---|
| • वार्षिक ७.५ प्रतिशत ब्याजदर पाइने,<br>• वचत सुरु गरेको दुई वर्षपछि वचत रकमको ८० प्रतिशत सापटी वार्षिक ९ प्रतिशत ब्याजदरमा लिन पाइने,<br>• सहुलियत ब्याजदर १०.५० मा आवास कर्जा पाइने,<br>• तलबको एकतिहाइ रकममा आयकर छुट सुविधा पाइने,<br>• तलबको ५ देखि ३३ प्रतिशतसम्म कट्टी गर्न पाइने,<br>• सेवाबाट अवकाश पछि एकमुष्ठ रकम पाइने,<br>• जुनसुकै बैंकका शाखा मार्फत् रकम जम्मा गर्न सकिने<br>• ब्यालेन्स सर्टिफिकेट लिन सकिने<br>• स्वीकृत अवकाश कोषमा सहभागीहरुको रु. १ लाख सम्मको दुर्घटना बीमाको व्यवस्था भएको<br>*आजैदेखि सहभागी भई भविष्यको लागि बचत गर्ने बानी बसालौं ।* | • सुरक्षित वचत, आकर्षक ब्याजदरमा लगानी गर्ने सुनौलो अवसर<br>• अत्याधिक तरलताको सुविधा भएको<br>• वार्षिक ९ प्रतिशत ब्याज पाइने<br>• जुनसुकै समयमा पनि खरिद तथा बिक्री गर्न ना.ल.कोषबाटै गर्न सकिने<br>• वचतको प्रमाणपत्र पाइने,<br>• ब्यालेन्स सर्टिफिकेट लिन सकिने |

**नागरिक लगानी कोष**
**नयाँ वानेश्वर, काठमाडौं**, पोष्ट बक्स नं. ५८२३,
फोन नं. : ०१-४७८५३१९, ४७८५३२१, ४७८५३२५, ४७८४२९८,
फ्याक्स : ०१-४७८५३२०
ई-मेल : ci@htp.com.np, वेभसाइट : www.nlk.org.np

# पाऊँ देश बनाउन



– आभाष अधिकारी

मलाई
यो जात त त्यो जात छुट्याउने
विचार चाहिएको छैन
मलाई कसैलाई उठाउने कसैलाई गिराउने
वाद चाहिएको छैन
नत मलाई कुनै
छुत र अछुत छुट्याउने
सिद्धान्त चाहिएको छ
मलाई त केवल
मेरो सिलाउने मेसिनमा हाल्ने
तेल चाहिएको छ
तिम्रो कपडा सिलाउने मेसिन पाल्न
सहयोग चाहिएको छ
तर सम्झेर
म ठूलै मान्छे हुँ
हो, म त्यही तिम्रो काइलो दमाईं हु, तर
भर अभरमा म देशको झण्डा सिलाउन सक्छु ।

मलाई
हरेक बिहान मेरो घरमा
अखबार चाहिएको छैन
मलाई ठूलाठालुको मोज गर्ने
घरबार चाहिएको छैन
तर मलाई
त्यो पल्लाघरेको जस्तै
टिभी चाइएको छैन
मलाई त केवल
मेरो रेडियोमा पुग्ने गरिको बिजुली भए पुग्छ
थोत्रो रेडियोमा भए पनि
देशको  गीत सुन्नु छ

तर नबिर्सेस,
म ठुलै मान्छे हुँ
हो, म तिम्रै घरको कमारो लाले हुँ,
तर
चाहिएमा तिमीलाई हिड्ने बाटो खन्न सक्छु ।

भयो मलाई
झ्याङ्ग झुङ्ग गर्ने
गितार चाहिएन
पश्चिमी गीत गाउने
रफ्तार चाहिएन
न त तिमीले शब्द मात्र बोल्ने गरेको
माइक चाहिएको छ
मलाई त केवल एक सारङ्गी भए पुग्छ
मलाई बोल्नु मात्र छैन, भाव बोल्नु छ
गीत गाउनु छ
तर याद राखेस्,
म ठुलै मान्छे हुँ
हो, म चौतारीमा आइरहने त्यही गाइने हुँ, तर
म उस्तै परे इतिहास गाउन सक्छु ।

म दमाई, कमारो, गाइने
एकसाथ बोल्छु
मलाई छुवाछुत र जातपातको लेपन चाहिएन
कुरीति र कुसंस्कारको अन्धकार चाहिएन
न मलाई गधासरह लादिनु छ
तन आफूले बनाएका कुरा सुमसुम्याईंदा पनि
आफू भने अछुत गनिनु छ
मलाई त केवल तिमीजस्तै मानव भनिनु छ
बरू म,
दमाई देश सिलाउदै जाउँला
म कमारो देशको लागि पसिना बगाउँला
म गाइने राष्ट्रभक्तिको गीत गाउँला
मात्र मलाई केही माथि उठ्न देऊ
देशका काममा जुट्न देऊ
यदि त्यति पनि गर्न सकिँदैन भने
महोदय,
देश आफैं बनाइबक्सिएला ।

*– बूढानीलकण्ठ स्कुल, काठमाडौं*




# लिगलिग कोटको दौडमा माधव काफ्ले

● यशु श्रेष्ठ

रौतहट जिल्लाको एउटा साहित्यिक परिचय हुन् माधव काफ्ले । अध्ययनशील, मृदुभाषी, सरल लेखनका अनुयायी यी अक्षरका खेलाडी माधव काफ्लेका निबन्धहरु पढ्दा नै लाग्छ उनी भनाइ र गराइमा एक रूप छन् । विचार र लेखनमा समान छन् । गम्भीरताले छपक्क छोपेर अन्तर हृदयको आवाजलाई तिखो रूपमा उचाल्छन् जुरुक्क ।

प्रकाशनको दौडमा कछुवा दौडाई पनि उनका लागि उपर्युक्त नहोला, जति अध्ययनमा खरायोको दौडलाई जित्ने कोसिस गरिरहन्छन् र त प्रष्फुटित भएका छन्, पोखिएका छन्, छरिएका छन् लिगलिगकोटमा उचाल्नै नसकिने वजन लिएर । हरफहरु लिएर । शब्दहरु लिएर । 'म सत्यको प्रतीक्षामा छु' भनेर सुरुवात गरिएको यो लिगलिग कोटको दौड 'योग्यताको कसी'मा पुगेर केही बिश्राम लिएको छ सायद । त्यो सत्यलाई योग्यताको कसीमा लगेर घोटिएको छ मजासँग ।

दुई दर्जन बढी निबन्धका थुङ्गाहरुले सजिएको यो 'लिगलिग कोट'को बगैँचा साह्रै मनोहर रहेको जो कोही पाठकले पनि पाउन सक्दछन् । हरेक निबन्धमा शीर्षकदेखि लिएर हरेक हरफलाई योग्यताको कसीमा घोटेको पाइन्छ । मानवाधिकारको मुखुन्डो भिरेर निर्बल र निसहाय राष्ट्रमाथि निरङ्कुशताको पुठ दिन र नरसंहारको जाल हान्न अलिकति पनि नहिच्किचाउने दादाहरुको कुनाबाट चियो गर्दै, उछिन्दै, छलाङ् मार्दै स्वतन्त्रताको शब्द रूपी विगुल बजाउँदै सन यात्सेन, गान्धी, मार्टिन लुथर किङ, नेल्सन मण्डेला, शुक्रराज शास्त्री भएकोमा पुग्छन् उनी ।

झुटो कुरो गरेर भौतिक सुख र सम्पन्नताका चोइटाहरुलाई टिपेर पाङ्दुरे गफ छाँट्दै फाइँफुट्टी गर्नुभन्दा पुस्तकको छाप्रोमुनि औकातको गाँस टिपेर भुरुर्र उड्न पाए आफूलाई सौभाग्यशाली सम्झने काँटको मान्छे यसरी 'बरबोटे' निबन्धमा छरिन्छन् उनी । भौतिक सुविधायुक्त आजको आधुनिक युगमा कनिकुथी नै भए पनि आफूलाई प्रबुद्ध हुँ भन्ने देखाउन दुईचारवटा अङ्ग्रेजी शब्दलाई कलकलाउँदो मातृभाषाको कोख अथवा कण्ठमा घुसाउन नसके, घुमाउन नसके, घोलेर लेपन लगाउन नसके सभ्य नहोइने, शिष्ट नदेखिने र शिक्षित नबनिने यथार्थलाई आत्मसात् नगर्ने मजस्तो सानो काँटको लेखकले शिक्षित समुदायका अगाडि सदैव खुम्चिनु पर्दो रहेछ, प्राज्ञिक समुदाय अगाडि उपेक्षित र पिछडिएको हुनु पर्दो रहेछ, पाङ्दुरे र पिलन्धरे हुनु पर्दो रहेछ, कहीँ कतै सत्यलाई, भोगाइलाई नलुकाई यसरी पोखिन सक्छन् लेखक 'जडौरी दर्शन र जुठो टपरी'मा । व्यक्तिगत स्वार्थलाई अलिकति पनि त्यागेर मान्छे मान्छे बन्न खोजेको देख्न दुर्लभ हुने अवस्थाको सत्यतालाई उजागर गरिदिन्छन् 'कायरहरु'मा । माथि नै भनिसकेँ कतै लुक्दैनन् लेखक भनाइ र गराइमा ।

'लिगलिग कोट'का निबन्धहरु अध्ययन गर्दै जाँदा यस्ता कति शब्दहरु छन्, हरफहरु

छन्, अनुच्छेदहरु छन् जसले मन छुन्छ, मुटु हल्लन्छ, शरीर जिरिङ्ग हुन्छ, आफूलाई छुँदै छुँदै भित्र पस्छ कता कता । निबन्धको बेग बाजसरी कावा खाँदा त्यसलाई नभेटिने हो कि भन्ने डर पनि हुन्छ । बेगसँग बग्दा पुर्ण बिराम नै लगाउन बिर्सिएका झैँ वाक्यले रनभुल्ल पार्ला वा लेखक अनि लेखक मात्रै बोलिरहँदा लेखककै सम्झनामा फेरो लगाउनु पर्ने हो कि भन्ने डर पनि लाग्छ कता कता । कलमबाज माधव काफ्लेको प्रथम निबन्ध सङ्ग्रह 'लिगलिग कोट' हुन सक्छ उनकै दौडको परिचय हो, हुन सक्छ सत्ताको खेलमा सधैं दौडिरहनेहरुका लागि व्यङ्ग्य बाण हो, हुन सक्छ ढोगीहरुका लागि शब्द बाण हो वा हुन सक्छ सत्यको पक्षमा हिँडिरहनेहरुका लागि सत्यको दौड हो ।

# यात्रासाहित्यको सिद्धान्त सम्बन्धी पहिलो र आधिकारिक नेपालीग्रन्थ

• सीताराम उप्रेती

नेपाली साहित्यमा निबन्ध विधालाई हालसम्म सबैभन्दा कान्छो विधा मानिन्छ । कविता, आख्यान र नाटकपछि निबन्ध आएकोले यसलाई सम्भवतः कान्छो विधा भनिएको हुन सक्तछ । यात्रासाहित्य निबन्धबाटै विकसित अनेक हाँगाहरू मध्येको एक अत्यन्त महत्त्वपूर्ण र लोकप्रिय हाँगो हो । हालसम्म यसले निकै समृद्ध भइसकेको छ । यात्रासाहित्य विभिन्न नामकरणका साथ लेखिने गरेको पाइन्छ । यसलाई कसैले नियात्रा, कसैले यात्रावृत्तान्त, कसैले यात्रावृत्त, कसैले यात्रानिबन्ध र कसैले यात्रा संस्मरण भनेर कलम चलाएका छन् । आ-आफ्ना ढङ्गले पाठकहरूलाई आफूले यात्रा गरेका नेपाल र विदेशका विभिन्न स्थानहरूमा पुऱ्याएका पनि छन् मन्त्रमुग्ध पारेर ।

सुब्बा सिद्धिमानसिंह राजभण्डारीद्वारा लेखिएको 'जङ्गबहादुरको बेलायत यात्रा'लाई नेपाली यात्रा साहित्यको प्रथम कृति मानिन्छ । बीसको दशकमा तारानाथ शर्माका युरोपेली परिवेशमा रचितयात्रा साहित्यिक निबन्धहरूको सङ्ग्रह 'बेलाइततिर बरालिँदा' (२०२६) को भूमिका लेख्ने क्रममा यस लेखनलाई 'नियात्रा'भनेर नामकरण गर्ने कामभाषा शास्त्रीबालकृष्ण पोखरेलबाट भएको हो । त्यसैको हाराहारीमा देवीचन्द्र श्रेष्ठका विशेष गरी नेपालको सुदूर पश्चिम क्षेत्रका यात्राबाट उब्जेका 'हुम्लाबोल्छ मानसरोवरमा' जस्ता नियात्रा कृतिहरू पनि प्रकाशित हुनथालेका देखिन्छन् । बीचमा अलि सुस्ताएको जस्तो देखिने नेपाली यात्रा साहित्य चालीसको दशकमा निर्मोही व्यासका नियात्राहरू प्रकाशित हुन थालेपछि धेरै साहित्यकारहरूले यस विधामा कलम चलाउन थालेको पाइन्छ । स्वदेशी परिवेशको होस् या विदेशी परिवेशको होस् अचेल नेपालीमा मजाले यात्रासाहित्य-लेखनको होडबाजी नै चलेको देखिन्छ । हामीले आफ्नै देशका पनि नदेखेका, पुग्न नसकेका र पुग्नुपर्ने कैयन् सुन्दर स्थानहरू छन् । त्यस्ता ठाउँमा पुगेर त्यहाँको भौगोलिक, आर्थिक, साँस्कृतिक, सामाजिक, धार्मिक आदि स्थानीय विशेषताहरूलाई झल्काउने यात्रा साहित्यिक कृतिहरू पाठक समक्ष पुऱ्याइनु निश्चय नै राम्रो कुरा हो ।



नेपाली साहित्यमा अरू सबै विधाहरूको सिद्धान्त तयार भइसकेको र लामो समयदेखि विश्वविद्यालयमा तिनको पठनपाठन पनि भइरहेको अवस्थामा यात्रासाहित्य भने प्रायः सिद्धान्तको अभावको अवस्थामा नै रहिरहेको थियो । यात्रासाहित्यमा नै त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गरेका प्रसिद्धयात्रा साहित्यकार निर्मोही व्यासले यस अभावलाई ध्यानमा राखी 'यात्रासाहित्यको सिद्धान्त' नामकग्रन्थ २०७० साल फागुनमा पाठकहरूका माझमा पुऱ्याएका छन् ।

चार परिच्छेदमा तयार पारिएको यस ग्रन्थको पहिलो परिच्छेदमा यात्रा अवधारणा, नवजीवनमा यात्राको महत्त्व र यात्रासाहित्यको चर्चा परिचर्चा राम्ररी गरिएको छ । दोस्रो परिच्छेदमा यात्रासाहित्यको सैद्धान्तिक अध्ययन परम्पराअन्तर्गत पाश्चात्य साहित्यमा यात्रासाहित्यको सैद्धान्तिक अध्ययन परम्परा, हिन्दी साहित्यमा यात्रासाहित्यको सैद्धान्तिक अध्ययन परम्परा र नेपाली साहित्यमा यात्रा साहित्यको सैद्धान्तिक अध्ययन परम्परामाथि प्रकाश पार्ने काम गरिएको छ । तेस्रो परिच्छेदमा यात्रासाहित्यको सिद्धान्त प्रस्तुत गरिएको छ । त्यसअन्तर्गत यात्रासाहित्यको परिभाषा, नियात्राको परिभाषा, यात्रासाहित्यको विधानिर्धारण, तत्त्व, उद्देश्य, भाषाशैली, गुण, प्रस्तुति, अवधि, आकार, वगीएकरण, यात्रासााहित्यको सृजन प्रक्रिया, आख्यानेतर गद्य अन्तर्गतका अन्य विधावान वगद्यविधा सितयात्राा साहित्यको तुलना, यात्रासाहित्यका विशेषता, यात्रा साहित्यकारका सापेक्षित गुणहरू लगायतका समाविष्ट छन् । चौथो परिच्छेदमा उपसंहार र परिशिष्टमा 'राजा गगनीराजको यात्रा'को लेखनकाल सम्बन्धी अमिल्दा सन्दर्भहरूका विषयमा इतिहास संशोधन मण्डलका एक स्तम्भ व्यक्तित्व प्रा.दिनेश राजपन्तको हस्तलिखित आलेख प्रस्तुत गरिएको छ ।

पछिल्लो समयमा नेपाली साहित्यमा यात्रासाहित्य फाँटमा ठूलो सङ्ख्यामा लेखकहरू आएका देखिन्छन् । तिनका क्षेत्र स्वदेशका कुनाकाप्चादेखि लिएर विदेशका सुविधासम्पन्न सहरबजारसम्म रहेका छन् । लेखकहरूले लेखिदिएपछि पाठकको सङ्ख्या बढ्नेमा द्विविधा रहेन । विश्वविद्यालयहरूमा समेत यात्रासाहित्यको अध्यापनको काम हुन थालेकोले यस सम्बन्धी चर्चा परिचर्चा हुनु नितान्त स्वाभाविक कुरा हो । तसर्थ यात्रासाहित्यको सैद्धान्तिक अध्ययन-अध्यापनका निम्ति विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीहरूका निम्ति प्रस्तुत पुस्तक अत्यन्त उपयोगी छ नै साथै यात्रासाहित्यका सर्जकहरूका निम्ति पनि यो उत्तिकै महत्त्वपूर्ण छ । यी सन्दर्भहरूबाट यस पुस्तकको वैशिष्ट्य र उपादेयता स्वतः स्पष्ट हुन्छ । आधिकारिक रूपको यस्तो सैद्धान्तिक ग्रन्थ लेखन-प्रकाशनको काम कतैबाट नभएको परिप्रेक्ष्यमा अभावपूर्तिका रूपमा मात्र नभई अत्यन्त गम्भीरताका साथ यात्रासाहित्यसम्बन्धी यस्तो गहन सैद्धान्तिक ग्रन्थ लेखेर निर्मोही व्यासले नेपाली यात्रासाहित्यलाई ठूलो गुन लगाएको तथ्य यसै पुस्तकमा रहेका प्रा.डा. केशवप्रसाद उपाध्याय, प्रा.डा. देवीप्रसाद गौतम र डा. नेत्र एटमका मन्तव्यहरूबाट समेत छर्लङ्ग हुन्छ । नेपाली साहित्यको विशाल भण्डारमा यस पुस्तकको आफ्नो अलग्गै स्थान सुरक्षित रहने छ ।

यतिका समयसम्म त्रि.वि.वि., प्रज्ञा प्रतिष्ठान र साझा प्रकाशन जस्ता राज्यका महत्त्वपूर्ण निकायहरूले गर्नुपर्ने तर नगरिदिएको काम एउटा व्यक्तिले गरिदिएकोमा लेखकको गुन मान्नै पर्छ । त्यस्तै यस्तो महत्त्वपूर्णग्रन्थको प्रकाशन गर्ने जस्तोस्तुत्यकार्यका लागि प्रकाशक वीणा पोखरेललाई पनि'धन्य' भन्नै पर्छ ।

# यात्रा साहित्यमा थप प्रयास

**• सुमित्रा बाँस्कोटा**

जापान भ्रमणको क्रमलाई सदैव ताजा राख्न यथार्थ रूपमा सरल, सरस र सबल शैलीमा साहित्यको यात्राफाँटलाई सुगन्धमय बनाउने काम निबन्धकार रामप्रसाद पन्तले गरेका छन् । चौबीस वटा रमाइला यात्रानिबन्धहरूको वर्णन प्रस्तुत कृतिमा गरिएको छ ।

'संक्षेपमा-जापान' मा जापानको भौगोलिक बनोट, प्रशासनिक चिनारी आदिको तथ्य वर्णन छ । 'मेरो दृष्टिमाः निप्पोनहरू' मा रहनसहन, ट्राफिक नियम, जापानीहरूका चालचलनलाई छर्लङ्ग रूपमा देखाइएको छ । साथै उनीहरू आफ्नो भाषालाई नै प्रोत्साहन दिन्छन् भन्ने कुरा निबन्धकार राम्ररी व्यक्त्याउँछन् । 'काताकाना', 'हिरागाना' र ' खान्जी'को प्रयोग कहाँ र कसरी हुन्छ ? त्यसको वर्णन यस कृतिमा छ । जापानी येन र नेपाली रूपैयाँको अन्तर र कम्प्युटर प्रणालीमा लेनदेन हुने वैज्ञानिक प्रविधिको वर्णन पनि यस कृतिमा गरिएको छ । जापानको अत्याधुनिक विकसित रूपलाई चिनाउने प्रयत्न पनि यस कृतिमा भएको छ ।

'त्यो त आँप पो रहेछ !' मा एउटा आँपको मोल ५०० येन अर्थात् करिब नेपाली रु. ३००।- पर्ने आश्चर्यलाई उल्लेख गरेका छन् लेखकले । 'कसरी चलेको छ यो बस ?' मा एक घण्टाको बसयात्रा गर्दा व्यक्तिगत रूपमा टिकट काट्नुपर्‍यो भने नेपाली रु. १८००।- पर्ने रोचक यथार्थ वर्णन गरेका छन् नियात्राकारले । 'म सिन्जूकमा हराएँ' मा अलमलिएको प्रसङ्ग ज्यादै रमाइलो छ । 'तिनीहरू मुसा हुन् कमिला ?' मा पहाडलाई अपरेशन गर्ने र खोचलाई चुल्याउने सन्दर्भमा जटिल कार्यहरूलाई पनि जापानीहरूको परिश्रम र लगनशीलताले सरल बनाइदिएको प्रस्तुति ज्यादै सह्राहनीय छ । 'इम्पेरियल प्यालेस वरपर' मा राजदरबार स्थित सहरको, तीन प्रकारका गभर्नमेन्ट अनि प्रधानमन्त्री, उपप्रधानमन्त्री र जनताका हितका लागि सदासर्वदा तन, मन अर्पित गर्ने राजाको वर्णन आदि हृदयलाई स्पर्श गर्ने कुराहरू रोचक शैलीमा प्रस्तुत गरिएको छ । 'माउन्ट फुजीको म तेम्बाछिरी बबुरो'मा माउन्ट फुजीको सौन्दर्य र वरिपरिको ताल, बगैँचा, युनिभर्सिटी, वाइन कारखाना आदिको मनमोहक वातारवरणको ताजा वर्णन छ । 'बुद्धको जन्मभूमि नेपाल हो' मा टोकियो विश्वविद्यालयका प्रोफेसरले 'बुद्धको जन्मभूमि नेपाल हो' नभनेको र चिनिया साथीले बुद्धको वरिपरिको भौगोलिक परिचय लिँदा नेपाललाई नलिएकोमा निबन्धकारले आक्रोस व्यक्त गर्दै आफ्नो देशको परिचय दिँदा बुद्धको देश, वीर गोर्खालीको देश आदि विशेषताले ओतप्रोत भएको प्रस्तुति जापानमा दिएर आएको क्षणको गौरवमय वर्णन छ । 'नाङ्गो शरीर हेरेर चित्त बुझाउनेहरू' मा एकातिर अति पर्दाभित्र रहेका सौन्दर्यका प्रतीक नारीहरूको वर्णन छ भने अर्कातिर उन्मुक्त यौनलीलामा बदलेर पाश्चात्य छाडा यौन संस्कृतिलाई खुल्ला बजारमा टेलिभिजन, पोष्टर श्रमिक मार्फत् जापानमा भित्रयाएको कुरा वर्णन गरिएको छ । पे च्यानल थिचेर दृश्य हेर्दा नेपाली रु. करिब बीस हजार तिर्न परेको घटना उल्लेखनीय छ । 'जहाँ मानिसहरू हराउँछन् र करोडपति बन्छन्'मा विभिन्न आम्दानीका स्रोतहरू, तीन प्रकारमा विभाजन भएका आवासीय घरहरू र नेपालीहरू जापानमा कुन माध्यमले कसरी टिकिरहेका छन् भन्ने कुराको फेहरिस्त दिएर यात्राका घटनाहरुलाई छर्लङ्ग पारिएको छ । अन्य विविध पक्षहरूको वर्णन सह्राहनीय छ ।

'किनभने तपाईंको जुँघा छोटो

भइसकेको छ' मा जापानीहरूको भान्छा कोठामा खाना खाने तरिका भित्तामा टाँसिएका अटोमेटिक वेडहरू र जापानमै धेरै समय बिताएपछि जुँगा छोट्याउँदै जाने परम्परा भएको आदि कुराहरूलाई रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ। 'के पैसैपैसाले एक्काइस टनको मूर्ति बन्न सक्छ ?' मा जापानीहरू जन्मँदा सिन्तो, विवाह गर्दा क्रिश्चियन र अन्तिम अवस्थामा बौद्धधर्म अबलम्बन गरी अन्त्येष्टि गर्ने गरेको आदि तीन किसिमको धर्मलाई अँगालेको परम्परा देखाइएको छ । त्यस्तै २,७४,४२८ पौण्ड अर्थात् २१ टनको पैसैपैसाबाट तयार गरिएको १२ औँ शताब्दीको बुद्ध मूर्तिको वर्णन तथ्यमा आधारित छ। धार्मिक आस्था, विश्वास र परम्परामा आधारित विभिन्न प्रणालीहरू ज्यादै रोचक छन् ।

'म रकेट चढैँ' मा पचास मिटर लम्बाइ र चार मिटर चौडाइको चार महिनापछि उड्ने तयारीमा रहेको रकेटमा चढेर अवलोकन गरेको रमाइलो प्रसङ्ग छ। त्यस्तै विश्वप्रसिद्ध जापानी कम्पनीहरू उद्योगपतिहरूको नाम वा थरबाट राखिएको तथ्य कुरालाई उद्घाटित गरिएको छ । ट्राफिक सम्बन्धी जानकारी आदि महत्वपूर्ण अनुभवहरू बटुलिएको छ । 'त्यहाँ सहर होइन पहाड प्रदूषित भएको छ' मा जापानीहरू खाजा खाँदा निस्केका कागज, प्लाष्टिक आदि गोजी, झोलामा राखी घर लगी सहर सफा राख्छन् भन्ने आश्चर्यको चलन उल्लेख गरिएको छ । त्यस्तै ढलबाट बग्ने प्रदूषित पानीलाई प्रशोधनशालामा राखी विभिन्न केमिकल र साधनद्वारा पिउनेयोग्य पानीमा परिणत गरी समुद्रमा प्रवाहित गरेको आदि वातावरणीय कुराहरू, चार प्रकारका रेलहरूको वर्णन र बुलेट ट्रेनको वर्णन रोचक छ । बुलेट ट्रेनमा विमानको जस्तै खाना, टेलिफोन आदिको उच्च सुविधा भएको तथ्य ज्यादै प्रभावपरक छ । 'मिसातोले पछिमात्र मानिन्' मा हिन्दू केटीले झैँ फोटो खिच्न पनि नमानेको र लजाएको प्रसङ्ग पहिले उल्लेख छ भने पछि छुट्टिने बेलामा फोटो खिच्न स्वीकार गरेको जस्ता रमाइला प्रसङ्गहरू उल्लेख गरिएका छन् ।

'हिरोसिमालाई मैले सम्झना मै राखेँ' मा प्रमुख पाँच सहरहरू घुमेको तर हिरोसिमा घुम्न नपाएको प्रसङ्ग उल्लेख छ । तर हिरोसिमा अहिले हराभरा भई स्वच्छता र सुन्दरताको नमुना सहर बनाइसकिएको प्रसङ्ग पनि उल्लेख छ । ओसाका विमानस्थलको वर्णन, स-साना ढुङ्गाहरू गाँसिएर एउटै ठूलो ढुङ्गाको आकृतिमा परिणत भएको अनौठो प्रकृतिको 'साजारेहिसी' ढुङ्गा जसलाई जापानीहरू नतमस्तक भई श्रद्धापूर्वक प्रणाम गर्दछन् जस्ता अनौठा तत्वहरूको वर्णन यसमा पाइन्छ । 'नेपाल खाल्डो सम्झाउने सहर' भनेर काठमाडौँ उपत्यका बिर्साउने खालको क्योटो सहरको चर्चा यसमा भएको छ । त्यस्तै सोल्टी होटलजस्तै होटलको चर्चा, अत्याधुनिक वाथरुमको चर्चा आदि विकासको चरमोत्कर्षमा पुगेको विकसित देश जापानको हुबहु रिठ्ठो नबिराई वर्णन गरिएको छ। 'तेह्र सय मन्दिरको सेरोफेरो' मा मन्दिरहरुको वर्णन छ। 'मैले कुन चीजलाई प्राथमिकता दिनुपर्थ्यो ?' मा शिक्षा स्वास्थ्य, अनुभव वा आफ्नो धर्म र संस्कृति, केलाई प्राथमिकता दिनुपर्ने हो भने रोचक प्रसङ्ग छ। 'मैले के के सुनेँ ।' मा जापानको नक्साको वर्णन, स्टार ट्रेक आदि खेलको अद्भुत रमाइला दृश्यहरूको वर्णन अति रोचक छ । 'मैले चीनको भूमिलाई पनि सम्झनुपर्थ्यो' मा चीनको प्राकृतिक वर्णन ज्यादै सुन्दर ढङ्गले गरिएको छ। 'थप रोचक टिपोटहरू'मा चश्मा फुट्दाको क्षण, साडी किन्दाको चक्कर, सामान भेटियो कि फसाद पर्‍यो, सव-वे मा आधा घण्टा बेपत्ता भएको, क्यामेरा फुटाएर फिर्ता गरेको आदि प्रसङ्गहरू ज्यादै रोचक छन् । केही जापानी अँग्रेजी शब्दहरूको लिष्ट पनि उल्लेख गरिएको छ।

जापान भ्रमण प्रसङ्गमा खिचिएका तीसवटा फोटाहरू पनि प्रस्तुत पुस्तकमा संलग्न छन्; जसले पुस्तकको शोभा बढाएका छन् । उपन्यास, खण्डकाव्य आदि थुप्रै कृतिहरू नेपाली साहित्यलाई दिइसकेका ‘दायित्व’का प्रधान सम्पादक, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष निबन्धकार रामप्रसाद पन्तको प्रस्तुत पुस्तक नेपाली पाठकलाई अत्यन्त लाभप्रद र प्रेरणादायी हुने छ भन्ने कुरामा म विश्वस्त छु ।

# हाम्रो स्कुलको परिक्रमा

**• प्रतीक्षा रिजाल**




नेपाली बालसाहित्यमा लामो समयदेखि क्रियाशील स्रष्टा हुन् तेजप्रकाश श्रेष्ठ । नेपाल बालसाहित्य समाजका पूर्व महासचिव श्रेष्ठद्वारा लिखित हाम्रो स्कुल औपन्यासिक कृतिलाई म पर्गेल्ने प्रयत्न गरिरहेको छु । यस उपन्यासलाई बालसंसार प्रा.लि.ले प्रकाशन गरेको हो । यस पुस्तकमा शिक्षा नीतिप्रतिको लापरबाहीले गर्दा भोलिका कर्णधारको भविष्य बिग्रन्छ भन्ने कुरा देखाउन खोजिएको छ । चाहेमा कलिला हातले पनि परिवर्तन ल्याउन सक्ने कुरालाई यस पुस्तकमा चित्रित गरिएको छ ।

यस पुस्तकका मुख्य पात्रहरु कक्षा सातमा पढ्ने विद्यार्थीहरु रमेश, कमली र आइते हुन् भने राधिका, दिनेश सर, प्रधानाध्यापक लामा, तिलिमा गुरुमा पनि मुख्य भूमिकामा नै देखिएका छन् । यस कृतिमा १९ वटा शीर्षकहरु छन् । पहिलो शीर्षक ‘रमेश ए रमेश’मा रमेशको जिद्दीपना र वर्तमान परिवेशमा आधुनिक चिजबिजले गर्दा घरायसी चिजलाई बेवास्ता गरेको कुरा प्रष्ट्याइएको छ । ‘जो चोर उसैको ठुलो स्वर’मा गृहकार्य नगर्ने विद्यार्थीले बोल्न नहुने भन्दै नबुझेको कुरा पनि सोध्न नहुने कुरा गरेका छन् दिनेश सरले । ‘लौ यो त’ मा बुबाआमाको सपनालाई कुल्चेर आफ्नो भविष्य अन्धकार पार्न लागेको छ रमेशले भने ‘दिन भर बरालिए’मा पढाएको पाठ नबुझेकाले गृहकार्य नगरेको र सजायबाट टाढिन बरालिएको कुरा उठाइएको पाइन्छ । त्यस्तै आमाबुबाको लगानी बालुवामा पानी खन्याएजस्तो भएको सच्चाइ पनि उद्रित गरिएको छ । बाबाको मायाको साटो उपहार नै चाहिन्न भन्ने कुरा गरेको छ रमेशले ‘चाहिन्न उपहार’ शीर्षकमा । ‘कुकुरको पुच्छर’मा शिक्षिक शिक्षिकाले पढाउने शैलीको बारेमा वर्णन गरिएको छ । ‘त्यस्तो भनेर कहाँ’मा छोराछोरीको पढाइको बारेमा जागरुक भएका अभिभावकहरुले एकपटक विद्यालयमै कुरा गर्ने निर्णय लिन्छन् भने ‘नमस्ते बाबुनानी’ मा अरुभन्दा फरक किसिमकी तिलिमा गुरुमाको आगमनसँगै उनीहरुले सरसफाइको बारेमा थाहा पाउँछन् । बिरामी आमाको मर्म बुझेर अबदेखि राम्रोसँग पढ्ने प्रण गरेको चित्र छ ‘नरो बाबु नरो’मा । ‘के बिग्रेला र !’ शीर्षकमा रमेश, आइते र कमलीले सरमिसको विरुद्ध हेडसरसँग गएर उजुरी गरेका छन् भने ‘के भनुँ, के भनुँ’मा अभिभावकहरुले प्रअ लामालाई भेटेर आफ्ना छोराछोरी नपढेको कुरा गर्दै उक्त समस्याको हल गर्न अनुरोध गरेको प्रसङ्ग कोट्याइएको छ । शिक्षक शिक्षकाहरु पानी माथिको ओभानो बन्न खोजेको कुरा देखाएको छ ‘हामी कसरी

कमजोर'मा भने विद्यार्थीहरुको हितमा हुन लागेको शैक्षिक भ्रमणको आवश्यकता छैन भन्ने दिनेश सरलाई चुप लाग्न प्रअ लामाले अह्राएका छन् 'चुप लाग्नुस् सर' शीर्षकमा । विद्यार्थीहरुको मनमा बस्न सफल तिलिमा गुरुमाले कथाको माध्यमबाट बाल क्लबको बारेमा बताएकी छिन् 'अब तिमीहरु नै भन'मा भने 'अब हाम्रो काम के रह्यो र !' मा बाल क्लबका साथीहरु मिलेर स्कुलको वातावरण सफा बनाएको कुरा व्याख्या गरिएको छ । 'कसरी बिग्रेलान् र !' मा रमेशकी आमाले तिलिमा गुरुमालाई आफ्नो छोरो झण्डै बिग्रन लागेको भन्ने कुरा बताउँछिन् भने ' मज्जा ! खेलीखेली पढ्नु'मा आशा गुरुमाले पनि तालिम लिएर आएपछि विद्यार्थीहरुलाई पढाउने शैलीमा परिवर्तन आएको परिवेश पाइन्छ । 'टटट ताली बज्यो'मा कक्षाकोठामा विभिन्न चित्र बनाएर टाँसेकाले रमेश र कमलीले स्याबासी पाउँछन् भने 'मेरो हैन हाम्रो' शीर्षकमा चाहिँ विद्यालयको परिवर्तन भएको अनुहार र त्यसप्रति विद्यार्थीहरुको चासोलाई देखाएको पाइन्छ ।

नेपाली बालसाहित्यमा यस किसिमका पुस्तकहरुको अत्यन्तै कमी छ । यो कमी पूर्ति गर्न लेखक तेजप्रकाश श्रेष्ठले ठूलो गुण लगाउनु भएको छ । अन्य लेखकहरुबाट पनि यस किसिमका पुस्तकहरु लेखिनु नितान्त आवश्यक छ । समग्रमा भन्दा यो पुस्तक पठनीय छ र चित्रहरु पनि मनग्गे छन् । बालबालिकाको लागि ज्ञान, सीप, धारणा प्रदान गर्ने यस पुस्तक वर्तमान परिवेशसँग मेल पनि खान सक्दछ । ●

# तरुल खेती

**● चन्द्रप्रकाश सुवेदी**



बुधेले रोपे ल्याइ तरुल जिली खाडल खनी
नबिर्सी राखे गोरवसित मिलाई जल पनि

थियो मैन्हा वैशाख तुरुरु चुहेका श्रमकण
हुनेछौं केही आर्जन सफल गर्थे पनि प्रण

जुटी केटाकेटी घर पर रहेका सब थरि
भयो कामै सम्पन्न झटपट त्यो मद्दत गरी

टुसायो जेष्ठमै लहलह हुँदै माथि नि तिर
कहाँ बस्थ्यो त्यो वृद्धपन जन जस्तो भइ स्थिर ?

नपुग्दै आषाढै नवयुवक जस्तो भइ दियो
अढेसै लाउने वर र पर यौटा तरु थियो

मुना हालेको पात सहश्ररुखै जेलिइ दियो
दया लाग्दो क्यै एक कटहरको त्यो तरु थियो

भतौरा हाल्यो कार्तिकतिर लटक्कै रुखभरि
बढेको खाई घाम किरण हुरी बादल झरी

सधैं चेप्ने हेप्ने वरि र परि ढुङ्गा अनि जरा
कठै ! भन्ने को नै छ र निरीह देखि अझ बरा

भनी मान्ने सङ्क्रान्ति सुरुसुरु खन्ती लिई खने
भए धेरै लाने सहरतिर बेच्ने पनि भने

भयो सानो भन्दै अशुभ अति गाली पनि गरे
समस्या बेचेरै भुटन मसला क्यै तब टरे

टुमौटे वानीका जुलुमदिल को देख्छ र गुन
अझै हीरा खोज्छन् हरबखत दिन्छौ पनि सुन

अहंकारीको चित्त सहज कहाँ बुझ्छ र गई
झिनो त्यो सूत्रै दीक्षक तमस दिंदा दुध मही ।